# नगर शिक्षा योजना

## २०८१/८२ देखि २०८५/८६ सम्म




## बेनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेनी, म्याग्दी

# नगर शिक्षा योजना

२०८१/८२ देखि २०८५/८६ सम्म

बेनी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

म्याग्दी

## सल्लाहकार

नगरप्रमुख : श्री सुरत के. सी.

उपप्रमुख : श्री ज्योति लामिछाने

प्रमुख प्रशासकीय अधिकृत : श्री अर्जुन शर्मा

## नगर शिक्षा योजना निर्माण समितिका सदस्यहरू

संयोजक :- श्री चक्र बहादुर के. सी.

सदस्य :- श्री डेक बहादुर बानियाँ

सदस्य :- श्री सोमनाथ ढुङ्गाना

सदस्य :- श्री जयराम सुवेदी

सदस्य- सचिव :- श्री हेमचन्द्र पौडेल

## नगर शिक्षा योजना मस्यौदा लेखन कार्यदल

संयोजक : श्री डेक बहादुर बानियाँ

सदस्य : श्री सोमनाथ ढुङ्गाना

सदस्य : श्री जयराम सुवेदी

सदस्य : श्री बिना बानियाँ

सदस्य : श्री राजु के. सी.

सदस्य : श्री अर्जुन सुवेदी

सदस्य : श्री मदन सुवेदी

सदस्य- सचिव : श्री कमल प्रसाद ढकाल

## *शुभकामना*

नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक प्रणाली लागु भएसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार कार्यान्वयनमा आएका छन । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारहरूको कार्यान्वयनको अभ्यासमा स्थानीय तहहरू क्रियाशील रहेका छन । संघीय शिक्षा ऐनसँग नबाझिने गरी बेनी नगरपालिकाले बेनी नगरपालिकाको शिक्षा ऐन २०७४ कार्यान्वयनमा ल्याएको छ । शिक्षा ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि ऐनले दिएको अधिकार प्रयोग गरी विभिन्न निर्देशिका तथा कार्यविधिहरू बनाइ शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी बनाइएको अवस्था छ । संविधानले प्रदत्त गरेका शिक्षासम्बन्धी हक अधिकारहरूलाई सुनिश्चित गर्न बेनी नगरपालिकाले आवश्यक नीतिगत सुधारका पक्षहरू अवलम्वन गर्दै आइरहेको छ । यसै सन्दर्भमा बेनी नगरपालिकालाई आगामी पाँच वर्षभित्रमा शिक्षालाई कुन अवस्थामा पुऱ्याउने भन्ने सोचकासाँथ यो नगर शिक्षा योजना २०८१/०८२ – २०८५/०८६ निर्माण भएको छ । बेनी नगरपालिकाको वर्तमान शैक्षिक अवस्थालाई आधार मानी आगामी पाँच वर्षको समग्र शैक्षिक अवस्था समावेश गरिएको छ । यस पाँच वर्षे नगर शिक्षा योजनाले बेनी नगरपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूको शैक्षिक अवस्थाको वस्तुस्थिति प्रस्तुत गर्नुका साथै भावी शैक्षिक रणनीतिक योजनाको मार्ग दर्शन गर्दछ ।

यस योजनामा बेनी नगरपालिकाको शैक्षिक सूचना, घरधुरी तथा जनसङ्ख्या, पालिकाको साक्षरताको अवस्था, कार्यान्वयनमा आएका शैक्षिक कार्यक्रमहरू, माध्यमिक तथा आधारभूत तहको शैक्षिक सूचाङ्कको विवरण, पालिकाको दुरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीति तथा सिकाइ उपलब्धी विवरण २०८० आदि शैक्षिक विवरणहरू समेटिएका छन । यीनै शैक्षिक विवरणका आधारमा सूचकगत लक्ष्य निर्धारण गरी क्रियाकलापहरू तय गरिएको छ ।

योजनालाई निर्माणको चरणमा महत्वपूर्ण सुझाव, सल्लाह, पृष्ठपोषण प्रदान गर्नुहुने उपप्रमुख श्री ज्योति लामिछाने, प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन शर्मा, शिक्षा उप सचिव हेमचन्द्र पौडेल, सामाजिक विकास समितिका संयोजक तथा नगर शिक्षा निर्माण समितिका संयोजक श्री चक्र के. सी. प्रति हार्दिक आधार व्यक्त गर्दछु । योजना निर्माण कार्यको सुझाव सङ्कलनदेखि अन्तिमीकरणसम्म अहोरात्र खटिनु भएका योजना लेखन कार्यदलका संयोजक श्री डेक बहादुर बानियाँ लगायत योजना निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सुझाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नगर प्रमुख
सुरत के. सी.
बेनी नगरपालिका बेनी,म्याग्दी

## *शुभकामना*

शिक्षा मानवको नैसर्गिक अधिकार हो । नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क पाउने मौलिक हकको रुपमा लिएको छ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ ज मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ । बेनी नगरपालिकालाई उत्कृष्ठ शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने कार्यलाई मूर्तरुप दिन नगरसभाबाट पारित शिक्षाका नीतिको आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा पाँच वर्षे नगर शिक्षा योजना (२०८१/०८२ – २०८५/०८६) तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा, शिक्षाका अन्तर सम्बन्धित मुद्दाहरू, विपद व्यवस्थापन सँगसँगै शिक्षामा समग्र सुशासन र व्यवस्थापनका पक्षहरूलाई समेटेर तयार पारिएको यो नगर शिक्षा योजनालाई बनी नगरपालिकाले मार्गर्देशनको रुपमा लिएको छ ।

यस बेनी नगरपालिकाले पनि नेपालको संविधान तथा कानुनले प्रदान गरेका अधिकारहरूको प्रयोग गर्दै पाँच वर्षे शिक्षा योजना निर्माण गरेको छ । यो योजना पहिलो नगर शिक्षा योजना भएको हुँदा विगतका शैक्षिक पक्षहरूको समिक्षा न्यून भएता पनि विद्यलय सुधार योजना, अन्य शिक्षा सँग सम्बन्धित शैक्षिक योजना तथा शैक्षिक सूचना तथा तथ्याङ्कहरूलाई मार्गदर्शनको रुपमा लिइएको छ । यो पाँच वर्षे नगर शिक्षा योजना निर्माणको चरणमा सहयोग पुऱ्याउने तथा सुझाव दिनुहुने कार्यपालिका सदस्यज्यूहरू, नगर शिक्षा समितिका पदाधिकारीज्यूहरू, निर्माण कार्यमा खटिनुहुने योजना निर्माण समितिका पदाधिकारी, लेखन कार्यदलका सदस्यज्यू, शिक्षा, युवा तथा खेलकूद शाखा लगायत प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग तथा सुझाव दिनुहुने सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यो योजनाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

ज्योति लामिछाने
उपप्रमुख
बेनी नगरपालिका बेनी, म्याग्दी

# दुई शब्द

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनायुक्त संघीय शासन प्रणाली अवलम्बन गरेको छ । स्थानीय तहहरू भनेका जनताको निटकमा रहेर सेवा प्रवाह गर्ने जननिर्वाचित सरकार हुन् । स्थानीय तहका अधिकारहरू संविधानको अनुसूचीमा लिपिबद्ध छन् । संविधानको अनुसूचीमा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल जिम्मेवारी अन्तर्गत समावेश गरिएको छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क रुपमा प्राप्त गर्ने विषयलाई नागरिकको मौलिक हकको रुपमा उल्लेख गरिएको छ । यस व्यवस्थाले स्थानीय तहहरू झनै बढी संवेदनशील भई शिक्षा क्षेत्रको विकास गर्नुपर्ने तथ्य उजागर गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका जिम्मेवारीलाई थप प्रष्ट पारेको छ। यस ऐनले स्थानीय तहले आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा रणनीतिगत तथा विषयक्षेत्रगत मध्यमकालीन एवं दीर्घकालीन प्रकृतिका योजना बनाई कार्यान्वयन गर्न जोड दिएको छ । नेपालको संविधान र अन्य कानूनी व्यवस्थाले प्रदान गरेका जिम्मेवारी निर्वाह गर्दै शिक्षा क्षेत्रमा योजनाबद्ध ढङ्गले अगाडि बढ्न बेनी नगरपालिकाले नगर शिक्षा योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

यस योजनाले शिक्षाका विभिन्न क्षेत्रमा नगरपालिकाको हालको अवस्था, समस्या र चुनौतीहरू पहिचान गरी समस्या समाधानका लागि रणनीति र प्रमुख क्रियाकलापहरू तय गरेको छ । योजनाले बेनी नगरपालिकाको आगामी पाँच वर्षको लागि शिक्षाको गन्तव्य निर्धारण गरी मार्गदर्शन समेत गरेको छ । योजना कार्यान्वयन गरी तोकिएको समयावधि भित्र नतिजा सुनिश्चित गर्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आम नगरबासी तथा संघ र प्रदेश सरकार समेतको महत्वपूर्ण भूमिका रहन्छ । निजी क्षेत्र, गैरसरकारी क्षेत्र र दातृ निकाय समेतको सहयोगबाट मात्र योजनाले लिएका लक्ष्यहरू पूर्ण रुपमा हासिल गर्न सकिन्छ । शिक्षा क्षेत्रको विकासका लागि नगरपालिकाले तर्जुमा गरेको यस नगर शिक्षा योजनाको कार्यान्वयनमा सरोकारवाला सबैको साथ, सहयोग र सहकार्यको अपेक्षा गरेको छु ।

अन्त्यमा, बेनी नगरपालिकाको यस नगर शिक्षा योजना तयार गर्ने कार्यमा सहयोग गर्नुहुने नगर प्रमुख, उप-प्रमुख, सामाजिक विकास समितिका संयोजक लगायत कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरू, शिक्षा समितिका पदाधिकारीहरू, कर्मचारी साथिहरू, स्थानीय विषय विज्ञ सरहरू लगायत सम्पूर्ण नगरबासीहरूप्रति हार्दिक आभार प्रकट गर्दै योजना कार्यान्वयनमा समेत यस्तै प्रकारको साथ, सहयोग र सुझावको अपेक्षा गर्दछु । धन्यवाद ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत
बेनी नगरपालिका, म्याग्दी

## हाम्रो भनाई

मिति २०७१ साल वैशाख २५ गते बेनी नगरपालिकाको स्थापना पश्चात नेपालको संविधानमा प्रचलित ऐन, कानुन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डले निदृष्ट गरेअनुसार शिक्षा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरू गर्दै आएको छ । संविधान तथा स्थानीय सरकार सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख भएका शिक्षाका विषयवस्तु तथा मुद्दाहरूलाई थप नियम कानुनको अभावमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएको छैन । यद्यपी संघ, प्रदेश तथा स्थानीय तहमा भएका मौजुदा ऐन, कानुन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डका आधारमा नियमित कार्यहरू भैरहेका छन । राज्यको शासकीय स्वरुप परिवर्तन भई राज्य संघीयतामा प्रवेश गरेको सन्दर्भमा जनताले स्थानीय सरकारबाट शिक्षा क्षेत्रमा ठूलो अपेक्षाका साथ तत्काल महशुस हुने खालको परिवर्तन खोजेका छन । आवधिक योजना बनाइ प्राथमिकताका आधारमा शिक्षाका कार्यक्रमहरू सञ्चालन गरियो भने जनअपेक्षा एवम जनप्रतिनिधिहरूले जनतासँग गरेका बाचा एवम् प्रतिवद्धता पुरा गर्न तथा संघ, प्रदेश र स्थानीय तहले शिक्षा मार्फत खोजेको समृद्धि प्राप्त गर्न सकिन्छ । यही मूल्यमान्यताका आधारमा प्रथम पाँच वर्षे नगर शिक्षा योजना निर्माण भएको छ । आर्थिक सामाजिक तथा भौगोलिक परिवेश फरक - फरक भएका बेनी नगरवासीहरूले कस्तो प्रकारको शिक्षाको आवश्यकता महसुश गरेका छन भन्ने कुरामा एकरुपता नहुन सक्छ । तथापि गुणस्तरीय, प्राविधिक, श्रमसँग जोड्ने खोजमूलक शिक्षा आजको आवश्यकता हो । यही मर्म भावनालाई आत्मसाथ गर्दै बेनी नगरपालिकाले शिक्षा, युवा तथा खेलकुद शाखालाई दिइएको जिम्मेवारी वहन गर्दै प्रथम पाँच वर्षे नगर शिक्षा योजना आफ्नै स्थानीय तह भित्रका अनुभवी दक्ष जनशक्तिबाट निर्माण गरेको छ ।

योजना निर्माणको क्रममा वर्तमान शैक्षिक अवस्थाको अध्ययन तथा विष्लेषण गरी शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवालहरूको सुझाव, राय, सल्लाह र बेनी नगरपालिकाको शैक्षिक अवस्था तथा शैक्षिक सूचकका आधारमा यो शिक्षा योजना निर्माण गरिएको हो । योजनालाई निर्माणको चरणमा महत्वपूर्ण सुझाव, सल्लाह, पृष्णपोषण प्रदान गर्नुहुने नगर प्रमुख श्री सुरत के. सी., उपप्रमुख श्री ज्योति लामिछाने, प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन शर्मा, सामाजिक विकास समितिका संयोजक तथा नगर शिक्षा निर्माण समितिका संयोजक श्री चक्र के. सी. प्रति हार्दिक आधार व्यक्त गर्दछु । योजना निर्माण कार्यको सुझाव सङ्कलन देखि अन्तिमीकरणसम्म अहोरात्र खटिनुभएका योजना लेखन कार्यदलका संयोजक श्री डेक बहादुर बानिया, सदस्यहरू श्री सोमनाथ ढुंगाना, जयराम सुवेदी, बिना बानियाँ, मदन सुवेदी, राजु के. सी.,अर्जुन सुवेदी, शिक्षा अधिकृत कमल प्रसाद ढकाल, रोजगार संयोजक कुलचन्द्र रेग्मी, प्रा. स. गिता नेपाल लगायत योजना निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सुझाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरू धन्यवादका प्रात्र हुनुहुन्छ ।

यो पाँच वर्षे नगर शिक्षा योजनालाई शिक्षाको मूल दस्तावेज मानी यसै योजनाले लक्षित गरेका कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनु पर्दछ भन्ने मान्यताका साथ यसमा थप सुधार तथा अध्यावधिको लागि रचनात्मक तथा व्यहवारिक सुझाव सल्लाह र पृष्ठपोषणको निरन्तर अपेक्षा गर्दछु ।

हेमचन्द्र पौडेल
नगर शिक्षा अधिकारी
बेनी नगरपालिका, बेनी, म्याग्दी

## *शुभकामना*

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार : स्वच्छ, समृद्ध बेनी नगरको मूल आधार" भन्ने बेनी नगरपालिकाको मूल नारालाई  सार्थक तुल्याउन तत्काल अनुभुति हुने र नतिजा देखिने गरी शिक्षा क्षेत्रमा आमूल परिवर्तन ल्याउनु फलामको चिउरा चपाउनुसरह नै छ । तैपनि नेपालको संविधान २०७२ तथा नगर शिक्षा ऐन २०७४ ले निर्दिष्ट गरेवमोजिम एवं विभिन्न निर्देशिका, कार्यविधिले मार्गनिर्देशित गरेअनुरुप समग्र नगरको शिक्षा क्षेत्रको परिवर्तनका निमित्त योजना तथा कार्यक्रमहरूलाई लक्ष्य उन्मुख प्रभावकारी तवरले कार्यान्वयन गर्नु अर्थात व्यवहारमा लागु गर्नु हामी सबैको दायित्व हुन आउँछ । तसर्थ बेनी नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको गहन अध्ययन, अवलोकन, मुल्याङ्कन गरी गुणस्तरीय एवं व्यवहारिक शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ध्येय स्वरुप नगरपालिकाले पृथक तथा रचनात्मक एवं सिर्जनात्मक गतिविधिमा जोड दिदै आएको छ । यसै शिलशीलामा नगरपालिकाको शिक्षाको वर्तमान अवस्था र भावी मार्गचित्र देखिने गरी नगर शिक्षा योजना २०८१/०८२-०८५/०८६ को निर्माण गरिएको छ । अथक मेहनतले निर्माण गरिएको नगर शिक्षा योजना र यसको प्रभावकारी कार्यान्वयनले पक्कै पनि नगर र नगरबासीले अपेक्षा गरेअनुरुपको शैक्षिक क्षेत्रमा परिवर्तन हुनेछ भन्ने विश्वाश लिएको छु ।

बेनी नगरपालिकाको पञ्चवर्षीय शैक्षिक मार्गचित्र कोर्ने नगर शिक्षा योजना निर्माण समितिको संयोजक जस्तो महत्तवपूर्ण जिम्मेवारी प्रदान गर्नुहुने नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य ज्यूहरू एवं समग्र नगरपालिकाप्रति कृतज्ञता व्यक्त गर्दछु । नगर शिक्षा योजनालाई विभिन्न तथ्याङ्क तथा स्रोत सङ्कलन गरी लिपीवद्ध तथा मुर्त रुप प्रदान गर्नुहुने लेखन दलका संयोजक एवं सदस्य ज्यूहरु, सल्लाह सुझाव प्रदान गर्नुहुने कार्यपालिका सदस्य ज्यूहरू, नगर शिक्षा समिति  योजनालाई पूर्ण रुप दिन अहोरात्र खटिनुहुने शिक्षा युवा तथा खेलकुद शाखा लगाएत प्रत्यक्ष अप्रत्यक्ष रुपमा साथ, सहयोग, सदभाव राख्नुहुने सरोकारवाला सबै प्रति हार्दिक धन्यवाद आभार व्यक्त गर्दै नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुवेक्षा व्यक्त गर्दछु ।

चक्र बहादुर के.सी.
संयोजक
सामाजिक विकास समिति एवं
नगर शिक्षा योजना निर्माण समिति
बेनी नगरपालिका, म्याग्दी

# कार्यकारी सारांश

कार्यकारी सारांशमा नगरपालिकाको शिक्षा योजना निर्माणको आवश्यकता, बेनी नगरपालिकाको वर्तमान शैक्षिक अवस्था, योजनाले परिलक्षित गरेका दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिहरू, मुख्य मुख्य कार्यक्रम तथा अपेक्षित उपलब्धीहरूलाई यस खण्डमा समावेश गरिएको छ ।

## शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधानले तीन तहबिच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा कार्य गर्न मार्गदर्शन गरेको सन्दर्भमा स्थानीय शिक्षा सम्बन्धी एकल तथा साझा अधिकार लगायतका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी शिक्षालाई जीवनोपयोगी प्रतिस्पर्धी एवं संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँचका लागि नीति तथा योजनाको आवश्यकता पर्दछ। शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रूपमा कार्यक्षेत्र समेत निर्धारण गरिएको अवस्थामा स्थानीय तहको आगामी शैक्षिक कार्यक्रमहरूलाई योजनावद्ध रूपमा सञ्चालन गर्नका लागि स्थानीय तहको शिक्षा क्षेत्र योजनाको आवश्यकता रहेको छ।

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकासका लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय सरकार प्रदेश सरकार र स्थानीय सरकारले कार्यान्वयन गर्नुपर्ने हुन्छ। यसकारण स्थानीय तहमा शिक्षा योजनाको निर्माणको आवश्यकता रहन्छ।

विद्यालय शिक्षामा रहेका आर्थिक, सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेशस्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी बेनी नगरपालिकाबाट यो शिक्षा योजना निर्माण गरिएको हो।

## बेनी नगरपालिकाको वर्तमान शैक्षिक अवस्था

यस नगरपालिकामा ५५ सामुदायिक र ११ संस्थागत विद्यालय गरी जम्मा ६६ विद्यालयहरू औपचारिकरूपमा सञ्चालनमा छन्। बेनी नगरपालिकाका ५१ सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्रहरू सञ्चालनमा छन्। उच्च शिक्षा प्रदान गर्ने एउटै मात्र संस्था म्याग्दी बहुमुखी क्याम्पस रहेको छ। यस क्याम्पसले म्याग्दीको समग्र क्षेत्रमा सेवा पुऱ्याएको अवस्था छ। अनौपचारिक तथा निरन्तर शिक्षातर्फ कार्य गर्नका लागि ७ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन्।

शैक्षिकसत्र २०८० अनुसार बालविकासमा भर्ना भएका बालबालिकाको सङ्ख्या १४०२ रहेको छ। बालविकास देखि १२ सम्म अध्ययन गर्ने कुल बालबालिकाहरूको सङ्ख्या १०९६५ रहेको छ। बालविकास देखि १२ कक्षासम्म अध्ययन गर्ने बालबालिकाहरूमध्ये सामुदायिक विद्यालयमा ६६१५ (६०.३३%) र संस्थागत विद्यालयमा ४३५०( ३९.६७%) बालबालिकाहरू अध्ययनरत छन्।

जातजाति अनुसार विद्यार्थी भर्नाको अवस्था हेर्ने हो भने दलित विद्यार्थीहरूको २९.६२ प्रतिशत, जनजाति विद्यार्थीहरूको २९.४१ प्रतिशत र दलित र जनजाति बाहेक अन्य जातजातिहरूको ४०.५१ प्रतिशत रहेको छ। बेनी नगरपालिकामा रहेका विद्यालयहरूमा विद्यार्थीहरूको तहगत र कुल भर्नादर सम्बन्धी विवरणलाई हेर्दा प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर ७०. प्रतिशत, कक्षा १ को खुद प्रवेश दर ९६.१ , आधारभूत तहको कक्षा १

देखि ५ सम्मको खुद भर्ना दर ९५.९ र आधारभूत तहको कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर ९५.९ रहेको छ। यसै गरी माध्यामिक तह कक्षा ९ देखि १० सम्मको खुद भर्ना दर ७८.२ छ भने माध्यामिक तहको कक्षा ११ र १२ मा खुद भर्ना दर ५५.६ प्रतिशत रहेको छ। यसैगरी कक्षा ९ देखि १२ सम्मको खुद भर्ना दर ६८.८ रहेको छ। यसरी तथ्याङ्कमा माध्यमिक तहमा विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर रहेको देखिएतापनि विद्यालयमा ढिलो उमेरमा भर्ना हुने कक्षा दोहऱ्याउने आदि कारणले विद्यालय बाहिर रहेको देखिन आएको हो।

यस नगरपालिकामा २०७६ सालमा गरिएको घरधुरी सर्वेक्षणको आधारमा ९६.८२ प्रतिशत साक्षर रहेका छन् भने २०७४ साल मङ्सिर १८ मा बेनी नगरपालिकालाई साक्षर नगरपालिकाको रूपमा घोषणा समेत गरीसकिएको छ। कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपात हेर्नेहो भने ८.४: १ अर्थात करिब ८ विद्यार्थीको लागि एक शिक्षक पर्न आउँछ त्यसैगरी सामुदायिक विद्यालयको कक्षा ६-८ मा विद्यार्थी शिक्षक अनुपात हेर्दा २५: १ देखिन आउँछ अर्थात १ शिक्षक बराबर करिब २५ विद्यार्थी पर्न आउँछ। कक्षा ९- १० मा विद्यार्थी शिक्षकको अनुपात २१:१ रहेको छ भने कक्षा ११-१२ को विद्यार्थी शिक्षक अनुपात ६९: १ रहेको छ|

शिक्षामा लगानी हेर्दा बेनी नगरपालिकाको कुल बजेटको अधिकांश रकम शिक्षक तलब भत्तामा खर्च हुन्छ। यसका साथै नगरपालिकाको कुल बजेटको ४४.८ % बजेट शिक्षातर्फ विनियोजन भएको देखिन्छ। कुल बजेटबाट शिक्षा क्षेत्रमा विनियोजन गरिएको बजेटमध्ये आधारभूत तहका विद्यार्थीको लागि प्रति विद्यार्थी सरकारी खर्च करिब रु ५२ हजार ३०० र माध्यमिक तहका विद्यार्थीको करिब रु. २९ हजार खर्च हुने देखिन्छ। त्यसैगरी कुल बजेटमा ससर्तबाहेक शिक्षा क्षेत्रमा विनियोजन भएको बजेट ३ प्रतिशत रहेको छ । समग्रमा शिक्षा तर्फको बजेट विनियोजनलाई हेर्दा नकारात्मक भन्न मिल्दैन तापनि अधिकांश बजेट तलब भत्तामा खर्च हुने भएकोले शैक्षिक कार्यक्रममा बजेट खर्च अनुपात कम रहेको छ।

## योजनाले तयर गरेका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू

सोह्रौ पञ्चवर्षीय योजना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट तयार भएको विद्यालय शिक्षा क्षेत्र योजना २०२२/२३- ३१/३२ तथा बेनी नगरपालिकाको आवधिक विकास योजना तथा वर्तमान सन्दर्भ र आवश्यकता समेतलाई मध्येनजर गरी बेनी नगरपालिकाको यो पञ्चवर्षीय नगर शिक्षा योजनाले निम्न अनुसारको दीर्घकालिन सोच, लक्ष्य उद्देश्य र रणनीतिहरू तय गरेको छ।

**क) दीर्घकालीन सोच (Vision) : गुणस्तरीय र व्यवहारिक शिक्षा, समृद्ध बेनी नगरपालिका हामी सबैको अपेक्षा।**

**ख) लक्ष्य (Goal): गुणस्तरीय, व्यवहारिक तथा सान्दर्भिक शिक्षा प्रदान गरी सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी नागरीक तयार गर्ने ,**

**ग) प्रमुख उद्देश्यहरू** (Objectives)

१. बेनी नगरपालिकाभित्रका सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु,
३. माध्यमिक शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ,
४. प्राविधिक तथा व्यवसायिक शिक्षामा सबै वर्गका बालबालिकाहरूको पहुँच र सहभागिता सुनिश्चित गरी प्राविधिक शिक्षाको अवसर सहज रुपमा उपलब्ध गराउनु,

५. सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु,
६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी प्रत्येक बालबालिकामा सिकाइ उपलब्धीको सुनिश्चित गर्नु,
७. सबै विद्यालयहरूमा शैक्षिक सुशासनको प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,
८. दक्ष जनशक्ति उत्पादनका लागि उच्च शिक्षामा प्रोत्साहन गर्नु ।

## रणनीतिहरू

१. बालविकास केन्द्र नरहेका विद्यलयहरूमा अनिवार्य रुपमा बालविकासकेन्द्रको स्थापना गरी शिक्षक व्यवस्थापन गर्ने । (१)
२. बालविकास केन्द्रमा सिकाई सामग्री र सूचना तथा सञ्चार प्रविधिसहितको कक्षा कोठा व्यवस्थापनसहित भौतक सुविधा विस्तार गर्ने । (1)
३. शिक्षा ऐन, नियमावली अनुकूल स्थानीय तहमा समेत शिक्षा ऐन, नियम निर्माण गरी वैज्ञानिक र व्यवहारिक मापदण्डका आधारमा भौगोलिक नक्साङ्कनसमेत गरी स्थानीय आवश्यकताअनुसार विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चिता गर्ने । (१,२,३)
४. नगरपालिकाभरिका विद्यालयहरूमा निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच र समावेशिता सुनिश्चित गरी सङ्घ र प्रदेशको समन्वयमा विद्यालयहरूको सबै सरोकारवालाहरूको क्षमता विकास गर्ने । (1,२,३)
५. नगरपालिकाको आफ्नै स्रोतका साथै सङ्घीय सरकार र प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणमा विद्यालयहरूको भौतिक,आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन गर्ने । (1,२,३)
६. नगरपालिकाभित्रका सबै विद्यालयहरूमा स्थानीय सरकारको अगुवाइ, सङ्घीय र प्रदेश सरकारको सहयोग र सहजीकरणमा विद्यालयलहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको प्रवर्द्धन गर्ने । (३)
७. नगरपालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा गरीब, दलित, पिछडिएको वर्ग लगायत सम्पूर्णको सहभागिता सुनिश्चित गर्न आर्थिक तथा भौतिक रुपमा विद्यालयको क्षमता विस्तार गर्ने । (४)
८. सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गर्ने । (५)
९. नगरपालिकाभित्र शिक्षामा सहज पहुँच स्थापना गर्न अभिभावकहरू आय आर्जन तथा अनौपचारिक शिक्षाको परिभाषा सहित दिगो सामुदायिक विकासको प्रवर्द्धन गर्ने । (५)
१०. नगरपालिकाभित्र आधारभूत तथा माध्यमिक (प्राविधिक शिक्षासमेत) विद्यालयमा सूचना प्रविधियुक्त शिक्षण सिकाइ वातावरण तयार गर्न शिक्षक शिक्षा तथा तालिम र मूल्याङ्कन प्रणालीमा सुधार गर्ने । (६)
११. बालबालिका पोषणको अवस्था तथा स्वास्थ्यमा पुग्ने गरी दिवा खाजाको प्रवन्ध सङ्घीय सरकारको सहयोगमा गर्ने, यसबाट गरीब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका, अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गर्ने । (६)

१२. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयमा नेतृत्व प्रणालीमा सुधार, प्रविधियुक्त शिक्षण व्यवस्था, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा सुपारिवेक्षण संयन्त्रको विकास गर्ने । (७)

१३. नगरपालिकास्तरमा विद्यार्थी उपलब्धिको आधारमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूको आधारमा सुधार गर्ने र सुधारोन्मुख विद्यालयहरूलाई प्रोत्साहन गर्ने पद्धति विकास गर्ने । (७)

१४. समृद्ध बेनी नगरपालिकाको नारालाई सफल बनाउन अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वय गरी उत्तरदायित्व बहन गर्ने प्रणालीलाई प्रभावकारी बनाउने । (७)

१५. उच्च शिक्षा तथा दक्ष जनशक्ति उत्पादन गर्ने संस्था र विद्यार्थीका लागि लगानी सुनिश्चित गर्ने । (८)

## शिक्षाका उपक्षेत्रहरू

**यस योजनामा समेटिएका शिक्षाका उपक्षेत्रहरू निम्न अनुसार रहेका छन ।**

१. प्रारम्भिक बालविकास र शिक्षा

२. आधारभूत शिक्षा

३. माध्यमिक शिक्षा

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ

६. अन्तरसम्बन्धित विषय तथा क्षेत्र (यस उपक्षेत्र अन्तर्गत निम्न विषय समावेश रहेका छन् ।

अ. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

आ. शिक्षक व्यवस्थापन र पेशागत विकास

इ. शिक्षामा समता र समावेशीकरण

ई. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

उ. विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

ऊ. विद्यालय भौतिक पूर्वाधार विकास

ऋ. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

७. अन्य उपक्षेत्र (यस उपक्षेत्र अन्तर्गत विद्रयालय व्यवस्थापन प्रधानाध्यापक समेत र उच्च शिक्षा)

यस योजनामा मुख्यतया पहुँच र सहभागिता, गुणस्तर र सान्दर्भिकता, समता र समावेशीकरण जस्ता विषयलाई केन्द्रमा राखेर योजना र कार्यक्रम तय गरिएको छ । यस योजनामा समावेश भएका मुख्य मुख्य कार्यक्रमहरू निम्न बुँदाको आधारमा उल्लेख गरिएको छ ।

## पहुँच र सहभागिता,

पहूँच र सहभागिता सम्बन्धमा प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्मको शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गरिनेछ, यसका लागि लागू गरिने रणनीतिहरूमा विद्यालयको नक्साङ्कन र आवश्यकताअनुसार स्थापना स्तरोन्ती तथा समायोजन वा सम्भव नभएको ठाउँमा वैकल्पिक व्यवस्था गरिने छ । त्यसैगरी सबै विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने र छात्रवृत्तिको व्यवस्था गरी यथोचित

वितरणको प्रवन्ध गरिने छ । यसबाहेक, सरकारले आधारभूत शिक्षामा भर्ना हुने क्षेत्रहरूमा ECD देखि कक्षा ८ सम्मका विद्यालयहरूमा दिवा खाजाको व्यवस्था गरी पौष्टिक र स्वस्थ खाजाको प्रबन्ध मिलाईने छ। स्वास्थ्य सेवा (आवधिक चेकअप, प्राथमिक उपचार किट र जुकाको उपलब्धता सहित) र पर्याप्त पानी, सरसफाइ सुविधा, धुने र सफा पिउने पानीको पहुँच लगायतका सुविधाहरूको प्रावधानमा पनि ध्यानकेन्द्रित गरिनेछ। कोभिड–१९ बाट भएको शैक्षिक क्षतिको न्युनीकरणको लागि सामाजिक समूहमा सिकाइमा परेको क्षतिको विश्लेषण र वितरणका आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## समता र समावेशीकरण

बालमैत्री विद्यालय ढाँचाले सक्षम र सुरक्षित सिकाइ वातावरणमा समावेशी पहुँच सुनिश्चित गर्न समग्र रूपरेखा प्रदान गर्दछ। सोहीअनुसार विद्यालय संरचना निर्माण र आवश्यकतामा आधारित योजना र बजेट निर्माण विद्यालय व्यवस्थापन जस्ता कार्यलाई प्राथमिकता दिइने गरी योजना तर्जुमा गरिएको छ। अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन,विश्लेण र आवश्यकताअनुसार हस्तक्षेपकारी कार्यक्रम प्रस्ताव गरिएको छ। कक्षा ६-१२ सम्मका छात्राका लागि सेनेटरी प्याड, चेन्जिङ रुम र फोहोर व्यवस्थापन गर्ने जस्ता महिनावारी सरसफाइ व्यवस्थापन सुविधाहरू सहित पुरुष र महिला विद्यार्थीहरूका लागि छुट्टाछुट्टै शौचालयहरूको प्रबन्ध गरिने छ। स्रोत कक्षाहरूको व्यवस्थापन विद्यालयमा जेण्डर फोकल शिक्षकको व्यवस्था समुदाय सचेतीकरण र आवश्यकताअनुसार अपाङ्गता छात्रवृत्ति उपलब्ध गराइने कार्यक्रम समावेश छन्। यसबाहेक विद्यालयहरूमा आफ्ना शिक्षकहरूलाई तालिम दिन, तिनीहरूको व्यवस्थापन अभिमुखीकरण गर्न र तिनीहरूका अभिभावकहरूलाई समावेशी शिक्षामा संलग्न गराउन, व्यक्तिगत शिक्षा योजनाहरू विकास गर्न र अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता अनुरूप पाठ्यक्रमलाई अनुकूलन गर्न सहयोग गरिनेछ।

## गुणस्तर र सान्दर्भिकता

शिक्षाको गुणस्तर सुधार गर्न आधारभूत पूर्वाधार विकास, सिकाइ वातावरणको सुधार, सिकाइ सामग्रीको व्यवस्थापन, उपयुक्त कक्षाकोठा र बसाइको व्यवस्था, तोकिएको योग्यता र मापदण्डअनुरूप शिक्षकको योग्यता र क्षमता विकास गर्ने। विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न योग्य, सक्षम र उत्प्रेरित शिक्षकको उपलब्धता सुनिश्चित गरिने। शिक्षकहरूको लागि क्षमता विकासका अवसरहरूको विस्तार र निरन्तरता र संघीय सरकारले तयार गरेको शिक्षक योग्यता मापदण्ड र कर्मचारीको मापदण्ड लागू गरिनेछ र विद्यार्थी-शिक्षक अनुपातको मापदण्डअनुसार सबै विद्यालयमा शिक्षक उपलब्ध गराइनेछ।

सिकाइ क्षति न्युनीकरणका लागि सुत्केरी बिदामा रहने शिक्षकको लागि सट्टा शिक्षकको व्यवस्था गरिने। शिक्षकहरूलाई शिक्षक व्यवस्थापनको सुदृढीकरण, शिक्षक प्रोत्साहन र मूल्याङ्कन योजनाहरू मार्फत विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरूका लागि जवाफदेही बनाइनेछ।

सान्दर्भिकता र गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, पाठ्यपुस्तकको यथोचित प्रवोधीकरण सहित सिकाइ क्रियाकलापमा सुधार गरिनेछ। स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान, सीप, जलवायु परिवर्तन, दिगो विकास, शान्ति शिक्षा, लैङ्गिक र व्यापक यौन शिक्षा (CSE) सम्बन्धी विषयहरूमा पाठ्यक्रम र सिकाइ सामग्रीहरूमा व्यवस्था भए बमोजिम शिक्षकहरूलाई तदनुसार तालिम दिइनेछ। । त्यसैगरी, पाठ्यक्रम र सिकाइ गतिविधिहरूले नागरीक शिक्षा, आईसीटी, र विभिन्न सफ्ट सीपहरू लगायत समसामयिक विषयहरूलाई एकीकृत गरिनेछ। माध्यमिक शिक्षाको प्राविधिक धार आवश्यकताअनुरुप सुधार र विस्तार गरिनेछ।

विद्यालय प्रशासन, अनुगमन र सिकाइ सहजीकरणमा आईसीटीको उपयुक्त प्रयोग विस्तार गर्न विद्यालयमा डाटा सेन्टर र डिजिटल प्रयोगशाला स्थापना गरिनेछ। आईसीटी पूर्वाधार र इन्टरनेट जडान सबै विद्यालयहरूमा विस्तार गरिनेछ, जसका लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था मिलाईने छ । विकास भएका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको डिजिटल प्रतिहरू विद्यालयमा उपलब्ध गराइनेछ। कोभिड-१९ महामारी अन्तर्गत सिकाइ निरन्तरता प्रदान गर्न विकसित गरिएको लर्निङ पोर्टललाई विद्यालयतहमा अधिकतम प्रयोगको सुनिश्चित गरिने छ।

## अनौपचारिक शिक्षा र निरन्तर सिकाइका लागि वैकल्पिक मार्गहरू

अनौपचारिक शिक्षाको क्षेत्रमा सक्रिय सेवा प्रदायकहरूको व्यापक संलग्नतामा विद्यालय शिक्षा प्रणालीबाट बाहिर निस्केका किशोरकिशोरीहरूका लागि आजीवन सिकाइका कार्यक्रम राखिएका छन। औपचारिक विद्यालय शिक्षा क्षेत्रसँगै स्थापित, सुदृढ र पङ्क्तिबद्ध गरिने वैकल्पिक मार्गहरू युवा वयस्कहरूले आय आर्जन र जीवनस्तरमा सुधारलाई सहयोग गर्ने सीपहरूसहित समाजमा प्रवेश गर्ने सुनिश्चित गर्नु हो। सामुदायिक सिकाइ केन्द्रहरूलाई यस कार्यमा जिम्मेवार हुने गरी परिचालन गरिने छ। सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्न भौतिक पूर्वाधार विकासमा ICT उपकरण उपलब्ध गराइनेछ र सबै उमेरका मानिसहरूलाई सिकाइ प्रक्रियामा ICT को प्रयोग बढाइनेछ। त्यसैगरी आवश्यकता र मागका आधारमा विकास भएका विभिन्न मोड्युल र सामग्रीहरू CLC मार्फत उपलब्ध गराइनेछ र सक्षम वातावरण निर्माण गर्न सामुदायिक पुस्तकालयहरूलाई सम्बद्ध गरिनेछ। अनौपचारिक र आजीवन सिकाइलाई व्यवस्थित गर्न समन्वय संयन्त्रको विकास गरिनेछ। अनौपचारिक वयस्क विद्यालय, खुला विद्यालय, परम्परागत प्रकृतिका विद्यालय आदिका लागि संस्थागत विकास र सञ्चालन अनुदान उपलब्ध गराइनेछ । संघीय सरकारले तयार गरेको राष्ट्रिय योग्यताको ढाँचाअनुसार योग्यता प्रमाणीकरण र समकक्षतासम्बन्धी कार्यविधि बमोजिमका कार्यलाई कार्यान्वयन गरिनेछ।

## आपतकालीन र सङ्कटपूर्ण परिस्थितिमा शिक्षा

विद्यालय शिक्षालाई विपद्, सङ्कट र महामारी जस्ता आपतकालीन अवस्थाहरूमा लचिलो बनाउन योजना तर्जुमा गरी कार्यान्वयन गरिएको छ। संघीय सरकारले तयार गरेको विद्यालय सुरक्षा (CSS) नीति र मापदण्डहरू लागू गरिनेछ। स्थानीय तहमा जोखिम मूल्याङ्कनका आधारमा योजना तर्जुमा गरिनेछ र आपतकालीन र सङ्कटको अवस्थामा शिक्षासँग सम्बन्धित मापदण्ड, दिशानिर्देश र सञ्चालन प्रक्रियाहरू सङ्कलन गरिनेछ। त्यसैगरी, सबै विद्यालयलाई समेटेर लचिलोपनसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। विद्यालय सुरक्षा सम्बन्धमा शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई तालिम दिइनेछ र विद्यालय भवनहरू सुरक्षित भवन संहिता र मापदण्डको पालना गरी निर्माण र प्रबलीकरण गरिनेछ। हरित विद्यालय निर्माण र विकास गर्न आवश्यक भौतिक पूर्वाधार विकास गरिनेछ। स्वास्थ्य शिक्षक/कर्मचारी र मनोवैज्ञानिक परामर्श सेवाको व्यवस्था गरिनेछ।

स्थानीय तथा विद्यालयतहमा विपद् जोखिम न्यूनीकरण समितिहरू गठन गरी आकस्मिक योजना बनाउन र आपतकालीन वा सङ्कटको अवस्थामा सिकाइ निरन्तरता सुनिश्चित गर्न क्रियाशिल गराइने छ।

## सुशासन, व्यवस्थापन र समन्वय

शिक्षाको सुशासन र व्यवस्थापनलाई संघीय शासन प्रणालीअनुरूप बनाउन आवश्यक स्थायी कानुन र मापदण्डको विकास गरिने छ। विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गरिने छ। कानुनबमोजिम प्रधानाध्यापक नियुक्ति र तालिमको प्रबन्ध गरी शैक्षिक सुशासन र व्यवस्थापन कायम गरिने छ।

नगरपालिकामा सङ्गठन र व्यवस्थापन सर्वेक्षण गरी संस्था र जनशक्तिको पुनर्संरचना गरिनेछ। स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना र सञ्चालन गरिने छ। रिपोर्टिङ र डाटा प्रणाली सुधार र सुदृढ गरिनेछ;

कार्यसम्पादन सम्झौता मार्फत नतिजाका लागि जवाफदेही बनाउन प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गरी नियुक्ति प्रणालीमा सुधार गरिनेछ । शिक्षक र सबै विद्यालय शिक्षा प्रणालीलाई आफ्ना विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने प्रणालीको विकास र कार्यान्वयन गरिनेछ ।

स्थानीय, प्रदेश र संघ सरकारबिचको पारस्परिक सहयोग र समन्वयलाई प्रभावकारी बनाउन सञ्चार प्रणालीलाई सुदृढ बनाइनेछ। शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई तीनवटै तहका सरकारहरूले समयमै सूचना आदानप्रदान गर्न सक्ने गरी एकीकृत व्यवस्थापनमा सुधार गरिनेछ । अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास गरिनेछ। स्थानीय तहबाट अनुगमन प्रणालीको विकास र कार्यान्वयन गरिनेछ र परिणाममा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गरी अद्यावधिक गरिनेछ। आफूले कार्यान्वयन गरेका कार्यक्रमहरूको अनुगमन गरी कार्यक्रम कार्यान्वयनको त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा र स्थिति प्रतिवेदन तयार गरिने छ । विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन लेखापरीक्षण नतिजालाई नियमित बनाइ विद्यार्थीको सिकाइ उपलब्धि र विद्यालय व्यवस्थापन सुधार गर्न प्रयोग गरिनेछ । विद्यालयको सामाजिक तथा वित्तीय लेखापरीक्षणलाई प्रभावकारी र नियमित बनाइनेछ । कार्यदलका रूपमा उदीयमान हुने विषयहरूमा अध्ययन र अनुसन्धानलाई सहज बनाइनेछ र योजनाबद्ध गतिविधि र लक्ष्यहरू विरुद्धको कार्यसम्पादनको अनुगमन गरिनेछ। विभिन्न कार्यक्रमहरूको आवधिक मूल्याङ्कन, मध्यकालीन समीक्षा तथा यस नगर शिक्षा योजनाको कार्यान्वयनको अन्तिम मूल्याङ्कन गरिनेछ ।

**अपेक्षित मुख्य उपलब्धि**

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. बेनी नगरपालिकाभरिका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित हुने,
२. नगरपालिकाभरि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने,
३. बेनी नगरपालिकाभरि माध्यमिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सहितको शिक्षण हुने र सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय शिक्षामा सुधार आउने,
४. नगरपालिका भित्र समाजमा पछि परेका, गरीबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको निम्ति अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन मार्फत सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने ,
५. नगरपालिका शिक्षा शाखा लगायत नगरपालिकाभरिका विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,
६. योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुने,
७. नगरपालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,
८. विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने कार्य पुरा भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने,

९. सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुने,

१०. सहज र अप्ठ्यारो तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने,

११. नगरपालिकाभरिका विद्यार्थीहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त, उपयुक्त र बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,

१२. सबै विद्यालयहरूमा इन्टरनेट लगायत सूचना सञ्चार प्रविधिको विस्तार भई सिकारूलाई प्रविधियुक्त समयानुकूल, गुणस्तरीय बनाउन सहयोग पुग्ने,

१३. नगरपालिकाभरिका विद्यालयहरूमा कम्प्युटर ल्याब, लाईब्रेरी, विज्ञान प्रयोगशाला लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्ने,

१४. सबै बालबालिकाहरूका निम्ति विद्यालयहरूमा खेलकुदको अवसर प्रदान गर्न आवश्यक खेलमैदान र खेलकुद सामग्रीको व्यवस्था हुने।

१५. उच्च शिक्षा तथा दक्ष जनशक्ति उत्पादन गर्ने संस्था र विद्यार्थीका लागि लगानी र आवश्यक प्रोत्साहनका कार्यक्रम सञ्चालन भएको हुने।

# विषय सूची

**परिच्छेद– १** .......... ४

**१.परिचय** .......... ४

१.१ पृष्ठभूमि .......... ४

१.२ नगरपालिकाको परिचय .......... ४

१. ३ सामाजिक आर्थिक अवस्था .......... ६

१.४ नगरपालिकाको जनसङ्ख्या सम्बन्धी विवरण .......... ६

१.५ नगरपालिकाको वडा अनुसार जम्मा घरधुरी तथा जनसङ्ख्या .......... ६

१.६ नगरपालिकाको विद्यालय जाने उमेरका जनसङ्ख्या विवरण .......... ७

१.७ नगरपालिकाको शैक्षिक अवस्था .......... ८

१.८ साक्षरताको अवस्था .......... १४

१.९ बेनी नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण .......... १५

१.१० नगरपालिकाका शैक्षिक समस्या तथा चुनौति र अवसरहरूको (SWOT) विश्लेषण .......... १९

**परिच्छेद २** .......... २३

दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू निर्धारण .......... २३

२.१ शिक्षा योजना निर्माणका आधार .......... २३

२.२ नगरपालिकाको दीर्घकालीन सोच (Vision), लक्ष्य, उद्देश्य र रणनीतिहरू .......... २५

२.२.१ परिचय .......... २५

२.२.२. दीर्घकालीन सोच (Vision) .......... २५

२.२.३. लक्ष्य (Goal) .......... २६

२.२.४. प्रमुख उद्देश्यहरू (Objectives) .......... २६

२.२.५ दीर्घकालीन रणनीतिहरू .......... २६

२.२.६ कार्यनीतिहरू .......... २८

२.३ अपेक्षित मुख्य उपलब्धि .......... २९

२.४ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य (Key Performance indicators &Target) .......... ३०

**परिच्छेद तीनः शिक्षाका क्षेत्रहरू** .......... ३२

३. परिचय .......... ३२

३.१. प्रारम्भिक बालविकास र शिक्षा ........ ३३
३.१.१ परिचय........ ३३
३.१.२ वर्तमान अवस्था........ ३३
३.१.३ उद्देश्य ........ ३४
३.१.४ रणनीति........ ३४
३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ३४
३.२ आधारभूत शिक्षा........ ३७
३.२.१ परिचय ........ ३७
३.२.२ वर्तमान अवस्था........ ३७
३.२.३ उद्देश्य ........ ३८
३.२.४ रणनीतिहरू ........ ३९
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........ ४०
३.३ माध्यमिक शिक्षा ........ ४२
३.३.१ परिचय........ ४२
३.३.२ वर्तमान अवस्था........ ४३
३.३.३ उद्देश्यहरू........ ४३
यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छः........ ४३
३.३.४ रणनीतिहरू ........ ४३
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ४५
क) उपलब्धि........ ४५
३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा ........ ४७
३.५.१ परिचय ........ ४७
३.५.२ वर्तमान अवस्था........ ४८
३.५.३ उद्देश्य ........ ४९
३.५.४ रणनीतिहरू........ ४९
३.५.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........ ४९
३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षा ........ ५१

३.६.१ परिचय ........ ५१

३.६.२ वर्तमान अवस्था........ ५२

३.६.३ उद्देश्य ........ ५३

३.६.४ रणनीतिहरू ........ ५४

३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........ ५४

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र........ ५६**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ५६

४.१.१ परिचय ........ ५६

४.१.२ वर्तमान अवस्था........ ५७

४.१.३ उद्देश्य ........ ५८

४.१.४ रणनीति........ ५८

४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ५९

४.२ शिक्षक व्यवस्थापन र पेसागत विकास ........ ६०

४.२.१ परिचय ........ ६०

४.२.२ वर्तमान अवस्था........ ६१

४.२.३ उद्देश्य ........ ६३

४.२.४ रणनीतिहरू ........ ६३

४.२.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य........ ६५

४.३ शैक्षिक समता र समावेशीकरण........ ६८

४.३.१ परिचय ........ ६८

४.३.२ वर्तमान अवस्था........ ६९

४.३.३ उद्देश्य ........ ७०

४.३.४ रणनीतिहरू ........ ७०

४.३.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य........ ७०

४.४ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता र सङ्कटपूर्णअवस्थामा सिकाइ ........ ७२

४.४.१ परिचय........ ७२

४.४.२ वर्तमान अवस्था........ ७२

४.४.३ उद्देश्य ........ ७३

४.४.४ रणनीति ........ ७३

४.४.५ प्रमुख उपलब्धि तथा नतिजा........ ७४

४. ५ विद्यालय भौतिक पूर्वाधार विकास ........ ७६

४.५.१ परिचय ........ ७६

४.५.२ वर्तमान अवस्था........ ७६

४.५.३ उद्देश्य ........ ७७

४.५.४. रणनीति ........ ७८

४.५.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ७८

४.६ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम........ ७९

४.६.१ परिचय ........ ७९

४.६.२ वर्तमान अवस्था० ........ ८०

४.६.३ उद्देश्यहरू........ ८१

४.६.४ रणनीति ........ ८१

४.६.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ८१

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ८४

४.७.१ परिचय ........ ८४

४.७.२ वर्तमान अवस्था........ ८७

४.७.३ उद्देश्य ........ ८९

४.७.४ रणनीतिहरू ........ ८९

४.७.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ........ ८९

**परिच्छेद –५ अन्य उपक्षेत्र ........ ९०**

५.१ विद्यालय व्यवस्थापन ( प्रधानाध्यापक सहित ) ........ ९०

५.१.१ परिचय ........ ९०

५.१.२ वर्तमान अवस्था........ ९१

५.१.३ उद्देश्य ........ ९२

५.१.४ रणनीतिहरू ........ ९२

५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........ ९३

५.२ उच्च शिक्षा ........ ९४

५.२.१ परिचय ........ ९४

५.२.२ उद्देश्यहरू........ ९५

५.२.३ रणनीतिहरू ........ ९५

५.२.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य ........ ९५

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन........ ९६**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास........ ९६

६.१.१ परिचय ........ ९६

६.१.२ वर्तमान अवस्था........ ९७

६.१.३ उद्देश्य ........ ९८

६.१.४ रणनीतिहरू........ ९९

६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य........ ९९

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध........ १०१

६.२.१ परिचय ........ १०१

६.२.२ वर्तमान अवस्था........ १०१

६.२.३ उद्देश्य ........ १०२

६.२.४ रणनीति........ १०२

६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १०३

परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन........ १०४

७.१ परिचय........ १०४

७.२ वर्तमान अवस्था ........ १०५

७.३ उद्देश्यहरू ........ १०५

७.४ रणनीतिहरू........ १०५

७.५ उपलब्धि, नतिजा ,प्रमुख क्रियाकलाप र लक्ष्य ........ १०५

परिच्छेद ८ : लगानी र स्रोत व्यवस्थापन ........ १०७

८.१ परिचय........................................................................................ १०७
८.२ वर्तमान अवस्था................................................................................१०८
८.३ उद्देश्य........................................................................................... १०९
८.४ रणनीति ........................................................................................ १०९
८.५ उपलब्धि, नतिजा , क्षेत्रगत अनुमानित बजेट र स्रोत व्यहोर्ने निकाय .................................. १०९

## तालिका सूची

तालिका नं. १ नगरपालिकाको कुल जनसङ्ख्या.............................................६
तालिका नं. २ वडागत जनसङ्ख्या र घरपरिवार विवरण.........................................७
तालिका नं. ३ उमेरगत विद्यालय जाने उमेरका बालबालिका २०८०...............................७
तालिका नं. ४ शैक्षिक संस्थाको विवरण..........................................................८
तालिका नं. ५ वडागत विद्यालय विवरण...........................................................९
तालिका नं. ६ शैक्षिक सत्र २०८० मा विद्यालय गईरहेका जम्मा बालबालिका विवरण..............९
तालिका नं. ७ सामुदायिक तथा संस्थागत विद्यार्थी विवरण.........................................१०
तालिका नं. ८ जातजाति र तह अनुसार विद्यालय गईरहेका बालबालिकाहरूको सङ्ख्या २०८०...१०
तालिका नं. ९ जातजाति अनुसार भर्ना विवरण २०८०...............................................११
तालिका नं. १० विद्यालय गईरहेका उमेरगत बालबालिकाहरूको विवरण २०८०.................. ...११
तालिका नं. ११ शैक्षिक सत्र २०८० को एस. इ. इ. नतिजा..........................................१२
तालिका नं. १२ आधारभूत तह उत्तीर्ण कक्षा ८ को नतिजा...........................................१२
तालिका नं.१३ शिक्षक दरबन्दी विवरण २०८०.....................................................१३
तालिका नं. १४ तहगत शिक्षक विवरण २०८०.....................................................१४
तालिका नं. १५ साक्षरता सम्बन्धी विवरण...........................................................१४
तालिका नं. १६ शैक्षिक सूचक र वर्तमान अवस्था...................................................१५
तालिका नं. १७ मूख्य कार्यसम्पादन सूचक..........................................................३०
तालिका नं. १८ प्रराराम्भिक बाल विकास र शिक्षा .................................................३५
तालिका नं. १९ आधारभूत शिक्षा............................ .......................................४१
तालिका नं. २० माध्यमिक शिक्षा.....................................................................४५
तालिका नं. २१ प्राविधिक तथा व्यवसायिक शिक्षा.................................................५०
तालिका नं. २२ अनौपचारिक,जीवनपर्यन्त सिकाइ र शिक्षा.......................................५४
तालिका नं. २३ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन..............................५९
तालिका नं. २४ शिक्षक व्यवस्थापन र पेसागत सहयोग..............................................६५
तालिका नं. २५ शैक्षिक समता र समावेशीकरण.....................................................७१
तालिका नं. २६ विपत् व्यवस्थापन तथा जोखिम न्यूनीकरण.........................................७५
तालिका नं. २७ विद्यालय भौतिक पूर्वाधार विकास....................................................७८
तालिका नं. २८ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम.............................................८२
तालिका नं. २९ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि.............................................९०

| | | |
|---|---|---|
| तालिकानं. ३० | विद्यालय व्यवस्थापन | ९३ |
| तालिका नं. ३१ | उच्च शिक्षा | ९६ |
| तालिका नं. ३२ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १०० |
| तालिका नं. ३३ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १०३ |
| तालिका नं. ३४ | अनुगमन तथा मूल्याङ्कन | १०६ |
| तालिका नं. ३५ | बजेटका स्रोत र रकम | १०८ |
| तालिका नं. ३६ | क्षेत्रगत अनुमानित बजेट र स्रोत व्यहोर्ने निकाय | ११० |
| तालिका नं. ३७ | वार्षिक अनुमानित बजेट | १११ |

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ। त्यसैगरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा बेनी नगरपालिकाले यो ५ वर्षे नगर शिक्षा योजना तयार गरेको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरीक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान२०७२ को अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ।

विद्यालय शिक्षामा रहेका आर्थिक, सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी बेनी नगरपालिकाबाट यो शिक्षा योजना निर्माण गरिएको हो।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

बेनी नगरपालिकाबाट यो ५ वर्षे नगर शिक्षा योजना तयार गर्नुको औचित्यलाई तलका बुँदाबाट थप स्पष्ट पार्ने प्रयास गरिएको छ।

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न,
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

**४. शिक्षा योजना निर्माणका आधार**

बेनी नगरपालिकाले यो नगर शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ भने यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ । यसका लागि नगरपालिकाका विभिन्न शाखाहरूसँग पनि समन्वय गर्दै बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्ने गरी कार्यक्रमहरूको तय गरिएको छ। योजना निर्माण गर्दा मुख्य आधारका रुपमा लिइएका दस्तावेजहरू देहायबमोजिम छन् ।

क) नेपालको संविधान,२०७२
ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन,२०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन,२०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ठ) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम

माथि उल्लेखित दस्तावेजका अतिरिक्त यो शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य

कार्यक्रमलाई आधार मानी विभिन्न योजनाबिचको अन्तरसम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरिएको छ । योजना निर्माणका क्रममा आधार लिइएका तथा अध्ययन गरिएका दस्तावेजहरूलाई अनुसूची १ मा समेत उल्लेख गरिएको छ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तह शिक्षा योजनाको निर्माणमा पनि स्थानीय तहले सहभागितामूलक प्रक्रिया नै अवलम्बन गर्नुपर्छ र सोका लागि देहायका विषयलाई ध्यान दिनुपर्छ । योजनाको यस भागमा शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रक्रिया देहायअनुसार रहेका छन ।

- नगर शिक्षा समितिको मिति २०८१/२/६ को निर्णयबाट सामाजिक विकास समितिका संयोजक श्री चक्र बहादुर के. सी. को संयोजकत्वमा ५ सदस्यीय योजना निर्माण समिति गठन गरिएको र उक्त समितिको बैठकबाट मिति २०८१।३।१० मा यस नगरपालिकाका माध्यमिक तह प्रथम श्रणीका पूर्व शिक्षक श्री डेक बहादुर बानियाको संयोजकत्वमा ८ सदस्यीय योजनाको मस्यौदा लेखन कार्यदल गठन भयो। मिति २०८१/५/१४ गते योजना लेखन कार्यदल मार्फत सुझाव सङ्कलन तथा योजना माथि सरोकारवालाहरूको छलफल तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरी सुझाव सङ्कलन कार्य गरीयो । प्राप्त सुझाव अध्ययन विश्लेषण गरी मस्यौदा लेखन समितिको बैठकबाट मस्यौदा लेखन समितिका सदस्यहरूलाई योजनाका विभिन्न उपक्षेत्रहरूको निर्धारण गरी लेखन कार्यको जिम्मेवारी दिइएको थियो । मस्यौदा लेखन समितिले विभिन्न मितिमा बैठक बसी लेखन कार्य सम्पन्न गरी तयार भएको मस्यौदालाई लेखाजोखा तथा सुझावकालागि प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमका विज्ञ समक्ष पेश गरीयो विज्ञहरूबाट प्राप्त सुझाव र सल्लाह बमोजिम आवश्यकता अनुसार परिमार्जन समेत गरीयो ।
- मिति २०८१/६/१४ गते योजना लेखन कार्यदलको बैठकबाट मस्यौदाको अन्तिमीकरण गरी नगर शिक्षा योजना निर्माण समितिमा पेश गरीयो । नगर शिक्षा योजना निर्माण समितिमा मस्यौदाको अध्ययन संसोधन तथा परिमार्जन गरी नगर शिक्षा समितिमा पेश गरीयो । नगर शिक्षा समितिबाट उक्त मस्यौदाको अध्ययन गरी मिति २०८१।६।१८गतेको बैठकबाट अन्तिम रुप दिई स्वीकृतिका लागि कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय भए बमोजिम कार्यपालिकामा मस्यौदा पेश गरीयो । कार्यपालिकाबाट योजनाको मस्यौदाको इलेक्ट्रोनिक कपि सबै सदस्यहरूलाई उपलब्ध गराइ अध्ययन गरी व्यापक छलफल गराइ प्राप्त सुझाव समेतलाई समेटी र कार्यपालिकाको मिति २०८१।८।२३ गतेको बैठकबाट यो बेनी नगरपालिकाको शिक्षा योजनालाई स्वीकृति गरिएको छ ।

# परिच्छेद- १

## १.परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । नेपालको संविधानले प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरीकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र बालबिलकाले मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेको छ । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरूको हक र अधिकारलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन समेत प्रदान गरेको छ ।

नेपालको संविधानले शिक्षालाई सबै तहका सरकारको साझा अधिकारको रुपमा स्थापित गरेको हुनाले वर्तमान सङ्घीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकारबिचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित प्रयोग र परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बिच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५वर्षे दिगो विकास लक्ष्य, र स्रोहौं आवधिक योजनाका लक्ष्यहरूलाई समेत सम्बोधन गर्ने गरी शिक्षामा नवीनतम सोचका साथ योजना निर्माण गरी कार्यान्वयन गर्नु अपरिहार्य छ । स्थानीय, प्रदेश र संघ तीनै तहमा निर्माण भै कार्यान्वयन हुने योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरागर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षाका साथ बेनी नगरपालिकाद्वारा स्थानीय परिवेशमा आधारित रहेर यो शिक्षा योजना निर्माण गरिएको छ ।

## १.२ नगरपालिकाको परिचय

हिमाली जिल्ला म्याग्दीका ६ स्थानीय तहहरू मध्ये एकमात्र नगरपालिका बेनी नगरपालिका हो । बेनी नगरपालिका गण्डकी प्रदेशको सदरमुकाम पोखरादेखि ८१ किलोमिटर उत्तरपश्चिम क्षेत्रमा अवस्थित, पूर्वमा

कालिगण्डकी नदी र पर्वत जिल्ला, पश्चिममा मंगला गाउँपालिका, उत्तरमा रघुगंगा गाउँपालिका तथा दक्षिणमा बाग्लुङ जिल्ला पर्दछ। बेनी नगरपालिकाको भैगोलिक अवस्थिति,पूर्वी देशान्तर ८३°३४'००" र २८°२२'३०" उत्तरी अक्षांश अन्तर्गत समुन्द्री सतहबाट ८९९ मिटरदेखि करिब २३०० मिटर सम्मको उचाइमा फैलिएको छ । यस नगरपालिकाको कुल क्षेत्रफल ७६.२५ वर्ग कि.मी. रहेको छ । बेनी नगरपालिकाको वर्तमान सिमाना २०७१ साल वैशाख २५ मा तत्कालिन अर्थुङ्गे, सिंगा, पूलाचौर, ज्यामरुककोट, भकिम्ली, रत्नेचौर, घतान र पात्लेखेत गरी ८ गाविसहरू मिलाएर नेपाल सरकारको निर्णयबाट कायम हुन आएको हो । हाल यो नगरपालिकालाई १० वडामा विभाजन गरिएको छ। यस नगरपालिकाको भैगोलिक अवस्थितिलाई आँकलन गर्दा ५० प्रतिशत भन्दा धेरै भूभाग ४५ डिग्री भन्दा बढी भिरालो र झन्डै ५ प्रतिशत भूभाग मात्र समथर रहेको छ।

बेनी नगरपालिका भित्र नेपालका हिमनदी कालिगण्डकी, म्याग्दी खोला, रघुगङ्गा खोलाहरू बगिरहेका छन। यहाँ विभिन्न जातजातिहरू बसोबास गरेकोले जातीय विविधता पाइन्छ। यहाँ ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, मगर, विश्वकर्मा, दर्जी, थकाली, मुसलमान लगायतका जातिहरू बसोबास गरेको पाइन्छ । विभिन्न जातजातिका रीतिरिवाजमा जन्मदा छैठी गर्ने, न्वारान गर्ने, विवाह गर्ने र मृत्युपछि सकभर कालीगण्डकी नदीको किनारमा मृतकलाई दाहसंस्कार गर्ने गर्दछन्। दाहसंस्कार गर्दा जलाउने वा गाड्ने चलन छ। मृत्यु पश्चात नेवार, क्षेत्री, ब्राह्मणले एकै किसिमको प्रक्रिया जस्तै दाहसंस्कार पिण्डदान, द्रव्यदान, गौदान आदि गर्ने चलन छ भने अन्य मगर, थकाली, गुरुङ जातिमा आफ्नै परम्परा अनुसार काजक्रिया गर्ने चलन छ। यहाँका मानिसहरू जातीय विविधता अनुरुपको भेषभुषा र मातृभाषाको प्रयोग गरेको पाइन्छ। खानपिनमा दालभात, रोटी, ढिंडो, मकैको आटो, तरकारी, सागसब्जी आदि खाने गर्दछन्। यहाँ हिन्दू, बौद्ध धर्मका साथै ईस्लाम र इसाई धर्म मान्नेहरू पनि बसोबास गर्छन्।

### १.२.१ **नामाकरणः**

इतिहासमा प्रसिद्ध पर्वत राज्य अन्तर्गत पर्ने यस म्याग्दी जिल्लाको नामाकरण २०१८ सालको जिल्ला विभाजनमा प्रथम पटक भएको पाइन्छ। प्रसिद्ध हिमशिखर, तालतलैया, नदीनाला र धार्मिक स्थलको नाउँबाट अञ्चल तथा जिल्लाको नामाकरण गर्ने शिलशिलामा त्यतिबेलाको जिल्ला विभाजनअनुसार झण्डै सिंगो जिल्लाभरि नै फैलिएको नदी ''म्याग्दी'' को नामबाट यस जिल्लाको नामाकरण गरिएको बताइन्छ। तीन नदीको सङ्गमस्थललाई त्रिवेणी भने झै कालीगण्डकी र म्याग्दी नदीको सङ्गम स्थललाई बेनी भनीने जनश्रुती रहेको छ। नेपाल सरकारले शहरीकरण हुँदै गएका बस्तीहरूलाई नगरपालिका घोषणा गर्ने कार्यक्रम अन्तर्गत बेनीलाई पनि नगरपालिका घोषणा गरेको हो। बेनीबजार म्याग्दी जिल्लाको सदरमुकाम भएको साथै प्राचीन बजार समेत भएकोले निर्विवाद यस नगरपालिकाको नाम बेनी नगरपालिका नामाकरण गरिएको हो । नेपाल सरकारको निर्णयबाट २०७१ साल वैशाख २५ मा तत्कालिन ६ ओटा गाविसलाई समेटेर म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारको नामबाट बेनी नगरपालिकाको स्थापना भएकोमा पछि तत्कालिन भकिम्ली गाविस र पात्लेखेत गाविसलाई समेत थप गरी वडाहरूको पुनर्संरचना गरी १० वटा वडा बनाई मिति २०७३/११/०९ को मन्त्रिपरिषदको बैठकबाट निर्णय भई मिति २०७३/११/२७ मा बेनी नगरपालिकाको घोषणा भएको हो।

*बेनी नगरपालिको पाश्वचित्र २०७८*

## १. ३ सामाजिक आर्थिक अवस्था

बेनी नगरपालिकाको कुल जनसङ्ख्या ३२६९७ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या १५३६१ र महिलाको सङ्ख्या १७३३६ रहेको छ । त्यसैगरी लैङ्गिक अनुपात ८८.६१ रहेको र यस न.पा.मा औषतमा परिवारको आकार ३.५ रहेको छ । यस न.पा.को जनघनत्व ४४३ प्रति वर्ग कि.मी. रहेको छ । बेनी नगरपालिकामा ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, मगर, विश्वकर्मा, दर्जी, थकाली, मुसलमान लगायतका जातजातिहरू बसोबास गरेको पाइन्छ । उनीहरूले आफ्नो परम्पराअनुसारका धर्म, रीतिरिवाज र संस्कृति मान्दछन् । जाति र धर्मअनुसार चालचलन र संस्कृति पनि फरक-फरक पाइन्छ । यहाँ बसोबास गर्ने मानिसहरूको आफ्नै भाषा र भेषभूषा रहेको पाइन्छ । विवाह, भोज, व्रतबन्ध, मृत्यु जस्ता सामाजिक परम्परामा पनि यहाँका मानिसहरू रीतिथिति र परम्पराअनुसार मान्ने चलन छ । यहाँका मानिसहरू दशैं, तिहार तथा अन्य चाडहरू मान्नुका साथै धार्मिक विविधता भएतापनि एक आपासमा घुलमिल भएर बस्ने गरेका छन् ।

बेनी नगरपालिकामा बसोबास गरी कृषि तथा खेती पाती गर्ने मानिसहरूको सङ्ख्या ४७७३ (५५.१७) प्रतिशत, व्यापार व्यवसाय गर्ने ९७१( ११.२२%) प्रतिशत, नोकरी गर्ने ९७८ (११.३%) प्रतिशत, ज्यालयदारी गर्ने ६५७ ( ७.५९%) प्रतिशत, र अन्य पेसा व्यवसाय गर्ने १२७३ (१४.७१%) प्रतिशत रहेको घरधुरी सर्वेक्षण २०७६ मा उल्लेख छ ।

नगरपालिकाको अधिकांश भूभाग ग्रामिण क्षेत्रमा पर्दछ । यस नगरपालिकाका बहुसङ्ख्यक मानिसहरू कृषि पेसामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ । कृषि अन्तर्गत अन्न तथा तरकारी बाली, नगदेबाली पशुपालन आदि पर्दछन् । यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, फापर आदि अन्नवाली हुन् । नगरपालिकाबासीको आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी छ भने नोकरी तथा वैदेशिक रोजगारीको योगदान दोस्रोमा र व्यापार व्यवसायको योगदान तेस्रोमा छ ।

## १.४ नगरपालिकाको जनसङ्ख्या सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार बेनी नगरपालिकाको कूल जनसङ्ख्या ३२६९७ रहेको छ । जसमध्ये महिलाको सङ्ख्या १७३३६ र पुरूषको सङ्ख्या १५३६१ रहेको छ । जसलाई तलको तालिकामा दिइएको छ ।

तालिका नं. १: नगरपालिकाको कुल जनसङ्ख्या

| क्र. सं. | लिङ्ग | कुल जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १७३३६ | ५३.०२ |
| २ | पुरुष | १५३६१ | ४६.९८ |
| ३ | जम्मा | ३२६९७ | १०० |

***स्रोतः** राष्ट्रिय जनगणना २०७८*

## १.५ नगरपालिकाको वडा अनुसार जम्मा घरधुरी तथा जनसङ्ख्या

नगरपालिकाको वडागत जनसङ्ख्यालाई देहायअनुसारको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २ : वडागत जनसङ्ख्या र घरपरिवार विवरण

| वडा नं. | घरधुरी | क्षेत्रफल | जनसङ्ख्या |  | जम्मा | परिवारको आकार | लैङ्गीक अनुपात |
|---|---|---|---|---|---|---|---|
|  |  |  | महिला | पुरुष |  |  |  |
| १ | ६५५ | ६.३९ | १२९६ | ११३३ | २४२९ | ३.७ | ८७.४ |
| २ | ९७० | ९.६९ | १८५० | १६१९ | ३४६९ | ३.६ | ८७.५ |
| ३ | ७११ | १६.७० | १४७२ | १२०९ | २६८१ | ३.८ | ८२.१ |
| ४ | ८७९ | ८.१९ | १७१९ | १५३४ | ३२५३ | ३.७ | ८९.२ |
| ५ | ८६८ | ११.८१ | १६५८ | १४५० | ३१०८ | ३.६ | ८७.५ |
| ६ | ६७८ | ५.१२ | १२६७ | ११९१ | २४५८ | ३.६ | ९४.० |
| ७ | ११४० | ०.७० | १९७९ | १८११ | ३७९० | ३.३ | ९१.५ |
| ८ | १८९६ | ०.४४ | ३२४२ | २८९७ | ६१३९ | ३.२ | ८९.४ |
| ९ | ११०८ | ११.५७ | २११८ | १८४१ | ३९५९ | ३.६ | ८६.९ |
| १० | ४३१ | ६.७८ | ७३५ | ६७६ | १४११ | ३.३ | ९२.० |
|  | ९३३६ | ७७.३९ | १७३३६ | १५३६१ | ३२६९७ | ३.५ | ८८.६१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

उपरोक्त तालिकालाई विश्लेषण गर्दा सबैभन्दा बढी जनसङ्ख्या भएको वडा, वडा नं. ८ हो, जसमा पुरुष ३२४२ र महिला २८९७ गरी जम्मा ६१३९ रहेको देखिन्छ। यसैगरी सबैभन्दा कम जनसङ्ख्या रहेको वडा, वडा नं. १० रहेको छ जसमा पुरुष ७३५ र महिला ६७६ गरी जम्मा १४२२ जनसङ्ख्या रहेको देखिन्छ। वडागत रुपमा औषत परिवार सङ्ख्या सम्बन्धमा अध्ययन गर्दा कुल औषत घरधुरी  सङ्ख्या ३.५ रहेको छ। सबैभन्दा बढी ३.८ वडा नम्बर ३ र सबैभन्दा कम ३.२ वडा नम्बर ८ मा रहेको छ। त्यसैगरी लैङ्गिक अनुपत ८८.६ रहेको छ।

**१.६ नगरपालिकाको विद्यालय जाने उमेरका जनसङ्ख्या विवरण**

यस नगरपालिका क्षेत्र भित्र रहेका विद्यालय जाने उमेरको जनसङ्ख्या देहाय बमोजिमको तालिकामा देखाइएको छ।

तालिका नं. ३ : उमेरगत विद्यालय जाने उमेरका बालबालिका २०८०

| उमेर गत जनसङ्ख्या | जम्मा | पुरूष | महिला |
|---|---|---|---|
| ३ वर्ष | ५०६ | २७७ | २२९ |
| ४ वर्ष | ५४४ | २९० | २५४ |
| ३-४ वर्ष | १०५० | ५६७ | ४८३ |
| ५ वर्ष | ५६८ | ३०८ | २६० |
| ५-९ वर्ष | ३०४९ | १६१४ | १४३५ |
| १०-१२ वर्ष | १९१३ | १००७ | ९०६ |
| ५-१२ वर्ष | ४९६२ | २६२१ | २३४१ |
| १३-१४ वर्ष | १२७८ | ६६३ | ६१५ |
| १५-१६ वर्ष | १३२७ | ६६५ | ६६२ |
| १३-१६ वर्ष | २६०५ | १३२८ | १२७७ |

*स्रोतः राष्ट्रिय जनगणना  २०७८*

राष्ट्रिय जनगणना २०७८ को रिपोर्टबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालय जाने उमेरका उमेरगत जनसङ्ख्या माथिको तालिकामा देखाइएको छ । जसअनुसार बालविकास केन्द्रमा जाने ३-४ वर्ष उमेरका बालबालिका १०५० जना रहेका छन् । ५ वर्षका बालबालिका ५६८ जना रहेका छन भने प्राथमिक तह कक्षा १-५ मा भर्ना हुने उमेरका बालबालिका ३०४९ जना रहेका छन । निम्न माध्यमिक कक्षा ६-८, माध्यमिक कक्षा ९-१० र माध्यमिक तह कक्षा ११-१२ मा भर्ना हुने उमेरका बालबालिका क्रमशः१९१३, ४९६२ ,१२७८ र १३२७ रहेका छन् ।

## १.७ नगरपालिकाको शैक्षिक अवस्था

### क. सञ्चालित शैक्षिक संस्थाहरू

बेनी नगरपालिकामा ५५ सामुदायिक विद्यालय, ११ संस्थागत विद्यालय र १ धार्मीक विद्यालय गरी जम्मा ६७ विद्यालय सञ्चालनमा रहेका छन । विद्यालय र समुदायमा समेत गरी ५१ बालविकास केन्द्र सञ्चालनमा छन् । उच्च शिक्षा अन्तर्गत म्याग्दी बहुमुखी क्याम्पस सञ्चालनमा रहेको छ । अनौपचारिक तथा निरन्तर शिक्षातर्फ एक अनौपचारिक प्रौढ विद्यालय र ७ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । शैक्षिक संस्थाको विवरण निम्न अनुसार रहेको छ ।

तालिका नं. ४

शैक्षिक संस्थाको विवरण

| तह | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|
| बाल विकास केन्द्र | ५१ | ११ | ६२ |
| आधारभूत तह १-३ सञ्चालित | १५ | २ | १७ |
| आधारभूत तह १-५ सञ्चालित | १६ | १ | १७ |
| आधारभूत तह १-८ सञ्चालित | ८ | १ | ९ |
| माध्यमिक तह १-१० सञ्चालित | ७ | ५ | १२ |
| माध्यमिक तह १-१२ सञ्चालित | ९ | २ | ११ |
| जम्मा विद्यालय | ५५ | ११ | ६६ |
| धार्मिक विद्यालय | १ | ० | १ |
| क्याम्पस | १ | ० | १ |
| सामुदायिक सिकाइ केन्द्र | ७ | ० | ७ |
| खुला विद्यालय | १ | ० | १ |
| गृहिणी विद्यालय | १ | ० | १ |

सामुदायिक विद्यालय ५६ र संस्थागत विद्यालय १२ गरी कुल ६८ विद्यालय रहेकोमा आ व २०८०।८१ को अन्त्य सम्ममा विद्यालय समायोजन तथा तह घट र बन्द समेत गरिएकाले सामुदायिक विद्यालय ५५ संस्थागत विद्यालय ११ गरी जम्मा ६६ विद्यालय सञ्चालनमा रहेका छन् । सामुदायिक तर्फ वडागत विद्यालय सङ्ख्या तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५**
**वडागत विद्यालय विवरण**

| वडा नं. | बाविके | आधारभूत | माध्यमिक | जम्मा | कक्षा १–३ | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ३ | २ | ५ | ० | ३ | ० | १ | १ | |
| २ | ६ | ५ | १ | ६ | ० | ३ | २ | ० | १ | |
| ३ | ८ | ६ | १ | ७ | २ | २ | २ | १ | ० | |
| ४ | ५ | ३ | २ | ५ | १ | १ | १ | १ | १ | |
| ५ | ८ | ९ | २ | १२ | ५ | ४ | १ | ० | २ | |
| ६ | ३ | ३ | १ | ४ | १ | १ | १ | ० | १ | |
| ७ | ३ | ० | २ | २ | ० | ० | ० | ० | २ | |
| ८ | १ | ० | १ | १ | ० | ० | ० | १ | ० | |
| ९ | १० | ६ | ३ | ९ | ४ | २ | ० | २ | १ | १ |
| १० | ३ | २ | १ | ३ | १ | ० | १ | १ | ० | |
| जम्मा | ५१ | ३७ | १६ | ५५ | १५ | १६ | ८ | ७ | ९ | १ |

बेनी नगरपालिकाका ५५ विद्यालयहरूमध्ये कक्षा १-३ सञ्चालित १५, कक्षा १-५ सञ्चालित १६, कक्षा १-८ सञ्चालित ८, कक्षा १-१० सञ्चालित ७ र कक्षा १-१२ सञ्चालित ९ विद्यालय रहेका छन्। कक्षा १-१२ सञ्चालित सामुदायिक विद्यालय मध्ये गलेश्वर मा.वि.मा प्राविधिक धार तर्फ कक्षा ९-१२ सम्म सिभिल इन्जिनियरिङ विषय समेत सञ्चालनमा रहेको छ।

तालिका नं. ६ : शैक्षिक सत्र २०८० मा विद्यालय गईरहेका जम्मा बालबालिका विवरण

| कक्षा | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा%** | **छात्र%** |
|---|---|---|---|---|---|
| ECED | ६१८ | ७८४ | १४०२ | ४४.०८ | ५५.९२ |
| **कक्षा १-५** | १७१४ | २०४७ | ३७६१ | ४५.५७ | ५४.४३ |
| **कक्षा ६-८** | १२०० | १३९२ | २५९२ | ४६.३ | ५३.७ |
| **कक्षा १-८** | २९१४ | ३४३९ | ६३५३ | ४५.८७ | ५४.१३ |
| **कक्षा ९-१०** | ७९२ | ८७२ | १६६४ | ४७.६ | ५२.४ |
| **कक्षा ११-१२** | ८४१ | ७०५ | १५४६ | ५४.४ | ४५.६ |
| **कक्षा ९-१२** | १६३३ | १५७७ | ३२१० | ५०.८७ | ४९.१३ |
| **कक्षा १-१२** | ४५४७ | ५०१६ | ९५६३ | ४७.५५ | ५२.४५ |
| **कक्षा ०-१२** | ५१६५ | ५८०० | १०९६५ | ४७.१ | ५२.९ |

## तालिका नं. ७
## सामुदायिक तथा संस्थागत विद्यार्थी विवरण

| | जम्मा विद्यार्थी सङ्ख्या ( सामुदायिक मात्र) | | | | जम्मा विद्यार्थी सङ्ख्या ( संस्थागत मात्र) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **सामुदायिक%** | **छात्रा** | **छात्र** | **जम्मा** | **संस्थागत %** |
| ECED | २७४ | ३४३ | ६१७ | ४४.०१ | ३४४ | ४४१ | ७८५ | ५५.९९ |
| **कक्षा १-५** | ९२४ | ९५५ | १८७९ | ४९.९६ | ७९० | १०९२ | १८८२ | ५०.०४ |
| **कक्षा ६-८** | ८३७ | ८२८ | १६६५ | ६४.२४ | ३६३ | ५६४ | ९२७ | ३५.७६ |
| **कक्षा १-८** | १७६१ | १७८३ | ३५४४ | ५५.७८ | ११५३ | १६५६ | २८०९ | ४४.२२ |
| **कक्षा ९-१०** | ५७९ | ५५६ | ११३५ | ६८.२१ | २१३ | ३१६ | ५२९ | ३१.७९ |
| **कक्षा ११-१२** | ७४५ | ५७४ | १३१९ | ८५.३२ | ९६ | १३१ | २२७ | १४.६८ |
| **कक्षा ९-१२** | १३२४ | ११३० | २४५४ | ७६.४५ | ३०९ | ४४७ | ७५६ | २३.५५ |
| **कक्षा १-१२** | ३०८५ | २९१३ | ५९९८ | ६२.७२ | १४६२ | २१०३ | ३५६५ | ३७.२८ |
| **कक्षा ०-१२** | ३३५९ | ३२५६ | ६६१५ | ६०.३३ | १८०६ | २५४४ | ४३५० | ३९.६७ |

## तालिका नं. ८
## जातजाति र तह अनुसार विद्यालय गईरहेका बालबालिकाहरूको सङ्ख्या २०८०

| तह | **दलित विद्यार्थी सङ्ख्या २०८०** | | | **जनजाति विद्यार्थी सङ्ख्या २०८०** | | | **अन्य विद्यार्थी सङ्ख्या २०८०** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| ECED | १९७ | २२७ | ४२४ | १७१ | २२७ | ३९८ | २५० | ३३० | ५८० |
| **कक्षा १-५** | ५२३ | ६४३ | ११६६ | ५३३ | ५६९ | ११०२ | ६५८ | ८३५ | १४९३ |
| **कक्षा ६-८** | ३७५ | ३८९ | ७६४ | ३८३ | ४४८ | ८३१ | ४४२ | ५५५ | ९९७ |
| **कक्षा १-८** | ८९८ | १०३२ | १९३० | ९१६ | १०१७ | १९३३ | ११०० | १३९० | २४९० |
| **कक्षा ९-१०** | २१७ | २११ | ४२८ | २१७ | २११ | ४२८ | ३५८ | ४५० | ८०८ |
| **कक्षा ११-१२** | २५१ | २१५ | ४६६ | २५१ | २१५ | ४६६ | ३३९ | २७५ | ६१४ |
| **कक्षा ९-१२** | ४६८ | ४२६ | ८९४ | ४६८ | ४२६ | ८९४ | ६९७ | ७२५ | १४२२ |
| **कक्षा १-१२** | १३६६ | १४५८ | २८२४ | १३८४ | १४४३ | २८२७ | १७९७ | २११५ | ३९१२ |
| **कक्षा ०-१२** | १५६३ | १६८५ | ३२४८ | १५५५ | १६७० | ३२२५ | २०४७ | २४४५ | ४४९२ |

स्रोतः IEMIS २०८०

**तालिका नं. ९**

**जातजाति अनुसार भर्ना विवरण २०८०**

| कक्षा | दलितको भर्ना प्रतिशत | | | जनजातिको भर्ना प्रतिशत | | | दलित जनजाति बाहेकअन्यको भर्ना% | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ECED | ३१.८८ | २८.९५ | ३०.२४ | २७.६७ | २८.९५ | २८.३९ | ४०.४५ | ४२.०९ | ४१.३७ |
| **कक्षा १-५** | ३०.५१ | ३१.४१ | ३१.०० | ३१.१० | २७.८० | २९.३० | ३८.३९ | ४०.७९ | ३९.७० |
| **कक्षा ६-८** | ३१.२५ | २७.९५ | २९.४८ | ३१.९२ | ३२.१८ | ३२.०६ | ३६.८३ | ३९.८७ | ३८.४६ |
| **कक्षा १-८** | ३०.८२ | ३०.०१ | ३०.३८ | ३१.४३ | २९.५७ | ३०.४३ | ३७.७५ | ४०.४२ | ३९.१९ |
| **कक्षा ९-१०** | २७.४० | २४.२० | २५.७२ | २७.४० | २४.२० | २५.७२ | ४५.२० | ५१.६१ | ४८.५६ |
| **कक्षा ११-१२** | २९.८५ | ३०.५० | ३०.१४ | २९.८५ | ३०.५० | ३०.१४ | ४०.३१ | ३९.०१ | ३९.७२ |
| **कक्षा ९-१२** | २८.६६ | २७.०१ | २७.८५ | २८.६६ | २७.०१ | २७.८५ | ४२.६८ | ४५.९७ | ४४.३० |
| **कक्षा १-१२** | ३०.०४ | २९.०७ | २९.५३ | ३०.४४ | २८.७७ | २९.५६ | ३९.५२ | ४२.१७ | ४०.९१ |
| **कक्षा ०-१२** | ३०.२६ | २९.०५ | २९.६२ | ३०.११ | २८.७९ | २९.४१ | ३९.६३ | ४२.१६ | ४०.९७ |

शैक्षिक सत्र २०८० मा बालविकास तर्फ १४०२, कक्षा १- ५ मा ३१६१, कक्षा ६- ८ मा २५९२, कक्षा ९- १० मा १६६४ र कक्षा ११-१२ मा जम्मा १५४६ गरी बालविकासदेखि कक्षा १२ सम्म कुल विद्यार्थी सङ्ख्या १०९६५ रहेको छ। कुल विद्यार्थीमध्ये छात्रा सङ्ख्या ५१६५ (४७.१%) र छात्र सङ्ख्या ५८०० (५२.९%) रहेको छ। कुल भर्ना मध्ये सामुदायिक विद्यालय तर्फ ६०.३ प्रतिशत र संस्थागत विद्यालय तर्फ ३९.७ प्रतिशत भर्ना भएको देखिन्छ। त्यसैगरी जातजातिअनुसारको विद्यार्थी भर्ना विश्लेषण गर्दा दलित विद्यार्थी बालविकास तर्फ ३०.२४ प्रतिशत, कक्षा **१-८** मा ३०.३८ प्रतिशत र कक्षा ९-१२ मा २७.८ प्रतिशत भर्ना रहेको पाइन्छ। जनजाति विद्यार्थीको भर्ना बालविकास तर्फ २८.३९ प्रतिशत, कक्षा **१-८** मा ३०.४३ प्रतिशत र कक्षा ९-१२ मा २७.८५ प्रतिशत भर्ना रहेको पाइन्छ।

तालिका नं. १०

विद्यालय गईरहेका उमेरगत बालबालिकाहरूको विवरण २०८०

| | | |
|---|---|---|
| बालविकास | ३ वर्ष भन्दा कम | ४५ |
| | ३ वर्षका | ३११ |
| | ४ वर्षका | ४५० |
| | ४ वर्ष भन्दा माथीका | ५५२ |
| कक्षा १ | ५ वर्ष भन्दा कम उमेरका | ६२ |
| | ५ वर्षका | १५९ |
| | ६ वर्षका | ३३४ |
| | ७ वर्षका | २३२ |
| | ८ वर्षका | ४९ |
| कक्षा २-५ | ५ वर्ष भन्दा कम उमेरका | ३४ |
| | ५ -९वर्षका | २३०८ |
| | ९ वर्ष माथिका | १०४४ |
| कक्षा ६-८ | १० वर्ष भन्दा कम उमेरका | ७१ |
| | १० -१२ वर्षका | १५७९ |

| | | |
|---|---|---|
| | १२ वर्ष भन्दा माथीका | १०३२ |
| कक्षा ९-१० | १२ वर्ष भन्दा कम उमेरका | ९ |
| | १२ -१४ वर्षका | ७९९ |
| | १४ वर्ष भन्दा माथीका | ९१२ |
| कक्षा ११- १२ | १५ वर्ष भन्दा कम उमेरका | ८ |
| | १५ -१६ वर्षका | ३६३ |
| | १६ वर्ष भन्दा माथीका | ४४८ |

*स्रोतः IEMIS २०८०*

तालिका नं ११

शैक्षिक सत्र २०८० को एस. इ. इ. नतिजा

| ठेगाना | जम्मा विद्यार्थी स ङ्ख्या | ग्रेड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | ग्रेड प्राप्त गर्ने विद्यार्थी प्रतिशत | ३.६१-४.०० | ३.२१–३.६० | २.८१–३.२० | २.४१–२.८ | २.०१–२.४० | १.६१–२.० | १.२१–१.६ | ०.८–१.२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बेनपा | ८१० | ४४८ | ५५.३१ | ३१ | १४० | १५७ | १०९ | ११ | ० | ० | ० |
| सामुदायिक विद्यालय मात्र | ५३८ | २०७ | ३८.४८ | ११ | ३२ | ७० | ८३ | ११ | ० | ० | ० |
| संस्थागत विद्यालय मात्र | २७२ | २४१ | ८८.६० | २० | १०८ | ८७ | २६ | ० | ० | ० | ० |

*स्रोतः शिक्षा विकास तथा समन्वय इकाइ बेनी म्याग्दी*

बेनी नगरपालिकाबाट शैक्षिक सत्र २०८० मा जम्मा विद्यार्थी ८१० जना सहभागी भएकोमा ग्रेडप्राप्त गर्ने विद्यार्थी अथवा उत्तीर्ण हुने विद्यार्थी ४४८ जना ५५.३१ प्रतिशत रहेको छ। सामुदायिक तर्फको उत्तीर्ण प्रतिशत ३८.४८ र संस्थागत विद्यालय तर्फ ८८.६ प्रतिशत रहेको छ

तालिका नं १२

आधारभूत तह उत्तीर्ण कक्षा ८ को नतिजा

| शैक्षिक सत्र २०८० को कक्षा ८ को ग्रेडवाइज नतिजा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **बेनी नगरपालिका** | **Average Grade** | ३.६-४.० | ३.२-३.६ | २.८–३.२ | २.४-२.८ | २.०-२.४ | २.०-१.६ | ०.०-१.६ |
| | नगरपालिका औषत जम्मा | २.५ | ४९ | १७० | २६५ | २०६ | ३६ | ० | १३३ |
| १ | बालमन्दिर माध्यमिक विद्यालय | १.२ | ० | १ | ६ | ९ | ० | ० | २० |
| २ | माउन्ट एभरेष्ट आवासीय मा.वि. | ३.० | २ | २३ | ३२ | ९ | ० | ० | ४ |
| ३ | बेनी सामुदायिक मा.वि. | २.३ | ० | १८ | ५३ | २२ | ० | ० | २९ |
| ४ | जामुनाखर्क मा.वि. | १.९ | ० | २ | ४ | ७ | ० | ० | ६ |
| ५ | थाकनपोखरी आ.वि. | २.४ | ० | १ | १ | ४ | ० | ० | १ |
| ६ | प्रकाश मा.वि. | १.९ | ६ | ९ | १५ | २१ | ० | ० | ३२ |
| ७ | बेनी आवासीय मा.वि. | ३.५ | १२ | ७ | ५ | ० | ० | ० | ० |
| ८ | न्यू वेष्ट प्वाइन्ट आ.मा.वि. | ३.२ | २० | ४२ | ४० | २ | ० | ० | २ |
| ९ | लिटिल गार्डेन एकेडमी | ३.० | ३ | १० | १२ | १० | ० | ० | १ |
| १० | उज्यालो वैकल्पिक विद्यालय | १.७ | ० | ० | ३ | १ | ० | ० | ३ |

| शैक्षिक सत्र २०८० को कक्षा ८ को ग्रेडवाइज नतिजा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बेनी नगरपालिका | Average Grade | ३.६-४.० | ३.२-३.६ | २.८-३.२ | २.४-२.८ | २.०-२.४ | २.०-१.६ | ०.०-१.६ |
| ११ | मुसुङडोले आ.वि. | २.६ | ० | ० | ३ | ४ | १ | ० | ० |
| १२ | बालपृय शारदा आ.वि. | १.८ | ० | ० | २ | ६ | ० | ० | ४ |
| १३ | जयन्ति आ.वि. | २.८ | ० | ० | ५ | ५ | ० | ० | ० |
| १४ | गलेश्वर मा.वि. | २.५ | ० | ३ | ९ | ११ | २ | ० | ३ |
| १५ | गलेश्वर आदर्श आ.मा.वि | ३.२ | ० | ४ | १३ | ० | ० | ० | ० |
| १६ | जडभरत सालग्राम गण्डकी संस्कृत मा.वि. | २.१ | ० | ० | २ | १ | ० | ० | १ |
| १७ | राष्ट्रिय मा.वि. | २.० | ० | २ | ७ | १० | ३ | ० | ८ |
| १८ | राधाकृष्ण आ.वि. | २.२ | ० | ० | ० | २ | ८ | ० | ० |
| १९ | अर्जुन मा.वि. | २.९ | ० | ४ | ११ | १३ | १ | ० | ० |
| २० | बुद्ध एकेडमी | ३.४ | ० | १२ | २ | ० | ० | ० | ० |
| २१ | विद्योदय आ.वि. | २.६ | ० | ० | २ | ४ | ४ | ० | ० |
| २२ | दिपक मा.वि. | २.७ | ० | १ | ३ | ३ | १ | ० | ० |
| २३ | ज्योति आ.वि. | २.९ | ० | २ | २ | ३ | ० | ० | ० |
| २४ | पौलत्स्य मा.वि | १.८ | ० | १ | २ | २ | ५ | ० | ४ |
| २५ | जनकल्याण मा.वि | २.७ | १ | ४ | ७ | १५ | ४ | ० | १ |
| २६ | भानु मा.वि. | २.९ | ० | ३ | ७ | ९ | ० | ० | ० |
| २७ | रामचन्द्र मा.वि. | १.८ | ० | ० | ३ | ५ | ० | ० | ४ |
| २८ | सरस्वति मा.वि. | २.६ | ० | १ | ५ | ११ | ५ | ० | ० |
| २९ | बालमन्दिर मा.वि. | २.४ | ० | १ | १ | ८ | २ | ० | १ |
| ३० | धौलागिरी मा.वि. | १.६ | ० | १ | ३ | ९ | ० | ० | ९ |
| ३१ | म्याग्दी एकेडमी | ३.५ | ५ | १२ | ० | ० | ० | ० | ० |
| ३२ | तातोपानी बोर्डिङ | ३.३ | ० | ६ | ५ | ० | ० | ० | ० |

तालिका नं.१३

**शिक्षक दरबन्दी विवरण २०८०**

| तह | दरबन्दी | | | राहत अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|
| | अस्थायी करार | स्थायी | जम्मा | | |
| बाविके | ५१ | ० | ० | ० | ५१ |
| प्राथमिक | १२ | १९७ | २०९ | १४ | २२३ |
| निम्न माध्यमिक | ७ | ३९ | ४६ | २१ | ६७ |
| माध्यमिक | ३ | ३१ | ३४ | १९ | ५३ |
| साविक उ.मा. तह | ० | ० | ० | १९ | १९ |
| कुल जम्मा | २२ | २६७ | २८९ | ७३ | ३६२ |

बेनी नगरपालिकामा सामुदायिक विद्यालयहरूमा सञ्चालित बालविकास केन्द्र सङ्ख्या ५१ रहेको छ। प्राथमिक तहमा दरबन्दी २०९ राहत अनुदान १४ गरी २२३ दरबन्दी निम्नमाध्यमिक तहमा दरबन्दी ४६ राहत अनुदान २१ गरी ६७ माध्यमिक तह कक्षा ९-१२ मा दरबन्दी र अनुदान समेत गरी ७२ दरबन्दी गरी कुल शिक्षक दरबन्दी ३६२ रहेको छ।

तालिका नं. १४

तहगत शिक्षक विवरण २०८०

| क्र. सं. | तह | दरबन्दी | | | राहत अनुदान | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| | बाविके | ५१ | ० | ५१ | | | | ५१ | ० | ५१ |
| १ | आधारभूत ( १-५) | ८३ | १२६ | २०९ | ११ | ३ | १४ | ९४ | १२९ | २२३ |
| २ | आधारभूत (६- ८) | १२ | ३४ | ४६ | ८ | १३ | २१ | २० | ४७ | ६७ |
| ३ | माध्यमिक ९-१०) | ४ | ३० | ३४ | २ | १७ | १९ | ६ | ४७ | ५३ |
| ४ | माध्यमिक ११-१२) | ० | ० | ० | ३ | १६ | १९ | ३ | १६ | १९ |
| | कुल जम्मा | १५० | १९० | ३४० | २४ | ४९ | ७३ | १७४ | २३९ | ४१३ |

अनुदान प्राप्त बालविकास केन्द्रमा ५१ कोटामा ५१ जना नै महिला सहजकर्ता रहेका छन्। त्यसै गरी आधारभूत तहमा महिला शिक्षक ११४ जना र पुरुष शिक्षक १७६ जना रहेका छन्। माध्यमिक तह कक्षा ९-१० मा ६ जना महिला शिक्षक र ४७ जना पुरुष शिक्षक रहेका छन्। माध्यमिक तह कक्षा ११-१२ मा ३ जना महिला शिक्षक र १६ जना पुरुष शिक्षक रहेका छन्।

## १.८ साक्षरताको अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार यस नगरपालिकामा ५ वर्ष र सो भन्दा माथिको जम्मा जनसङ्ख्या मध्ये पढ्न र लेख्न दुवै सक्ने साक्षरता दर ८३.२४%, पढ्न मात्र सक्ने ०.०४%, पढ्न र लेख्न दुवै नसक्ने १६.३३% रहेको छ।

तालिका नं. १५

साक्षरता सम्बन्धी विवरण

| विवरण | ५ वर्ष माथिको जम्मा जनसंख्या | पढ्न लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | उल्लेख नभएको |
|---|---|---|---|---|---|
| कुल | ३०३८४ | २५२९२ | १११ | ४९६१ | २० |
| पुरुष | १४१२७ | १२८७० | ३३ | १२१३ | ११ |
| महिला | १६२५७ | १२४२२ | ७८ | ३७४८ | ९ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरू बाट १५ –६० को कुल जनसङ्ख्या २१८८८ मा २११९४ साक्षर भै नगरपालिकाको १५–६० उमेरको जनसङ्ख्यामा कुल साक्षरता ९६.८३ भएकोले २०७५ सालमा साक्षर नगरपालिका घोषणा भैसकेको छ ।

## १.९ बेनी नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण

म्याग्दी जिल्लाका ६ स्थानीय तहहरू मध्ये जिल्ला सदरमुकामा रहेको बेनी नगरपालिका एक मात्र स्थानीय तह हो । नगरपालिकाको भौतिक पूर्वाधार जस्तै शैक्षिक अवस्था समेत प्रदेश र राष्ट्रिय स्तरको तथ्यङ्कको तुलनामा सन्तोषजनकनै देखिएतापनी अझै सुधारोन्मुख रहेका छन् । भौतिक पूर्वाधारका साथै शैक्षिक गतिविधिहरूमा समेत दिनानुदिन परिवर्तनका सङ्केतहरू भने देखिन थालेका छन । माथि उल्लेखित तथ्याङ्क र तल उल्लेखित सूचाङ्कको आधारमा बेनी नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गरिएको छ ।

**तालिका नं १६**

**शैक्षिक सूचक र वर्तमान अवस्था**

| क्र.सं. | सूचक | २०८० को शैक्षिक उपलब्धी अवस्था | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बेनी न. पा. | | | गण्डकी प्रदेश | | | राष्ट्रिय | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | ९०.० | ९३.१ | ९१.७ | ९९.१ | १०२.२ | १००.७ | ९७.० | १०२.२ | ९९.९ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर | ६८.९ | ७०.९ | ७०.० | ७८.२ | ७९.६ | ७९.० | ७०.० | ७१.० | ७०.६ |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ७३.४ | ८५.९ | ८० | ८० | ८४.३ | ८२.३ | ७६.४ | ७७.३ | ७६.९ |
| १.४ | प्रारम्भिक बालविकास र शिक्षाको खुद भर्नामा लैङ्गिक समता सुचक (अनुपातमा) | | | ०.८ | | | ०.८ | | | ०.८ |
| २ | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | | |
| २.१ | कक्षा १ मा खुद प्रवेश दर (NIR ) | ९५.८ | ९६.४ | ९६.१ | ९४.८ | ९५.० | ९४.९ | ९५.४ | ९५.९ | ९५.७ |
| २.२ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR ) | ११७.३ | ११०.४ | ११३.६ | १११.९ | ११४.२ | ११३.१ | ११४.५ | ११७.० | ११५.९ |
| २.३ | कक्षा १-५मा खुद भर्ना दर (NER ) | ९६.१ | ९५.८ | ९५.९ | ९५.१ | ९५.७ | ९५.४ | ९५.६ | ९५.७ | ९५.६ |
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर (GER ) | ११७.३ | १२४.६ | १२१.२ | ११६.७ | ११८.९ | ११७.९ | १२४.३ | १२५.२ | १२४.८ |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | ९४ | ९४.२ | ९४.२ | | | | | | |
| २.६ | कक्षा ५ पूरा गर्ने दर | ९१ | ९०.३ | ९०.६ | | | | | | |

| क्र.सं. | सूचक | २०८० को शैक्षिक उपलब्धी अवस्था | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बेनी न. पा. | | | गण्डकी प्रदेश | | | राष्ट्रिय | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २.७ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | | | ०.८ | | | ०.९ | | | ०.९ |
| २.८ | कक्षा ६-८ मा खुद भर्ना दर (NER ) | ९४.५ | ९६.९ | ९५.९ | ९४.२ | ९५.० | ९४.६ | ९४.३ | ९४.५ | ९४.४ |
| २.९ | कक्षा ६-८ मा कूल भर्ना दर (GER ) | १४५.६ | १३१.४ | १३७.७ | १२३.१ | ११८.८ | १२०.८ | ११९.४ | ११२.७ | ११६.१ |
| २.१० | कक्षा १-८ मा खुद भर्ना दर (NER ) | ९५.५ | ९६.२ | ९५.९ | ९४.८ | ९५.४ | ९५.१ | ९५.१ | ९५.२ | ९५.२ |
| २.११ | कक्षा १-८ मा कूल भर्ना दर (GER ) | १२७.५ | १२७.३ | १२७.४ | ११९.० | ११८.९ | ११९.० | १२२.६ | १२०.७ | १२१.६ |
| २.१२ | कक्षा ८ टिकाउ दर | | | ९१.९ | | | | | | |
| २.१३ | कक्षा १ मा भर्ना भई कक्षा ८ सम्मको टिकाउदर | ८७.४ | ८७.४ | ८७.४ | ८६.४ | ८६.६ | ८६.५ | ८६.४ | ८६.२ | ८६.३ |
| २.१४ | कक्षोन्नति हुने दर | | | | | | | | | |
| २.१४.१ | कक्षा १ | ८१.४ | ८१.७ | ८१.५ | ८३.७ | ८४.१ | ८३.९ | ८१.० | ८१.५ | ८१.३ |
| २.१४.२ | कक्षा ३ | ९६.० | ९५.७ | ९५.८ | ९१.४ | ९१.० | ९१.२ | ८६.७ | ८६.८ | ८६.७ |
| २.१४.३ | कक्षा ५ | ९४.५ | ९३.६ | ९४.० | ९२.७ | ९१.६ | ९२.१ | ८९.७ | ८९.१ | ८९.४ |
| २.१४.४ | कक्षा ८ | ९२.५ | ८८.९ | ९०.६ | ९२.१ | ९०.३ | ९१.१ | ८७.९ | ८६.६ | ८७.३ |
| २.१५ | कक्षा छोडने दर | | | | | | | | | |
| २.१५.१ | कक्षा १ | ५.४ | ५.५ | ५.४ | २.६ | २.५ | २.६ | ३.७ | ४.० | ३.८ |
| २.१५.२ | कक्षा ३ | २.७ | २.५ | २.६ | १.९ | १.८ | १.८ | ३.० | ३.२ | ३.१ |
| २.१५.३ | कक्षा ५ | २.२ | २.४ | २.३ | १.५ | १.७ | १.६ | २.३ | २.६ | २.५ |
| २.१५.४ | कक्षा ८ | १.४ | १.५ | १.४ | १.६ | १.९ | १.७ | २.६ | ३.१ | २.८ |
| २.१६ | कक्षा दोहोर्याउन दर | | | | | | | | | |
| २.१६.१ | कक्षा १ | १३.२ | १२.८ | १३.० | १०.४ | १०.० | १०.२ | ११.५ | १०.८ | ११.१ |
| २.१६.२ | कक्षा ३ | १.३ | १.७ | १.६ | ३.७ | ४.१ | ३.९ | ७.१ | ६.५ | ६.८ |
| २.१६.३ | कक्षा ५ | ३.४ | ३.९ | ३.७ | ३.० | ३.८ | ३.४ | ५.१ | ५.१ | ५.१ |
| २.१६.४ | कक्षा ८ | ६.२ | ९.६ | ८.० | ३.९ | ५.० | ४.५ | ६.५ | ६.५ | ६.५ |
| २.१७ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | | | ०.८ | | | ०.९ | | | ०.९ |
| २.१८ | आधारभूत तह महिला शिक्षकको प्रतिशत | | | ३९.३ | | | | | | |
| २.१९ | कक्षा ८ का विद्यार्थी सिकाइ उपलब्धि (GPAमा) | | | २.८ | | | | | | |

| क्र.सं. | सूचक | २०८० को शैक्षिक उपलब्धी अवस्था | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बेनी न. पा. | | | गण्डकी प्रदेश | | | राष्ट्रिय | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्ना दर (GER ) | १२५.३ | १२९.२ | १२७.३ | ९९.० | १००.१ | ९९.६ | ९७.३ | १००.१ | ९८.७ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर (NER ) | ७४.५ | ८१.६ | ७८.२ | ७६.३ | ७७.८ | ७७.१ | ७५.७ | ७७.३ | ७६.५ |
| ३.३ | कक्षा ९-१२ मा खुद भर्ना दर (NER ) | ६९.५ | ६८.२ | ६८.८ | ५७.८ | ५९.९ | ५८.८ | ५५.८ | ५७.९ | ५६.८ |
| ३.४ | कक्षा ९-१२ मा कुल भर्ना दर (GER ) | १२३.२ | ११३.३ | ११८.१ | ८५.४ | ८६.५ | ८६.० | ८०.५ | ८५.८ | ८३.२ |
| ३.५ | कक्षा ११-१२ मा कूल भर्ना दर (GER ) | १२१.२ | ९८.३ | १०९.६ | ७२.२ | ७२.४ | ७२.३ | ६३.८ | ७१.५ | ६७.७ |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्ना दर (NER ) | ६४.८ | ५५.६ | ६०.२ | ३९.९ | ४१.३ | ४०.६ | ३६.० | ३८.४ | ३७.१ |
| ३.७ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | | | १३ | | | | | | |
| ३.८ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि (GPAमा) | | | १.८ | | | | | | |
| ३.९ | प्राविधिक धार तर्फ अध्ययन गर्ने विद्यार्थीको प्रतिशत | | | २.३ | | | | | | |
| ३.१० | प्राविधिक धार विद्यार्थी शिक्षक अनुपात | | | ७:१ | | | | | | |
| ३.११ | प्राविधिक धार तर्फ कक्षा ९ मा भर्ना भै १२ कक्षा पुरा गर्ने विद्यार्थी प्रतिशत | | | | | | | | | |
| **४** | **अनौपचारिक शिक्षा र निरन्तर सिकाइ** | | | | | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | | | ९८ | | | | | | |
| ४.२ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | | | ९६.८३ | | | | | | |
| **५** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | | |
| **५.१** | कक्षा १-५ मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | | | ८ :१ | | | | | | |
| ५.२ | कक्षा ६-८ मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | | | २५ :१ | | | | | | |

| क्र.सं. | सूचक | २०८० को शैक्षिक उपलब्धी अवस्था | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बेनी न. पा. | | | गण्डकी प्रदेश | | | राष्ट्रिय | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ५.३ | कक्षा१-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | | | १२:१ | | | | | | |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | | | २१:१ | | | | | | |
| ५.५ | कक्षा ११-१२ मा विद्यार्थीःशिक्षक अनुपात | | | ६९:१ | | | | | | |
| ५.६ | कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक अनुपात | | | ३५:१ | | | | | | |
| ५.७ | शिक्षा नियमावली बमोजिम नियुक्त प्रअ रहेको विद्यालय सङ्ख्या | | | १. | | | | | | |
| **६.** | **शिक्षामा लगानी** | | | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानीकरण समेत प्रतिशत | प्रतिशत | | ४४.८ | | | | | | |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च | (रू. हजारमा) | | ५२.३ | | | | | | |
| ६.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च | (रू. हजारमा) | | २९. | | | | | | |
| ६.४ | पालिकातर्फको बजेटमा शिक्षा क्षेत्रको प्रतिशत (ससर्त बाहेक) | प्रतिशत | | **३.३** | | | | | | |

*स्रोतः शिक्षा तथा मानवस्रोत विकास केन्द्र ,फ्ल्यास रिपोर्ट २०८० र बेनी नपा शिक्षा शाखा*

यस नगरपालिकामा ५५ सामुदायिक विद्यालय ११ संस्थागत विद्यालय गरी ६६ विद्यालयहरू औपचारिकरूपमा सञ्चालनमा छन् । बेनी नगरपालिकाका ५१ सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्रहरू सञ्चालनमा छन् । उच्च शिक्षा प्रदान गर्ने एउटै मात्र संस्था म्याग्दी बहुमुखी क्याम्पस रहेको छ । यस क्याम्पसले  म्याग्दीको समग्र क्षेत्रमा सेवा पुऱ्याएको अवस्था छ । अनौपचारिक तथा निरन्तर शिक्षातर्फ कार्य गर्नका लागि ७ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन् ।

शैक्षिकसत्र २०८० अनुसार बालविकासमा भर्ना भएका बालबालिकाको सङ्ख्या १४०२ रहेको छ । बालविकास देखि १२ सम्म अध्ययन गर्ने कुल बालबालिकाहरूको सङ्ख्या १०९६५ रहेको छ । बालविकास देखि १२ कक्षासम्म अध्ययन गर्ने बालबालिकाहरूमध्ये सामुदायिक विद्यालयमा ६६१५ (६०.३३%) र संस्थागत विद्यालयमा ४३५०( ३९.६७%) बालबालिकाहरू अध्ययनरत छन् ।

जातजाति अनुसार विद्यार्थी भर्नाको अवस्था हेर्ने हो भने दलित विद्यार्थीहरूको २९.६२ प्रतिशत, जनजाति विद्यार्थीहरूको २९.४१ प्रतिशत र दलित र जनजाति बाहेक अन्य जातजातिहरूको ४०.५१ प्रतिशत रहेको छ।

बेनी नगरपालिकामा रहेका विद्यालयहरूमा विद्यार्थीहरूको तहगत र कुल भर्ना दर सम्बन्धी विवरणलाई हेर्दा प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर ७०. प्रतिशत, कक्षा १ को खुद प्रवेश दर ९६.१ , आधारभूत तहको कक्षा १ देखि ५ सम्मको खुद भर्ना दर ९५.९ र आधारभूत तहको कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर ९५.९ रहेको छ। उपरोक्त तथ्याङ्कलाई हेर्दा बालविकास केन्द्रमा जाने उमेरका ३० प्रतिशत बालबालिका अझै पनि बालविकास केन्द्रमा भर्ना नभएको देखिन्छ। त्यसैगरी ५–९ वर्ष उमेरका बालबालिका मध्ये ४ प्रतिशत बालबालिका विद्यालय बाहिरनै रहेको देखिन्छ। यसैगरी माध्यामिक तह कक्षा ९ देखि १० सम्मको खुद भर्ना दर ७८.२ छ भने माध्यामिक तहको कक्षा ११ र १२ मा खुद भर्ना दर ५५.६ प्रतिशत रहेको छ। यसैगरी कक्षा ९ देखि १२ सम्मको खुद भर्ना दर ६८.८ रहेको छ। यसरी तथ्याङ्कमा माध्यमिक तहमा विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर रहेको देखिएतापनि विद्यालयमा ढिलो उमेरमा भर्ना हुने कक्षा दोहराउने आदि कारणले विद्यालय बाहिर रहेको देखिन आएको हो।

यस नगरपालिकामा २०७६ सालमा गरिएको घरधुरी सर्वेक्षणको आधारमा ९६.८२ प्रतिशत साक्षर रहेका छन् भने २०७४ साल मङ्सिर १८ मा बेनी नगरपालिकालाई साक्षर नगरपालिकाको रूपमा घोषणा समेत गरीसकिएको छ। कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपात हेर्ने हो भने ८.४ : १ अर्थात करिब ८ विद्यार्थीको लागि एक शिक्षक पर्न आउँछ त्यसैगरी सामुदायिक विद्यालयको कक्षा ६-८ मा विद्यार्थी शिक्षक अनुपात हेर्दा २५ : १ देखिन आउँछ अर्थात १ शिक्षक बराबर करिब २५ विद्यार्थी पर्न आउँछ। कक्षा ९- १० मा विद्यार्थी शिक्षकको अनुपात २१:१ रहेको छ भने कक्षा ११-१२ को विद्यार्थी शिक्षक अनुपात ६९: १ रहेको छ|

शिक्षामा लगानी हेर्दा बेनी नगरपालिकाको कुल बजेटको अधिकांश रकम शिक्षक तलब भत्तामा खर्च हुन्छ। यसका साथै नगरपालिकाको कुल बजेटको ४४.८ % बजेट शिक्षातर्फ विनियोजन भएको देखिन्छ। कुल बजेटबाट शिक्षा क्षेत्रमा विनियोजन गरिएको बजेटमध्ये आधारभूत तहका विद्यार्थीको लागि प्रति विद्यार्थी सरकारी खर्च करिब रु ५२ हजार ३०० र माध्यमिक तहका विद्यार्थीको करिब रु २९ हजार खर्च हुने देखिन्छ। त्यसै गरी कुल बजेटमा ससर्तबाहेक शिक्षा क्षेत्रमा विनियोजन भएको बजेट ३ प्रतिशत रहेको छ। समग्रमा शिक्षातर्फको बजेट विनियोजनलाई हेर्दा नकारात्मक भन्न मिल्दैन तापनि अधिकांश बजेट तलब भत्तामा खर्च हुने भएकोले शैक्षिक कार्यक्रममा बजेट खर्च अनुपात कम रहेको छ।

## १.१० नगरपालिकाका शैक्षिक समस्या तथा चुनौति र अवसरहरूको (SWOT) विश्लेषण

### क) सबल पक्षहरू

शिक्षा ऐन तथा नियमावलीको निर्माण, बाल विकास केन्द्रको स्थापना, र दरबन्दी व्यवस्थापन मार्फत शिक्षकको आपूर्ति प्रमुख सबल पक्षहरू हुन्। विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, इन्टरनेट र यातायातको सुविधा, साथै स्थानीय पाठ्यक्रमको कार्यान्वयनले शिक्षामा सुधारका लागि बलियो आधार प्रदान गरेको छ।

शिक्षा ऐन तथा नियमावली निर्माण, आवश्यकताअनुसार बाल विकास केन्द्र र शिक्षकहरूको व्यवस्था, स्थानीय स्रोत र स्वयंसेवक शिक्षकमार्फत दरबन्दीको व्यवस्थापन, विद्यालयमा पर्याप्त भौतिक सेवाहरू, जस्तै बिजुली, इन्टरनेट, खानेपानी, आधारभूत तहको शिक्षा निःशुल्क बनाउने र स्थानीय पाठ्यक्रम लागू गर्ने, स्थानीय तहबाट केही

विद्यालयलाई नमूना विद्यालयकोरूपमा विकास गर्ने जस्ता कार्य अघि बढेका छन जसलाई यस पालिकाको सबल पक्षको रूपमा लिन सकिन्छ।

**ख) शैक्षिक समस्या**

बेनी नगरपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र नगरपालिकाले अनुभूति गरेका र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्:-

१. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू विशेषत: सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु।

२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु।

३. सार्वजनिक शिक्षामा स्थानीय समुदायको पूर्ण अपनत्व सिर्जना हुन नसक्नु।

४. सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा हुनु।

५. सामुदायिक विद्यालयका शिक्षकहरूको पेसाप्रतिको लगनशीलता र उत्प्रेरणा कमी।

६. शिक्षण पेसा रोजाइको पेसा हुन नसक्नु।

७. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु।

८. ग्रामिण बस्तिका विद्यालयहरूको भौतिक अवस्था तथा व्यवस्थापनमा सुधार हुन नसक्नु

९. विद्यालयको शैक्षिक गुणस्तर अपेक्षित रुपमा वृद्धि हुन नसक्नु।

१०. विज्ञान र गणित विषयका शिक्षकहरूको अझैपनि नगरपालिकामा अभाव रहनु प्राथमिक तहका शिक्षकहरूको सङ्ख्या बढी देखिएको भएतापनि कक्षा १-५ चलेको विद्यालयमा २/ ३ जना मात्र शिक्षकको व्यवस्था हुँदा प्रभावकारी शिक्षण हुन नसक्नु।

११. कक्षागत तथा विषयगत शिक्षकको अभावले उपलब्धि र गुणस्तरमा कमि आउनु

१२. शिक्षकहरूको पेसागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु।

१३. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु।

१४. सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु।

१५. विद्यालय व्यवस्थापन समितिको क्षमता वृद्धि हुन नसक्नु ।

१६. कतिपय माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा विषयगत दरबन्दीको अभाव भई न्यून वेतनमा तालिम अप्राप्त र लाईसेन्स समेत नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराइनु।

१७. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य अत्यन्त न्यून हुनु।

१८. कतिपय विद्यालयहरूमा विद्यार्थी सङ्ख्या ज्यादै न्यून रहेको छ नीतिगत हिसाबले नजिकको विद्यालयमा समायोजन गर्दा ५-६ वर्षका बालबालिकाहरूको समेत एक डेढ घण्टा हिँडेर नजिकको विद्यालयमा जानुपर्ने बाध्यताले विद्यालय समायोजन र तह घटाउने कार्य हुन नसक्नु।

१९. वर्तमान परिवर्तित पाठ्यक्रमलाई शिक्षक सामु यथोचित तवरले प्रबोधीकरण गर्ने कार्य हुन सकेको छैन जसले गर्दा परिवर्तित पाठ्यक्रम र पाठ्यपुस्तक कक्षाकोठामा सही ढङ्गले प्रयोग हुन नसक्नु।

२०. पाठ्यक्रम अध्ययन गरी पठनपाठन हुनुपर्नेमा विद्यार्थीको पाठ्य पुस्तकलाई नै मुख्य आधार मानी शिक्षण भएको पाइन्छ। पाठ्यक्रम र शिक्षक निर्देशिकाको कम प्रयोग हुनु।

२१. विद्यार्थी मूल्याङ्कनको साधन लिखित परीक्षालाई अधिकत रूपमा प्रयोग गरीनु। विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोकेबमोजिम निरन्तर विद्यार्थी मूल्याङ्कन /आन्तरिक मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण शुन्य प्राय हुनु।

२२. योग्यता पुगेको र वर्तमान शिक्षा नियमावलीले तोके अनुसारको प्रधानाध्यापक नियुक्त नहुनु

२३. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी हुनु।

२४. विद्यालयका भौतिक सुविधा जस्तै भवन, कक्षाकोठा, खानेपानी, शौचालय,खेलमैदान आदि प्रयाप्त नहुनु भएका पनि बालमैत्री अपाङ्गमैत्री भुकम्प प्रतिरोधी नुहुनु

२५. पुस्तकालय, विज्ञान प्रयोगशाला र आइसीटी ल्यावका लागि उपयुक्त संरचना र आवश्यक स्रोतसामग्रीको अभाव रहनु ।

**ग) चुनौतिहरू**

न्यून विद्यार्थी र न्यून शिक्षकबाट विद्यालय सञ्चालन गर्नु, उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु ,शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शुन्यमा झार्नु अपेक्षित सिकाइ उपलब्धि प्राप्ती, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्. त्यसै गरी सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरूबिच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु, सार्वजनिक शिक्षामा सबै नागरीकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु पनि शिक्षा क्षेत्रका चुनौतिहरू हुन।

त्यसैगरी नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निशुल्क एवं माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्ने, सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढङ्गले प्रयोग गर्न, विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन, बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गर्न, विद्यालय दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालय शिक्षा मार्फत प्रदान गर्न, गरीब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन, विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त गरी समावेशी र समतामूलक वातावरण सिर्जना गर्न, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने विषयहरू विद्यालय शिक्षाका चुनौतिका रूपमा रहेका छन।

**घ) अवसरहरू**

शिक्षा मौलिक हकको रूपमा स्थापित भई निःशुल्क र अनिवार्य भएको, आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहनु, विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैंगिक समता सूचकाङ्कहरूमा पर्याप्त सुधार हुनु, समावेशी सहभागितामा वृद्धि हुनु सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम स्थानीय तह सम्म सर्वसुलभ हुनु माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक सरकार र सङ्घीय सरकार समेतको उत्तिकै चासो हुनु, तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु यस क्षेत्रका मुख्य अवसरहरू हुन् ।

# परिच्छेद २
# दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू निर्धारण

## २.१ शिक्षा योजना निर्माणका आधार

नेपालको संविधान बमोजिम तीन तहको शासकीय स्वरूप कार्यान्वयनमा रहेको छ । संविधानले तीन तहबिच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा कार्य गर्न मार्गदर्शन गरेको सन्दर्भमा स्थानीय शिक्षा सम्बन्धी एकल तथा साझा अधिकार लगायतका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी शिक्षालाई जीवनोपयोगी प्रतिस्प्रधी एवं संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँचका लागि नीति तथा योजनाको आवश्यकता पर्दछ । शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रूपमा कार्यक्षेत्र समेत निर्धारण गरिएको अवस्थामा स्थानीय तहको आगामी शैक्षिक कार्यक्रमहरूलाई योजनावद्ध रूपमा सञ्चालन गर्नका लागि स्थानीय तहको शिक्षा क्षेत्र योजनाको आवश्यकता रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति निर्माण, मापदण्ड योजना तर्जुमा कार्यान्वयन, अनुगमन मुल्याङ्कन गर्ने काम स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको उल्लेख गरेको छ । सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन र नियमन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति, अनुगमन मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने कार्य पनि स्थानीय तहको रहेको छ । गाभिएका, बन्द गरिएका विद्यालयहरूको सम्पती व्यवस्थापन, गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण, सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी कार्य स्थानीय तहको रहेको छ । त्यसैगरी विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार सञ्चालन र व्यवस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन, निशुल्क शिक्षा विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन र ट्यूसन कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति र नियमनका जस्ता कार्यहरू समेत स्थानीय तहको कार्य क्षेत्र भित्र रहेको छ । यसैगरी स्थानीय स्तरको शैक्षिक ज्ञान सिप र प्रविधिको संरक्षण प्रवर्द्धन र स्तरीकरण, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्म शैक्षिक कार्यक्रम समन्वय र नियमन, सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन, शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन कार्यहरू स्थानीय तहको रहेको देखिन्छ ।

नेपाल सरकारले मिति २०७६ कार्तिक महिनामा स्वीकृत गरेको शिक्षा नीति बमोजिम स्थानीय सरकारको जिम्मेवारी निम्न अनुसार उल्लेख गरेको छ ।

१ प्रारम्भिक बालविकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,

२ आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा,कार्यान्वयन,अनुगमन,मुल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन

३ अनौपचारिक,वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

४ निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,

५ अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

६ खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

७ आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

८ मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

९ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,

१० गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

११ विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,

१२ विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

१३ स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,

१४ विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,

१५ राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्वितरण र मिलान,

१६ विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,

१७ सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१८ आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

१९ स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन,

२० अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,

२१ स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,

२२ सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,

२३ विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

२४ शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,

२५ स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२६ विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,

२७ अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गरेका शिक्षा सम्बन्धी प्रतिवद्धता, दिगो विकासका लक्ष्य सन् २०२२ भित्र अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती र सन् २०३० सम्म मध्यम आए भएको राष्ट्रको रूपमा स्तरोन्नती हुने लक्ष्य लिएको छ। ५ वर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP 2073-78) आ.व. २०७७/०७८को

असार मसान्त सम्ममा समाप्त भैसकेको छ । नेपाल सरकारले हाल विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याइसकेको छ।

मुलुक सङ्घीय संरचनामा गईसकेपछि बदलिँदो राजनीतिक परिवेश, नेपालको संविधानले प्रत्याभूत गरेका नागरीकका मौलिक हकको कार्यान्वयन राष्ट्रले लिएका शिक्षाका लक्ष्य एवं प्रतिवद्धताहरू, प्रदेश सरकारले लिएका शैक्षिक लक्ष्य तथा उद्देश्यहरू समेतको प्राप्तिका लागि योजना अपरीहार्य हुने भएकोले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीतिमा भएका मूलभूत पक्ष स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले तोकेका स्थानीय तहका काम, कर्तव्य र अधिकारहरू समेतको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकोले यो शिक्षा क्षेत्र योजनाको आवश्यकता अपरिहार्यता, सान्दर्भिकता र औचित्यता रहेको पुष्टि हुन्छ।

माथि उल्लेख भएका परिवेश स्थानीय तहको आवश्यकता र औचित्यको आधारमा बेनी नगरपालिकाले नगर क्षेत्रको समग्र शैक्षिक प्रगतिका लागी ५ वर्षे नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपरेकोले यो नगर शिक्षा योजना तयार गरिएको छ।

## २.२ नगरपालिकाको दीर्घकालीन सोच (Vision), लक्ष्य, उद्देश्य र रणनीतिहरू

### २.२.१ परिचय

दीर्घकालीन सोच सामान्यतः आवधिक योजना अवधिभित्र प्राप्त हुने अवस्था मात्र नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रुपमा उल्लेख गरिएका हुन्छन। नेपाल सरकारले दीर्घकालीन सोचको रुपमा "समृद्ध नेपाल, सुखी नेपाली" निर्धारण गरेको छ। सोह्रौ योजनामा "सुशासन सामाजकि न्याय र समृद्धि" दीर्घकालीन सोचको रूपमा उल्लेख रहेको छ भने गण्डकी प्रदेशको दीर्घकालीन सोच "समृद्ध प्रदेश, सुखी प्रदेशवासी" रहेको छ। शिक्षा नीति २०७६ मा "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि" उल्लेख छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भै कार्यान्वयनमा रहेका विद्यायल शिक्षा क्षेत्र योजनामा दीर्घकालिन सोच ( Vision) को रुपमा "सक्षम, सिर्जनशील र मूल्यउन्मुख नागरीक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका माध्यमबाट "समृद्ध नेपाल, सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने। त्यसैगरी "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारःस्वच्छ समृद्ध बेनी नगरको मूल आधार" भन्ने बेनी नगरपालिकाको आदर्श वाक्य रहेको छ।

माथि उल्लेखित विभिन्न तह र क्षेत्रले तय गरेका दीर्घकालीन सोच ( Vision) लाई आधार मानेर पालिका स्तरको शिक्षा क्षेत्रको योजना निर्माण गर्दा परिच्छेद १ मा उल्लेख गरिएका नगरपालिकाभित्रको शैक्षिक परिवेशको समिक्षा सहित उठान गरिएका मुख्य समस्या, चुनौति तथा अवसर र सम्भावनाहरूलाई समेत मध्यनजर गरी बेनी नगरपालिकाको शिक्षा योजनाले समेत निम्नअनुसारको दीर्घकालिन सोच र गन्तव्य तय गरेको छ।

### २.२.२. दीर्घकालीन सोच (Vision)

**गुणस्तरीय र व्यवहारिक शिक्षा, समृद्ध बेनी नगरपालिका हामी सबैको अपेक्षा,**

### २.२.३. लक्ष्य (Goal)

गुणस्तरीय, व्यवहारिक तथा सान्दर्भिक शिक्षा प्रदान गरी सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी नागरीक तयार गर्ने,

### २.२.४. प्रमुख उद्देश्यहरू (Objectives)

यस नगरपालिकाको शिक्षा क्षेत्र योजनाका उद्देश्य निर्धारण गर्दा नगरपालिकाले सामना गर्नुपरेका समस्या तथा चुनौतिहरूलाई सम्बोधन हुने गरी तयार गरिएको छ । सामान्यतया शिक्षा क्षेत्रका अधिकांश समस्या तथा चुनौतिहरू एक अर्को पालिका, प्रदेश र सङ्घीय सरकारका एकै प्रकारका हुन सक्छन । त्यसकारण शैक्षिक परिवर्तन ल्याउन तयार गरिएका शिक्षाका उद्देश्य समेत सङ्घीय सरकार प्रदेश सरकार र स्थानीय तहका समेत मिल्दा जुल्दा हुने भएकोले यस बेनी नगरपालकिको शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरिएको छ ।

१. बेनी नगरपालिकाभित्रका सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु,
३. माध्यमिक शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
४. प्राविधिक तथा व्यवसायिक शिक्षामा सबै वर्गका बालबालिकाहरूको पहुँच र सहभागिता सुनिश्चित गरी प्राविधिक शिक्षाको अवसर सहज रुपमा उपलब्ध गराउनु,
५. सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु,
६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी प्रत्येक बालबालिकामा सिकाइ उपलब्धीको सुनिश्चित गर्नु,
७. सबै विद्यालयहरूमा शैक्षिक सुशासनको प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,
८. दक्ष जनशक्ति उत्पादनका लागि उच्च शिक्षामा प्रोत्साहन गर्नु ।

### २.२.५ दीर्घकालीन रणनीतिहरू

उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरू रहेका छन् । नगरपालिकाभित्रका विद्यालय शिक्षामा सबै बालबालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने, विद्यालय शिक्षा गुणस्तर र प्रविधिमा सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामूलक र सबैको पहुँचमा केन्द्रित गराउने, सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्ने, सबै परिस्थिति (सहज,असहज) मासमेत शैक्षिक क्रियाकलापमा सबैको पहुँच सुनिश्चित गर्ने, योजनाका दीर्घकालिन रणनीतिक प्रार्थमिकताहरू हुन् । यीनै रणनीतिक प्राथमिकतामा आधारित भई यस योजनाको कार्यान्वयनको लागि निम्न लिखित रणनीतिहरू तय गरिएको छः

१. बालविकासकेन्द्र नरहेका विद्यलयहरूमा अनिवार्य रुपमा बालविकासकेन्द्रको स्थापना गरी शिक्षक व्यवस्थापन गर्ने । (१)

२. बालविकासकेन्द्रमा सिकाई सामग्री र सूचना तथा सञ्चार प्रविधि सहितको कक्षा कोठा व्यवस्थापनसहित भौतक सुविधा विस्तार गर्ने । (१)

३. शिक्षा ऐन, नियमावली अनुकूल स्थानीय तहमा समेत शिक्षा ऐन, नियम निर्माण गरी वैज्ञानिक र व्यवहारिक मापदण्डका आधारमा भौगोलिक नक्साङ्कनसमेत गरी स्थानीय आवश्यकताअनुसार विद्यालय स्थापना समायोजन तथा पुनःवितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चिता गर्ने । (१,२,३)

४. नगरपालिकाभरिका विद्यालयहरूमा निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच र समावेशिता सुनिश्चित गरी सङ्घ र प्रदेशको समन्वयमा विद्यालयहरूका सबै सरोकारवालाहरूको क्षमता विकास गर्ने । (१,२,३)

५. नगरपालिकाको आफ्नै स्रोतका साथै सङ्घीय सरकार र प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणमा विद्यालयहरूको भौतिक,आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन गर्ने ।(१,२,३)

६. नगरपालिकाभित्रका सबै विद्यालयहरूमा स्थानीय सरकारको अगुवाइ, सङ्घीय र प्रदेश सरकारको सहयोग र सहजीकरणमा विद्यालयलहरूले भौतिक आर्थिक शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको प्रवर्द्धन गर्ने । (३)

७. नगरपालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षामा गरीब, दलित, पिछडिएको वर्ग लगायत सम्पूर्णको सहभागिता सुनिश्चित गर्न आर्थिक तथा भौतिक रुपमा विद्यालयको क्षमता विस्तार गर्ने । (४)

८. सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गर्ने । (५)

९. नगरपालिकाभित्र शिक्षामा सहज पहुँच स्थापना गर्न आय आर्जन तथा अनौपचारिक शिक्षाको परिभाषा सहित दिगो सामुदायिक विकासको प्रवर्द्धन गर्ने । (५)

१०.नगरपालिकाभित्र आधारभूत तथा माध्यमिक (प्राविधिक शिक्षासमेत) विद्यालयमा सूचना प्रविधियुक्त शिक्षण सिकाइ वातावरण तयार गर्न शिक्षक शिक्षा तथा तालिम र मूल्याङ्कन प्रणालीमा सुधार गर्ने । (६)

११.बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार पुग्ने गरी दिवा खाजाको प्रबन्ध सङ्घीय सरकारको सहयोगमा गर्ने । यसबाट गरीब, सुविधाविहीन कठिन परिस्थितिमा रहेका अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गर्ने । (६)

१२.विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयमा नेतृत्व प्रणालीमा सुधार, प्रविधियुक्त शिक्षण व्यवस्था, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा सुपरीवेक्षण संयन्त्रको विकास गर्ने । (७)

१३. नगरपालिका स्तरमा विद्यार्थी उपलब्धिको आधारमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूको आधारमा सुधार गर्ने र सुधारोन्मुख विद्यालयहरूलाई प्रोत्साहन गर्ने पद्धति विकास गर्ने । (७)

१४. समृद्ध बेनी नगरपालिकाको नारालाई सफल बनाउन अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि सङ्घ र प्रदेश सरकारबिच समन्वय गरी उत्तरदायित्व बहन गर्ने प्रणालीलाई प्रभावकारी बनाउने । (७)

१५. उच्च शिक्षा तथा दक्ष जनशक्ति उत्पादन गर्ने संस्था र विद्यार्थीका लागि लगानी सुनिश्चित गर्ने । (८)

### २.२.६ कार्यनीतिहरू

१. नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिने छ ।

२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

३. विद्यालयबाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

४. सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिने छ ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

६. प्रारम्भिक कक्षाका विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि शिक्षक पेशागत सहयोग, अभिभावक शिक्षा, सिकाइ सामग्री व्यवस्थापन, समुदाय परिचालन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

७. प्रारम्भिक बाल विकास र शिक्षा तथा आधारभूत तहमा भर्ना भएका बालबालिकाहरूको अपाङ्गताको पहिचान गरिनेछ । पहिचान भएका बालबालिकाको कार्यगत सीमितताका आधारमा सिकाइ योजना तयार गरी सिकाइमा सहयोग गरिनेछ ।

८. सबै विद्यालयमा नियमितरूपमा अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप सञ्चालन, विद्यार्थीको नतिजाको बारेमा अभिभावकलाई जानकारी गराइ विद्यार्थीको सिकाइमा सुधार ल्याइनेछ ।

९. आधारभूत तहको स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र आवश्यक सन्दर्भ सामग्री तयार गरी सबै बालबालिकालाई वितरण गरिनेछ ।

१०. विद्यालयका भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री बनाउन भौतिक पूर्वाधारको निर्माण, मर्मत सम्भार तथा स्तरोन्ती गरिनेछ ।

११. आपतकालिन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता र सिकाइ निरन्तरताका लागि आकस्मिक योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२. आधाभूत तहका सबै शिक्षकहरूलाई एकीकृत पाठ्यक्रमको तालिम सञ्चालन, विषयगत शिक्षकका लागि शिक्षक पेशागत सहयोग तालिम, पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।

१३.सबै विद्यालयहरूको विद्यालय सुधार योजना तयार गरी सो योजनाका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१४.विद्यालयप्रति समुदायको सहभागिता अभिवृद्धि र सिकाइ वातावरण सुधारका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाई प्रत्येक शैक्षिक सत्रमा विद्यालयको शैक्षिक तथ्याङ्क सङ्कलन, विश्लेषण, योजना निर्माणमा उपयोग र वार्षिक योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा ल्याइनेछ ।

१६.शिक्षकको शिक्षण सिकाइमा विताउने समय वृद्धिगरी विद्यार्थीको नतिजामा सुधार ल्याउन विद्यालयगतरुपमा प्रतिवेदन प्रणाली स्थापना गरिनेछ ।

१७.शैक्षिक सुशासन र व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउन विद्यालयको लेखा तथा सामाजिक परीक्षण र सार्वजनिकीकरण, प्र.अ. र लेखासम्बद्ध कर्मचारीलाई लेखा व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

१८.विद्यालय अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी विद्यालय अनुगमन, शिक्षकको निरन्तर पेशागत सहयोग, सिकाइ सुधारका लागि शिक्षकलाई स्थलगत सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।

१९.सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान तथा सूचना प्रविधि प्रयोगशाला, सिकाइ कुना, पाठ्यक्रम लगायतका सन्दर्भ सामग्रीको व्यवस्था गरिनेछ ।

## २.३ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. बेनी नगरपालिकाभरिका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित हुने,

२. नगरपालिकाभरि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने,

३. बेनी नगरपालिकाभरि माध्यमिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सहितको शिक्षण हुने र सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय शिक्षामा सुधार आउने,

४. नगरपालिका भित्र समाजमा पछि परेका, गरीबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको निमित्त अभिभावकहरूका लागि आय आर्जन कार्यक्रम सञ्चालन मार्फत सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने ,

५. नगरपालिका शिक्षा शाखा लगायत नगरपालिकाभरिका विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,

६. योग्य, सक्षम, प्रविधिमा निपूर्णता राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुने,

७. नगरपालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,

८. विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने कार्य पुरा भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने,

९. सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुने,

१०. असहज तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने,

११. नगरपालिकाभरिका विद्यार्थीहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त, उपयुक्त र बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,

१२. सबै विद्यालयहरूमा इन्टरनेट लगायत सूचना सञ्चार प्रविधिको विस्तार भई सिकारूलाई प्रविधियुक्त समयानुकूल, गुणस्तरीय बनाउन सहयोग पुग्ने,

१३. नगरपालिकाभरिका विद्यालयहरूमा कम्प्युटर ल्याव, लाईब्रेरी, विज्ञान प्रयोगशाला लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्ने,

१४. सबै बालबालिकाहरूका निम्ति विद्यालयहरूमा खेलकुदको अवसर प्रदान गर्न आवश्यक खेलमैदान र खेलकुद सामग्रीको व्यवस्था हुने ।

१५. उच्च शिक्षा तथा दक्ष जनशक्ति उत्पादन गर्ने संस्था र विद्यार्थीका लागि लगानी र आवश्यक प्रोत्साहानका कार्यक्रम सञ्चालन भएको हुने ।

## २.४ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य (Key Performance indicators &Target)

विद्यालय शिक्षा क्षेत्र योजानले तयार गरेका निम्न सूचकका आधारमा यस योजनाले बेनी नगरपालिकाको आगामी ५ वर्षको लागि देहाय बमोजिम लक्ष्य निर्धारण गरिएको छ ।

तालिका नं १७

मूख्य कार्यसम्पादन सूचक

| क्र.सं. | सूचक | आधार वर्ष २०८० | | | आगामी ५ वर्षको लक्ष्य | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | बेनी न. पा. | | |
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | ९९.९ | १००.७ | ९१.७ | १००.० | EMIS |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर | ७०.६ | ७९.० | ७०.० | ९०.० | EMIS |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ७६.९ | ८२.३ | ८० | ९५.० | EMIS |
| १.४ | प्रारम्भिक बालविकास र शिक्षाको खुद भर्नामा लैङ्गिक समता सुचक (अनुपातमा) | ०.८ | ०.८ | ०.८ | ०.९ | EMIS |
| **२** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | |
| २.१ | कक्षा १ मा खुद प्रवेश दर (NIR ) | ९५.७ | ९४.९ | ९६.१ | १००.० | EMIS |
| २.२ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR ) | ११५.९ | ११३.१ | ११३.६ | १०५.० | EMIS |
| २.३ | कक्षा १-५मा खुद भर्ना दर (NER ) | ९५.६ | ९५.४ | ९५.९ | .१०० | EMIS |
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर (GER ) | १२४.८ | ११७.९ | १२१.२ | १००.० | EMIS |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | | | ९४.२ | ९६ | EMIS |
| २.६ | कक्षा ५ पूरा गर्ने दर | | | ९०.६ | ९५ | EMIS |
| २.७ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९ | ०.९ | ०.८ | ०.९ | EMIS |
| २.८ | कक्षा ६-८ मा खुद भर्ना दर (NER ) | ९४.४ | ९४.६ | ९५.९ | ९८.० | EMIS |

| क्र.सं. | सूचक | आधार वर्ष २०८० | | | आगामी ५ वर्षको लक्ष्य | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | बेनी न. पा. | | |
| २.९ | कक्षा ६-८ मा कूल भर्ना दर (GER ) | ११६.१ | १२०.८ | १३७.७ | ११०.० | EMIS |
| २.१० | कक्षा १-८ मा खुद भर्ना दर (NER ) | ९५.२ | ९५.१ | ९५.९ | १००.० | EMIS |
| २.११ | कक्षा १-८ मा कूल भर्ना दर (GER ) | १२१.६ | ११९.० | १२७.४ | १०७.० | EMIS |
| २.१२ | कक्षा ८ टिकाउ दर | | | ९१.९ | ९७.० | EMIS |
| २.१३ | कक्षा १ मा भर्ना भई कक्षा ८ सम्मको टिकाउदर | ८६.३ | ८६.५ | ८७.४ | ९०.० | EMIS |
| २.१४ | कक्षा ८ मा उत्तीर्ण भइ कक्षा ९ को टिकाउदर | | | ८९ | ९४ | |
| २.१५ | **कक्षोन्नति हुने दर** | | | | | |
| २.१५.१ | कक्षा १ | ८१.३ | ८३.९ | ८१.५ | १००.० | EMIS |
| २.१५.२ | कक्षा ३ | ८६.७ | ९१.२ | ९५.८ | १००.० | EMIS |
| २.१५.३ | कक्षा ५ | ८९.४ | ९२.१ | ९४.० | १००.० | EMIS |
| २.१५.४ | कक्षा ८ | ८७.३ | ९१.१ | ९०.६ | ९७.० | EMIS |
| २.१६ | **कक्षा छोडने दर** | | | | | |
| २.१६.१ | कक्षा १ | ३.८ | २.६ | ५.४ | ० | EMIS |
| २.१६.२ | कक्षा ३ | ३.१ | १.८ | २.६ | ० | EMIS |
| २.१६.३ | कक्षा ५ | २.५ | १.६ | २.३ | ० | EMIS |
| २.१६.४ | कक्षा ८ | २.८ | १.७ | १.४ | ० | EMIS |
| २.१७ | **कक्षा दोहोर्याउन दर** | | | | | |
| २.१७.१ | कक्षा १ | ११.१ | १०.२ | १३.० | ० | EMIS |
| २.१७.२ | कक्षा ३ | ६.८ | ३.९ | १.६ | ० | EMIS |
| २.१७.३ | कक्षा ५ | ५.१ | ३.४ | ३.७ | ० | EMIS |
| २.१७.४ | कक्षा ८ | ६.५ | ४.५ | ८.० | ३ | EMIS |
| २.१८ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९ | ०.९ | ०.८ | ०.९ | EMIS |
| २.१९ | आधारभूत तह महिला शिक्षकको प्रतिशत | | | ३९.३ | ४२.० | EMIS |
| २.२० | कक्षा ८ का विद्यार्थी सिकाइ उपलब्धि (GPAमा) | | | २.८ | ३.० | EMIS |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्ना दर (GER ) | ९८.७ | ९९.६ | १२७.३ | ११५.० | EMIS |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर (NER ) | ७६.५ | ७७.१ | ७८.२ | ८५.० | EMIS |
| ३.३ | कक्षा ९-१२ मा खुद भर्ना दर (NER ) | ५६.८ | ५८.८ | ६८.८ | ७२.० | EMIS |
| ३.४ | कक्षा ९-१२ मा कुल भर्ना दर (GER ) | ८३.२ | ८६.० | ११८.१ | ११५.० | EMIS |
| ३.५ | कक्षा ११-१२ मा कूल भर्ना दर (GER ) | ६७.७ | ७२.३ | १०९.६ | १०५.० | EMIS |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्ना दर (NER ) | ३७.१ | ४०.६ | ६०.२ | ६५.० | EMIS |
| ३.७ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | | | १२.५ | १५ | EMIS |
| ३.८ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि (GPAमा) | | | १.८ | २.८ | EMIS |
| ३.९ | प्राविधिक धार तर्फ अध्ययन गर्ने विद्यार्थीको प्रतिशत | | | २.२८ | ३ | EMIS |
| ३.१० | प्राविधिक धार विद्यार्थी शिक्षक अनुपात | | | ७:१ | १० :१ | EMIS |

| क्र.सं. | सूचक | आधार वर्ष २०८० | | | आगामी ५ वर्षको लक्ष्य | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | बेनी न. पा. | | |
| ३.११ | प्राविधिक धार तर्फ कक्षा ९ मा भर्ना भै १२ कक्षा पुरा गर्ने विद्यार्थी प्रतिशत | | | ७० | ८० | EMIS |
| ४ | **अनौपचारिक शिक्षा र निरन्तर सिकाइ** | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | | | ९७ | ९८ | Household survey |
| ४.२ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | | | ९६ | ९७ | |
| ५ | **सुशासन तथा व्यवस्थापन** | | | | | |
| **५.१** | कक्षा १-५ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | | | ८:१ | १५:१ | EMIS |
| ५.२ | कक्षा ६-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | | | २५:१ | २५:१ | EMIS |
| ५.३ | कक्षा१-८ मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | | | १२:१ | १५:१ | EMIS |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | | | २१:१ | २५:१ | EMIS |
| ५.५ | कक्षा ११-१२ मा विद्यार्थीःशिक्षक अनुपात | | | ६९:१ | ४०:१ | EMIS |
| ५.६ | कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक अनुपात | | | ३५:१ | ३५:२ | EMIS |
| ५.७ | शिक्षा नियमावली बमोजिम नियुक्त प्रअ रहेको विद्यालय सङ्ख्या | | | १ | ५५ | office record |
| ६. | **शिक्षामा लगानी** | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानिकरण समेत प्रतिशत | | | ४४.८ | ५० | Budget book |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | ५२.३ | ५५ | Budget book |
| ६.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | २९. | ३५. | Budget book |
| ६.४ | पालिकातर्फको बजेटमा शिक्षा क्षेत्रको प्रतिशत (ससर्त बाहेक) प्रतिशतमा | | | ३.३ | ५. | Budget book |

# परिच्छेद तीनः शिक्षाका क्षेत्रहरू

**३. परिचय**

बेनी नगरपालिकाले विद्यालयको शैक्षिक सुधारका लागि निर्माण गरेको यो ५ वर्षे शिक्षा योजना हो । यस योजनामा विभिन्न उपक्षेत्रहरू निर्माण गरी योजनालाई व्यवस्थित गरिएको छ । योजनाको पहिलो परिच्छेदमा वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । समीक्षाले आवश्यकता र प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ । परिच्छेद २ मा योजनाको दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ । यस परिच्छेद भित्रका उपक्षेत्रभित्र प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा उच्च शिक्षा, अनौपचारिक शिक्षाको पहिचान गरी चुनौती पहिचान गरिएको छ ।

पाठ्यक्रम तथा मूल्याङ्कन् र शिक्षक विकास जस्ता उपक्षेत्रसँग अन्तर विषयको वर्तमान अवस्था समीक्षा गरी चुनौती पहिचान गरिएको छ । प्रत्येक क्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाको उद्देश्य, चुनौतीहरूको सामना गरी उद्देश्य प्राप्तिका लागि उपक्षेत्रगत रणनीतिहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ । यस खण्डमा नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण मौलिक अधिकार, शिक्षा सम्बन्धी नीति, दिगो विकासको लक्ष्य, नेपालले अन्तराष्ट्रिय क्षेत्रमा शिक्षा सम्बन्धी व्यक्त गरेका प्रतिवद्धता, सोह्रौं पञ्चवर्षीय योजना र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को संरचनासमेतलाई महत्वपूर्ण आधार मानिएको छ । यसैको आधारमा तल उल्लेखित शिक्षाका उपक्षेत्रहरूमा वर्तमान अवस्थाको समीक्षा गरी चुनौति पहिचान गर्नुका साथै योजनाका लागि उद्देश्य, रणनीतिहरू प्रमुख नतिजा आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

## ३.१. प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

औपचारिक शिक्षाको जगको रुपमा मानिने प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ । नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एकवर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ । नेपालको सोह्रौं पञ्चवर्षीय योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिईएको सन्दर्भमा बेनी नगर शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुऱ्याउनु तथा गैह्र सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूबिच हातेमालो वा सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षाको वर्तमान अवस्था, कार्यक्रमका उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निम्नानुसार उल्लेख गरिएको छ:

### ३.१.२ वर्तमान अवस्था

बेनी नगरपालिकामा नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालयमा आधारित र समुदायमा आधारित गरी कुल ५१ ओटा बालविकास केन्द्रहरू रहेका छन् । शैक्षिक सत्र २०८० मा बेनी नगरपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा गरी प्रारभ्भिक बालविकास केन्द्रमा जम्मा १४०२ बालबालिका भर्ना भएका छन् । सामुदायिक विद्यालयमा ६१७ र संस्थागत विद्यालयमा ७८५ बालबालिकाको भर्ना रहेको छ । उमेर नपुगेका बालबालिकासमेत बालविकास केन्द्रमा जाने गरेको पाइन्छ । बालविकास केन्द्रका जम्मा ५१ जना सहजकर्ताहरू कार्यरत छन ती सबै ५ दिने आधारभूत तालिम प्राप्त छन् । शैक्षिक तथ्याङ्क २०८० अनुसार बालविकास केन्द्रको कुल भर्नादर ९१.७ प्रतिशत र खुद भर्नादर ७० प्रतिशत रहेको छ । बालविकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ८० रहेको छ । विद्यालयमा सञ्चालित बालविकास केन्द्रहरूमध्ये सदरमुकाम र वरपरका विद्यालयहरूमा कक्षाकोठा व्यवस्थापनको अवस्था सन्तोषजनक देखिए पनि ग्रामिण क्षेत्रका विद्यालयमा सञ्चालित बालविकास केन्द्रका कक्षाकोठा व्यवस्थापन कमजोर रहेको छ । न्यूनतम मापदण्ड पुगेका बालविकास केन्द्रहरू कम छन । बालविकास केन्द्रका

शिक्षकहरूको सेवा, सुविधा न्यून भएकोमा आ.व. २०७८/०७९ देखि न्यूनतम रु १५ हजार पुऱ्याउने नेपाल सरकारको निर्णय बमोजिम बेनी नगरपालिकाले पनि बालविकास केन्द्रका शिक्षकहरूका लागि न्यूनतम पारीश्रमिक पुग्ने गरी बजेट व्यवस्थापन गर्दै आएको छ तर पनि यस बारेमा सङ्घीय सरकारद्वारा बालविकास शिक्षक र विद्यालय कर्मचारीको दरबन्दीसहित तलब सुविधाको प्रबन्ध हुन आवश्यक रेहेको छ।

### ३.१.३ उद्देश्य

सबै बालबालिकाहरूलाई गुणस्तरीय बालविकास शिक्षाको अवसर सुनिश्चित गर्न निम्नलिखित उद्देश्यहरू किटान गरिएको छः

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
३. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु,

### ३.१.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

१. बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन पुनर्वितरण र नयाँ स्थापनाको व्यवस्था गरिने छ।
२. बालविकास केन्द्र नभएका विद्यालयहरूमा बालविकास केन्द्रको व्यवस्था गरिनेछ ।(१)
३. भोगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाका लागि समुदायमा आधारित बालविकास केन्द्र स्थापना गरी पहुँचको सुनिश्चितता गरिने छ।
४. सङ्घीय सरकारले तयार गरेको बावविकासकेन्द्र सञ्चालन सम्बन्धी , मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ। (१,२)
५. प्रदेश सरकारको सहयोग तथा समन्वयमा बालविकास केन्द्रको सबलीकरण तथा सहजकर्ताको क्षमता विकास गरिनेछ। (२)
६. बालविकास केन्द्रलाई बालमैत्री बनाउन शैक्षिक सामग्री खेलकुद सामग्री तथा सिकाइ कुनाको व्यवस्था गरिने छ।
७. गुणस्तर सुनिश्चित र सिकाइको अवश्यकता सम्बोधन गर्न पाठ्यक्रमको पूर्ण कार्यान्वयन गरिने छ। (२)
८. बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गर्न केन्द्रको मापदण्ड अनुसार कार्यान्वयन गरिने छ।(३)
९. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार, समुदाय, सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयलाई जिम्मेवारी गराइने छ। (३)

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

सबै बालबालिकाहरूलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चत हुने।

**ख) प्रमुख नतिजाहरू**

**१.** चार वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।

२. बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।

३. बालविकासको आधारभूत तालिमप्राप्त शिक्षक र बालबालिकाको हेरचाहका लागि सहायक कर्मचारी सहितको बालविकास केन्द्र रहने।

४. समयअनुसार पाठ्यक्रम परिमार्जन गरी उनीहरूको विकासात्मक अवस्था र सिकाइ अवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चत हुने।

५. बालबालिकाको अवश्यकता अनुसार घर, समुदाय, कार्यक्षेत्र र घुम्ती बालविकास केन्द्रको नमुनाहरू विकास हुने।

६. बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, सङ्घसंस्था र विद्यालय जिम्मेवार हुने

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्यः यस उपक्षेत्र अन्तर्गत सञ्चालन हुने प्रमुख क्रियाकलाप तथा लक्ष्य निम्न तालिकामा उल्लेख गरिएको छ ।**

तालिका नं. १८

प्रारारम्भिक बाल विकास र शिक्षा

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता पारीश्रमिक | जना | ५१ | ५१ | ५१ | ५१ | ५१ | २५५ | |
| २ | प्रारम्भिक बालविकास केन्द्रमा सहजकर्ता नभएका विद्यालयहरूमा सहजकर्ता व्यवस्थापन | सङ्ख्या | | ४ | ३ | | | ७ | |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | बाबिके | | २८ | २८ | | | ५६ | |
| ४ | प्रारम्भिक बालविकासको नक्साङ्कन गरी स्थापना, मर्ज, स्थानान्तरण | पटक | १ | | | | | १ | |
| ५ | समुदायमा आधारीत अस्थायी प्रकृतिका बालविकास केन्द्र स्थापना | सङ्ख्या | | २ | | | | २ | |
| ६ | बालबिकास केन्द्रको पाठ्यक्रम कार्यान्वयन तालिम | पटक | १ | | १ | | | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ७ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालय सहित कक्षा कोठाको व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | ५ | |
| ८ | खेलकुद तथा शैक्षिक सामग्रीको व्यवस्थासहित कक्षा कोठा व्यवस्थापन | बाबिके | ११ | ११ | ११ | ११ | १२ | ५६ | |
| ९ | वालउद्यान र खेलकुद तथा शैक्षिक सामग्रीको व्यवस्था | | | | | | | | |
| १० | आमा। अभिभावक शिक्षा | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ११ | सहजकर्तालाई आधारभूत तथा मन्टेश्वरी तालिम | जना | | | | २८ | २८ | ५६ | |
| १२ | स्वास्थ्य परीक्षण, खोप अभिलेख , वृद्धि अनुगमन र पोषण तथा दिवा खाजा | जना | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | |
| १३ | कुपोषित बालबालिकालाई पोषणयुक्त खाजा खाना प्रबन्ध | जना | | ५० | ५० | ५० | ५० | २०० | |
| १४ | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | केन्द्र | | ५६ | | ५६ | | ११२ | |
| १५ | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण | केन्द्र | ५६ | ५६ | ५६ | ५६ | ५६ | २८० | |
| १६ | सहयोगीको व्यवस्था | सङ्ख्या | | १ | १ | | १ | ३ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

बालबालिकाको सर्वाङ्गीण विकास गरी गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनको निम्ति सहयोग गर्ने काम आधारभूत शिक्षाले गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक र आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रुपमा लिएको हुनाले यस तहलाई समतामूलक पहुँच पुऱ्याई व्यक्तिको मौलिक अधिकारको रुपमा लिइएको छ । यस तहको शिक्षामा समता र गुणस्तर सुनिश्चित गर्ने दायित्व सरकारको हो । नेपालको संविधानले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँच हुने, अनिवार्य र निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी व्यवस्था गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले यस तहको शिक्षा प्रदान गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरीकको कर्तव्य हुनेछ । यस तहको शिक्षालाई स्थानीय तहको एकल अधिकारको साथै साझा अधिकारको रुपमा  सङ्घ र प्रदेशको पनि दायित्व रहेको छ । आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा  पहुँच गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतिहरू पहिचान गरी आगामी ५ वर्षको लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

यस नगरपालिकामा आधारभूत तह मात्र सञ्चालित विद्यालयहरू ४१ ओटा छन् जसमा ४ वटा संस्थागत विद्यालय रहेका छन् । २३ ओटा माध्यमिक विद्यालयहरूमा पनि आधारभूत तहसमेत सञ्चालन भएका छन् । बेनी नगरपालिका भित्र  कक्षा १ देखि ८ सम्म कूल विद्यार्थी ६३५२ जना अध्ययनरत छन् भने कक्षा १–५ मा ३७६१ र कक्षा ६-८ मा २५९२ जना विद्यार्थीहरू अध्ययनरत रहेको पाइन्छ । शैक्षिक सत्र २०८० को भर्नाबमोजिम कक्षा १ देखि ८ सम्म भर्ना भएका जम्मा विद्यार्थीमध्ये सामुदयिक विद्यालयमा ५५.८ प्रतिशत र संस्थागत विद्यालयमा ४४.२ प्रतिशत विद्यार्थी रहेका छन । माथि उल्लेखित तथ्याङ्क अनुसार अझै पनि विद्यालय उमेर समूहका  झण्डै  ४ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । शैक्षिक सत्र २०८० को अन्त्यसम्ममा यस नगरपालिकामा कक्षा १–५ को खुद भर्नादर ९७.८% कक्षा १-८ को खुद भर्नादर ९५.९%, आधारभूत तह पूरा गर्ने दर ८२%, कक्षा ५ सम्मको टिकाउ दर ९४.२%, प्राथमिक तह कक्षा ५ पुरागर्ने दर ९०.६%, कक्षा ८ को टिकाउ दर ९१.९% रहेको छ । त्यसैगरी कक्षा छोडने दर कक्षा १,५ र ८ मा क्रमशः ५.४%, २.३% र १.४% रहेको छ भने कक्षा दोहराउने दर १३%, ३.७% र ८% रहेको छ ।

बेनी नगरपालिकाको आर्थिक, सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिका कारणले गुणस्तरीय आधारभूत तहको शिक्षामा सबैको समान पहुँच र समानता हुन सकेको छैन । सदरमुकाम केन्द्रित विद्यालयमा विद्यार्थी भर्ना चाप बढिरहेको छ भने ग्रामीण क्षेत्रका विद्यालयमा विशेषतः तल्लो कक्षाहरूमा विद्यार्थी सङ्ख्या अत्यन्त न्यून रहेको छ । ग्रामिण क्षेत्रका विद्यालयमा बालबालिकाहरूलाई टिकाइ राख्नु मुख्य चुनौती रहेको छ । न्यून विद्यार्थी सङ्ख्याका कारण ग्रामिण क्षेत्रका सामुदायिक विद्यालयमा बालबालिकाहरू बिच प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आइरहेको छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्ने पोषण, स्वास्थ्य

सरसफाइ, दिवा खाजा जस्ता सेवालाई सुधार गर्नुपर्ने छ । पेसागत रुपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । यस तहमा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइस्तर न्यून छ । कोभिड महामारीको कारणले अवरुद्ध भएको शिक्षण सिकाइले थप समस्या सिर्जना भएको छ । प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर हुन सकेन जसको कारण बालबालिकाहरूको सिकाईको स्तरमा गम्भीर प्रभाव परेको अवस्था छ । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सुधारको आवश्यकता छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेसागत विकास, अनुगमन र सुपरीवेक्षण व्यवस्थित गर्नु आवश्यक छ । सिकाइप्रति विद्यार्थी जवाफदेही भई विद्यालयमा आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातवारण तयार गर्नुपर्ने छ । केन्द्र प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ । त्यसैगरी प्र.अ.मा शैक्षिक नेतृत्व, व्यवस्थापन सिप, शिक्षक तथा कर्मचारीमा उत्प्रेरणा तथा वृत्ति विकास, तालिमको सिकाइ कक्षाकोठामा रुपान्तरण, अनुगमन, सुपरीवेक्षण र क्षमता विकासमा सुधार गर्न आवश्यक छ । विद्यालयको गुणस्तर सुधारमा अभिभावक, वि.व्य.स. र शि.अ.सङ्घको सहभागिता बढाउनु पर्ने देखिन्छ । यस नगरपालिकामा मा ३५.३० प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत छन् । बालबालिकालाई सामुदायिक विद्यालयमा ल्याउन सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्नुपर्ने देखिन्छ । आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने, विद्यालय नक्साङ्कन गरी दरबन्दी मिलान एवं विद्यालय समायोजन गर्ने र विद्यालयमा आवश्यक हुने कक्षागत एवं विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक,प्रअ तथा कर्मचारीसमेत) व्यवस्थापन गर्ने, पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने, विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने, शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने जस्ता सवालहरू आधारभूत शिक्षाका मुख्य चुनौतिहरू रहेका छन् ।

### ३.२.३ उद्देश्य

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ । यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
३. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील (Resilient) र जवाफदेही बनाउनु,

५. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
६. आधारभूत तह देखिनै व्यवसायिक तथा सिपमूलक शिक्षाको अवधारणालाई विकास गर्नु

### ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. सङ्घीय सरकारले तोकेको मापदण्डअनुसार विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गरिनेछ ।१
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाईने छ ।
३. बेनी नगरपालिकाको क्षेत्रभित्र विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (वैकल्पिक, अनौपचारिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम आवासीय सुविधा आदि) मिलाईने छ ।
४. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।
५. सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।
६. न्यूनतम् सक्षमता पूरा गराउन सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
७. कक्षा ३ सम्म कक्षा शिक्षणको व्यवस्था र तालिम, तयारी, प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
८. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ ।
९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ ।
१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घ संस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।
११. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ ।
१२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न एक आपसमा सहकार्य गरिनेछ। विद्यालयले दिवाखाजाको प्रभावकारी व्यवस्थापनमा सहयोग गरिनेछ।
१३. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय पाठ्यक्रमलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ ।
१४. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति सजग र सुरक्षित बनाउन योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गरिनेछ ।
१५. शिक्षालाई सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिनेछ ।

१६. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गरिनेछ।

१७. सङ्घीय सरकारबाट प्राप्त शिक्षक दरबन्दीका आधारहरूको पुनरावलोकन गरी आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिनेछ।

१८. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरिनेछ।

१९. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरी सुधारका क्षेत्र पहिचान गरिनेछ।

२०. शिक्षक पेसागत विकास र सहायता प्रणालीलाई व्यवस्थित गरिनेछ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१. सबै बालबालिकामा आधारभूत शिक्षाको पहुँच पुगेको हुने।

२. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेका हुने,

३. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।

४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने।

५. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।

६. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने।

७. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने।

८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने।

९. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major Activities and Target)**

**यस उपक्षेत्र अन्तर्गत संचालन हुने प्रमुख क्रियाकला तथा लक्ष्य निम्न तालिकामा उल्लेख गरिएको छ।**

## तालिका नं. १९
## आधारभूत शिक्षा

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | आधारभुत तहका शिक्षकहरूका लागि तलव भत्ता | शिक्षक | २९७ | २९७ | २९७ | २९७ | २९७ | १४८५ | |
| २ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | १ | |
| ३ | विद्यालय स्वागत तथा भर्ना अभियान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालय कार्यसम्पादन परीक्षण | विद्यालय | | १५ | २० | | २० | ५५ | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | स्थानीय पाठ्यक्रम निर्माण, प्रबोधीकरण र कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ७ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ० | २ | ३ | ५ | ५ | १५ | |
| ८ | शिक्षक पेशागत, विकास र सहायता | संख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ९ | छात्रवृत्ति -अति गरीबी र लक्षित समूह_ | संख्या | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | |
| १० | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति | संख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ११ | निःशुल्क पाठ्यपुस्तक कक्षा १–८ | विद्यार्थी | ३५४४ | ३५०० | ३५०० | ३५०० | ३६०० | १७६४४ | |
| १२ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्ने | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| १३ | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १४ | विद्यालय वि.व्य.स., शि.अ.स. पदाधिकारीहरूको क्षमता विकास र अभिभावक अभिमुखीकरण | जना | ८० | ८० | ८० | ८० | ८० | ४०० | |
| १५ | विद्यालयमा तयार गरिने शैक्षिक तथा आवधिक योजना निर्माणमा क्षमता अभिवृद्धि तालिम | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | |
| १६ | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकालाई आवसीय विद्यालय | विद्यार्थी | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| १७ | विद्यालय पुस्तकालय बुक कर्नर तथा डिजिटल सामग्री | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| १८ | कक्षा ८ को अन्त्यमा हुने परीक्षा सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | प्रारम्भिक कक्षा सिप विकास कार्यक्रम | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| २० | CB-EGRA कार्यक्रम | सङ्ख्या | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| २१ | प्रधानाध्यापक यातायात तथा सञ्चार सुबिधा | जना | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | |
| २२ | आधारभूत तह नमुना विद्यालय विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| २३ | आधारभूत तह स्तरीय सह अतिरिक्त कृयाकलाप | पटक | २ | २ | २ | २ | २ | १० | |
| २४ | आधारभूत तहका विद्यार्थीलाई मनोसामाजिक परामर्श | विद्यार्थी | ४० | ४० | ४० | ४० | ४० | २०० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी २ तहमा विभाजन गरेको छ । यसले कक्षा १- ८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ । माध्यमिक तहको शिक्षाको लक्ष्य कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरीक विकास तथा उच्च शिक्षाको

लागि तयारीको आधार पनि हो। नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ। नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहूँच निशुल्क हुने व्यवस्था उल्लेख गरेको छ। विज्ञान प्रविधि तथा नवप्रर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ।

वर्तमान व्यवस्थाअनुसार माध्यमिक तहमा साधरण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ। कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागु गरिएको छ। प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ। संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चत गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ।

## ३.३.२ वर्तमान अवस्था

बेनी नगरपालिकाभित्र जम्मा ६४ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। यी मध्ये ५३ वटा सामुदायिक विद्यालय र ११ वटा संस्थागत विद्यालय रहेकामा कक्षा १० सम्म अध्यापन गराउने विद्यालय १२ र कक्षा १२ सम्म अध्यापन गराउने विद्यालय ११रहेका छन्। उच्च शिक्षा तर्फ म्याग्दी बहुमुखी क्याम्पस सञ्चालनमा रहेको छ। माध्यमिक (१-१०) सञ्चालित १२ र माध्यमिक ( १- १२) सञ्चालित ११ विद्यालयहरू रहेका छन्। प्राविधिक धार तर्फ १ विद्यालय रहेको छ। साक्षरता दर जनसङ्ख्यामा ९६.८२% रहेको छ। माध्यमिक तह ( ९-१०) मा खुद भर्ना दर ७८.२ र माध्यमिक तह ( ११- १२ ) मा खुद भर्ना दर ६०.२% रहेको छ भने कक्षा ९-१२ को खुद भर्ना दर ६८.८% रहेको छ । माध्यमिक तह ९-१२ खुद भर्नादर राष्ट्रिय र गण्डकी प्रदेशको भन्दा उच्च रहको छ।
माध्यमिक तह कक्षा ९- १० को दरबन्दीमा मा ५३ शिक्षक र माध्यमिक तह कक्षा ११- १२ मा १९ शिक्षक कार्यरत छन्। त्यसै गरी माध्यमिक तहमा कार्यरत ७२ शिक्षक मध्ये महिलाको सङ्ख्या ९ जना रहेको छ। विद्यार्थी शिक्षक अनुपात हेर्दा माध्यमकि तह कक्षा ९- १० मा २१:१ र कक्षा ११- १२ ६९:१ रहेको छ। राष्ट्रिय स्तरको शिक्षक विद्यार्थी अनुपातसँग तुलना गर्दा बेनी नगरपालिको विद्यार्थी शिक्षक अनुपात राम्रो देखिएतापनि कक्षागत र विषयगत शिक्षक अभाव रहेको छ। २०८० को एस. इ. इ. नतिजाअनुसार बेनी नगरपालिकामा विद्यालयको औसत विद्यार्थी सिकाइ उपलब्धी १.८ GPA रहेको छ।

## ३.३.३ उद्देश्यहरू

**यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छः**

१.माध्यमिक शिक्षामा सबै उमेर समूहका बालबालिको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
२.माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धी अभिवृद्धि गर्नु,
३.विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु,
४.माध्यमिक विद्यालय शिक्षाको सुशासन र व्यवस्थापनमा सुधार गरी विद्यालय प्रणालीलाई समावेशी, लचिलो र जवाफदेही बनाउनु।

## ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालयहरूको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै बालबालिकाको पहूँच सुनिश्चित गर्न विद्यालयको

पुनर्वितरण तथा समायोजन गरिने छ।

२. अति गरीब र समावेशीताका आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गरिने छ।
३. नि:शुल्क माध्यमिक शिक्षाको सुनिश्चित हुनेगरी संयन्त्रको विकास गरिने छ।
४. सङ्घीय र प्रादेशिक सरकारसँग समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गरिनेछ।
५. सङ्घीय र प्रादेशिक सरकारसँग समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेसागत र पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ।
६. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गरिने छ।
७. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गरिने छ।
८. जीवनपयोगी सिपलाई सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन् प्रणालीको व्यवस्थापन गरिने छ।
९. शिक्षणमा गरेर सिक्ने ( learning by doing ) को मान्यतालाई प्रयोगमा ल्याइने छ।
१०. सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै स्टिम (STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गरिने छ।
११. गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गरिने छ।
१२. विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्त दुरूस्त राख्न यातायातका साधनको व्यवस्था गरिनेछ।
१३. शिक्षकको निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिने छ।
१४. सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गरिने छ।
१५. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप ( संगीत, नृत्य, गायन, खेलकुद आदि ) को स्तरन्नोति गर्न शिक्षकको व्यवस्थापन गरिने छ।
१६. सुविधासम्पन्न बालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गरिने छ।
१७. घेरावार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिइने छ।
१८. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभावकारी बनाइने छ।
१९. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन, कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिने छ।
२०. सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना, गणित, अङ्ग्रेजी लगायत अन्य विषयका शैक्षिक सामग्रीको व्यवस्था र प्रयोगमा वृद्धि गरिनेछ।
२१. आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गरिने छ।
२२. प्राकृतिक प्रकोप तथा विपत व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्व तयारी भई विपतमा सहयोगका लागि तयारी हुन जोड दिइने छ
२३. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गरिनेछ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहूँच भई गुणस्तरमा सुधार हुने।

**ख) नतिजा**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहूँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर वृद्धि हुने,
२. सबै माध्यमिक विद्यालयहरूमा विषय शिक्षकको व्यवस्था भएको हुने,
३. माध्यमिक तह पार गर्ने विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने,
४. माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने,
५. विद्यालयहरू बालमैत्री, समावेशी र सुरक्षित हुने,
६. विद्यार्थी, शिक्षक, प्रशासक, सरोकारवालाहरू जवाफदेही हुने,
७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,
८. विद्यार्थीहरू विभिन्न सामाजिक कार्यहरू( जु.रे.स., बालक्लव, स्काउट आदि ) मा संलग्न रही प्राकृतिक प्रकोप तथा विपतमा सहयोगीका रूपमा सहभागी हुने,
९. कम्तीमा एउटा माध्यमिक विद्यालय आवासीय विद्यालयको रूपमा स्थापना हुने,
१०. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भई पेसा प्रति उत्प्रेरित हुने,
११. शिक्षक र विद्यार्थी सिकाइप्रति अभिप्रेरित भई शैक्षिक सामग्री निर्माण र प्रयोगमा क्रियाशील रहने,
१२. प्रत्येक माध्यमिक विद्यालयमा विषयगत ल्यावको व्यवस्था हुने,
१४. सबै माध्यमिक विद्यालयमा एक जना स्वास्थ्यकर्मीको व्यवस्था भएको हुने ,

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

यस उपक्षेत्र अन्तरगत संचालन हुने प्रमुख क्रियाकला तथा लक्ष्य निम्न तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २०**

**माध्यमिक शिक्षा**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | माध्यमिक तहका शिक्षकहरूका लागि तलव भत्ता | शिक्षक संख्या | ९० | ९० | ९० | ९० | ९० | ४५० | |
| २ | नि:शुल्क पाठ्यपुस्तक वितरण (९-१०) | विद्यार्थी सङ्ख्या | ११३५ | ११०० | ११०० | ११०० | ११०० | ५५३५ | |
| ३ | नि:शुल्क पाठ्यपुस्तक वितरण (११-१२) | विद्यार्थी सङ्ख्या | १३१९ | १२०० | ११०० | १२०० | १२०० | ६०१९ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ४ | विद्यालय नक्साङ्कन्, समायोजन स्तरोन्नति | पटक | १ | | | | | १ | |
| ५ | शिक्षणमा स्टिमको प्रयोग | विद्यालय | | ४ | ४ | ४ | ४ | १६ | |
| ६ | विद्यार्थीलाई आवासीय सुबिधा | सङ्ख्या | | २० | २० | २० | २० | ८० | |
| ७ | विद्यालय सुपरीवेक्षण र शिक्षक सहायता | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| ८ | विषयगत प्रयोगशालाको व्यवस्था | विद्यालय | | ४ | ४ | ४ | ४ | १६ | |
| ९ | विपत व्यवस्थापनमा वालक्लव, जु.रे.स., र स्काउटको प्रयोग र परिचालन | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| १० | सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता वृद्धि | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| ११ | वि.व्य.स., शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | |
| १२ | शिक्षक पेशागत विकास तालिमको व्यवस्था | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | |
| १३ | माध्यमिक तहमा भर्ना र टिकाउ वृद्धि गर्न आकर्षक छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति | विद्यार्थी | २० | २० | २० | २० | २० | १०० | |
| १५ | विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था | विद्यालय | | ४ | ४ | ४ | ४ | १६ | |
| १६ | स्वास्थ्य परीक्षण, स्वास्थ्य सचेतना | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| १७ | गरीब र जेहेन्दारलाई विद्यार्थिलाई पोसाक स्टेसनरी सहयोग | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १८ | सिकाइ सामग्री निर्माण तालिम | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| १९ | विद्यालयमा तयार गरिने शैक्षिक तथा आवधिक योजना निर्माणमा क्षमता अभिवृद्धि तालिम | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| २० | विषयगत शिक्षक समूह गठन तथा परिचालन | समूह | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २१ | प्रधानाध्यापक यातायात तथा सञ्चार सुबिधा | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| २२ | शिक्षक प्रोत्साहन कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २३ | कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन | कक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | |

## ३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.५.१ परिचय

कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । प्राविधिक शिक्षालाई स्थापना नगरी गरिने शिक्षाबाट केबल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन् । हाम्रो शिक्षा प्रणालीलाई संरचनागत रुपमा बदल्न र शिक्षाबाट जीवनयापनामा सहयोग पुर्‍याउन प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्त्व झन् बढेको पाइन्छ । हाम्रो नगरपालिकालाई समृद्ध नगरपालिका बनाउन नगरपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । प्राविधिक तथा व्यवसायिक सिप विकास गरी नगरपालिकामा हरेक प्राविधिक क्षेत्रमा सुनिश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा नगरपालिका समृद्ध बन्ने कुरामा कुनै दुई मत रहन्न ।

शिक्षालाई सिप, सिपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगारको भीड थेग्न थप चुनौति हुने देखिन्छ । नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाका वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुलचोक इन्जिनियरिङ कलेज) बाट भएको हो । सघन रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार वि.स. २०६८/०६९ देखि भएको हो । हाल नेपाल सरकार शिक्षा

विभाग र प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरू सञ्चालन गरीरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

### ३.५.२ वर्तमान अवस्था

गण्डकी प्रदेश म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं. ९ अन्तर्गत पर्ने गलेश्वर माध्यमिक विद्यालयमा सिभिल इन्जिनियरिङ अन्तर्गत प्राविधिक तथा व्यवसायिक विद्यालय सञ्चालन गर्ने समुदाय स्तरको निर्णय, तत्कालिन जिल्ला शिक्षा कार्यालय समेतको सिफारिसमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवसोत विकास केन्द्रको निर्णयबाट शैक्षिकसत्र वि.सं.२०७० देखि गलेश्वर माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाको समेत पठनपाठन भएको छ । यस विद्यालयमा वि.सं. २०७३ देखि हाल सम्म कक्षा १२ सम्मको शिक्षा पुरागर्ने विद्यार्थी सङ्ख्या १०३ रहेको छ । शैक्षिक सत्र २०८० मा यस विद्यालयमा कक्षा ९ देखि १२ सम्ममा ७७ जना विद्यार्थी प्राविधिक तथा व्यवसायिक धारमा अध्ययनरत छन् । प्राविधिक धार तर्फ अध्यापन गर्न ८ जना शिक्षक कार्यरत रहेका छन तापनी यस धार तर्फ शिक्षण गर्ने शिक्षकको टिकाउ नहुने भएकोले बारम्बार शिक्षक भर्ना गर्नु पर्ने अवस्था रहेको छ । स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यवसायिक सिप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वालम्बन हुन सक्ने जनशक्ति उत्पादनमा यो शिक्षाले टेवा प्रदान गरेको छ । प्राविधिक तथा व्यवसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ ।

गण्डकी प्रदेश अन्तर्गत बेनी नगरपालिकाको भौगोलिक बनावट विशेषता, मावन वस्तीको अवस्था, हावापानी उपलब्ध प्राकृतिक स्रोत साधन तथा रोजगारीका अवस्था सबैको सूक्ष्म विश्लेषण गर्दा यस क्षेत्रमा सिभिल इन्जिनियरिङ प्राविधिक विद्यालय नै उपयुक्त रहेको र उक्त प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका विपन्न पिछडिएको वर्ग र सीमान्तकृत समुदायको उक्त शिक्षाको पहुँचमा विस्तार गर्नु, शिक्षालाई सिप, सिपलाई रोजगारीमा आवद्ध गर्ने दीर्घकालीन नीतिको आवश्यक छ । व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, प्राविधिक तथा व्यवसायिक शिक्षाको शिक्षणमा संलग्न स्थायी जनशक्ति व्यवस्थापन भौतिक पूर्वाधार व्यवस्थापन गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षाको अध्ययन अनुसन्धान गर्नु, जस्ता विषयहरू चुनौतिका रुपमा रहेका छन् ।

यस बेनी नगरपालिकामा स्थापित प्राविधिक तथा व्यवसायिक शिक्षा अन्तर्गत सिभिल इन्जिनियरिङ विषय सञ्चालन प्रति सरोकारवालाहरूको चासो बढ्दै जानु, प्रदेश सरकारसमेतको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा उच्च प्राथमिकतामा पर्नु,यातायात, विद्युत, सुगमताको हिसाबले केन्द्रविन्दुमा रहेकाले अन्य क्षेत्रहरूबाट समेत अध्ययनका लागि सहज गन्तव्य बन्न सक्नु, शैक्षिक विकासका हिसाबले गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षाका हिसाबले शैक्षिक हवका रुपमा विकास गर्ने सम्भावना हुनु, प्राविधिक शिक्षामार्फत विद्यालय तहबाटै सिकाइसँगै कमाई गर्ने कार्यक्रम सिपमूलक र उद्यमशीलतामा आधारित व्यवसायिक र रोजगारमूलक प्रकृतिका बहुप्राविधिक विषय र कार्यक्रमलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, प्राविधिक क्याम्पस समेतको स्थापना गर्न सकिने सम्भावना हुनु यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन् ।

### ३.५.३ उद्देश्य

प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन।

१. प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु।
२. प्राविधिक, व्यवसायिक र सिपमूलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्युनीकरण गर्नु,
३. नगरपालिका र यस क्षेत्रभित्र उपलब्ध स्रोत साधनमा आधारित रोजगार, व्यवसाय, उद्योगमार्फतत आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउनु,
४. प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसरलाई थप सहज र व्यापक विस्तार गरी समावेशी, समतामूलक पहुँचका आधारमा विकासका लागि उद्यमशील, सक्षम, सिपयुक्त जनशक्ति तयार गर्नु,

### ३.५.४ रणनीतिहरू

१. आवश्यकताको आधारमा योग्यता र क्षमताअनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छुक सबैलाई अवसर प्रदान गर्ने,
२. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,
३. शिक्षामा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने,
४. प्रयोगात्मकतर्फ विशेष प्राथमिकता दिन प्रयोगात्मक कार्यका लागि प्रयोगशाला व्यवस्थापन गर्ने,
५. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,
६. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालयमार्फतत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने,
७. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,
८. प्राविधिक शिक्षा विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्यावको स्थापना गर्ने,
९. प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरूको सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र श्रम सम्झौता गर्ने,
१०. नगरपालिकाको सहयोगमा प्राविधिक तथा व्यवसायिक धारको विद्यालयमा व्यवसायिक तथा सिपमूलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने,
११. स्थानीय आवश्यकता र संभावनाका आधारमा प्राविधिक धारको शिक्षामा पहुँच विस्तार गर्न अन्य विद्यालयहरूमा पनि प्राविधिक तथा व्यवसायिक शिक्षाको व्यवस्थापन गर्ने।

### ३.५.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) **उपलब्धि**

आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन हुने।

**ख) नतिजा**

बेनी नगरपालिकामा सञ्चालित प्राविधिक धारतर्फ सिभिल इन्जिनियरिङ विषय पठनपाठन हुने गलेश्वर माध्यमिक विद्यालय प्राविधिक धारतर्फको उत्कृष्ट विद्यालय भएको हुनेछ। यस धारमा अध्ययरनत विद्यार्थीहरू स्वरोजगारमूलक, स्वउत्प्रेरित, व्यवसायिक, उद्योगी र रोजगार प्राप्त भएको हुनेछ। यस विद्यालयबाट शिक्षा प्राप्त गरेका विद्यार्थीहरू समृद्ध नगरपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन्। प्राविधिक तथा व्यवसायिक शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि हुनेछ। प्रयोगात्मक सिकाइका लागि उपयुक्त प्रयोगशालाको व्यवस्था हुनेछ। प्राविधिक शिक्षाप्रति आमसरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानीमैत्री वातावरण निर्माण हुनेछ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका नं. २१**

प्राविधिक तथा व्यवसायिक शिक्षा

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | |
| १ | प्राविधिक धार शिक्षक तलब भत्ता व्यवस्था | पटक | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| २ | गरीब तथा जेहेन्दार, दलित विद्यार्थी लाई छात्रवृत्ति वितरण | जना | १० | १० | १० | १० | १० | ५० | |
| ३ | प्रयोगशाला व्यवस्थापन | गोटा | १ | १ | १ | १ | १ | ५ | |
| ४ | OJT कार्यमा सहयोग | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| ५ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | |
| ६ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | | | | १ | २ | |
| ७ | खोज तथा नवपर्वर्तनात्मक कार्यलाई प्रोत्साहन मेयरसँग सामाजिक विकास कार्यक्रम | विद्यालय | २० | २० | २० | २० | २० | १०० | |
| ८ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | |
| ९ | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १० | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | जना | १० | १० | १० | १० | १० | ५० | |
| ११ | आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित,जनजाति,अपाङ्ग, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था | जना | १० | १० | १० | १० | १० | ५० | |

## ३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.६.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक पद्धतिभन्दा बाहिर लचिलो ढङ्गबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूका बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दछन् । आफ्नो जीवनको इतिहास आफै लेख्छन् तसर्थ सिकाई जीवन पद्धतिसँग जोडिएको हुन्छ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि शिक्षासँग सिप र आम्दनी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले नागरीकको शिक्षा पाउने हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्य नं. ४ तथा गण्डकी प्रदेशको आवधिक योजनामा समेत नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७८-२०८७ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्द्धन गर्नेतर्फ लैजानुपर्दछ भनी उल्लेख छ ।

यस खण्डमा स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा समस्या एवं चुनौतिहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसको उद्देश्य, रणनीतिहरू र

कार्यक्रम कार्यान्वनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यसमा समावेश गरिएको छ।

### ३.६.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरीक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ। यो कार्यक्रम तीनै तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरूमा शिक्षा, युवा तथा खेलकुद महाशाखा/ शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। देश सङ्घीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्मअनुसार कार्यसम्पादन हुनसकेको देखिँदैन। आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले साक्षरता सम्बन्धी तथ्याङ्कका लागि पनि राष्ट्रिय जनगणनाको नतिजामा भर पर्नुपर्ने अवस्था रहेको छ।

२०६३ सालको जनआन्दोलनको परिणामस्वरूप देशमा भएको राजनीतिक परिवर्तनले मुलुक एकात्मक शासन व्यवस्थाबाट गणतन्त्रात्मक शासन व्यवस्थामा जान पुग्यो। परिणामस्वरूप देशमा एउटा सङ्घीय सरकार सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार हुनपुगे। साविकमा सङ्घीय सरकारको जिल्ला शिक्षा कार्यालयको मातहतमा रहने गरी सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र समेत स्वभाविक हिसाबले तत् तत् स्थानीय तहमा हस्तान्तरित भए। बेनी नगरपालिकाका अनौपचारिक शिक्षा केन्द्रबाट स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको सङ्ख्या ७ वटा रहेका छन्। बेनी नगरपालिकाका १० वटा वडाहरूमध्ये वडा नं. ३, ७ र ८ मा सामुदायिक सिकाइ केन्द्रको स्थापना नभएकाले ती वडाहरूमा अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरू लागू गर्न कठिन भएको देखिन्छ। ती वडाहरूमा पनि सामुदायिक सिकाइ केन्द्रहरू स्थापना गरी सञ्चालन गर्नुपर्ने देखिन्छ।

बेनी नगरपालिकामा सञ्चालन भएका सबै सामुदायिक सिकाइ केन्द्रहरूको आफ्नै भवन छैन। २ वटा सिकाइ केन्द्र सम्बन्धित वडा कार्यालयमा कोठा माग गरी कार्यालय सञ्चालन गरेका छन भने अन्य ५ सामुदायिक सिकाइ केन्द्रले नजिकको विद्यालयमा एउटाकोठा माग गरी सामन्य फर्निचरको व्यवस्था गरी सञ्चालनमा रहेका छन। सिकाइ केन्द्रको आफ्नै नियमित आम्दानीको स्रोत छैन्। नगरपालिकाबाट नियमित प्राप्त हुने वार्षिक अनुदानबाट कार्यालय सञ्चालन तथा केही तोकिएका कार्यक्रम सञ्चालन गर्ने बाहेक त्यस्तो उल्लेखनिय कार्य गरेको पाइदैन। सिकाइ केन्द्र स्थापनादेखि हालसम्म सबै वडाहरूमा ९३ वटा महिला आयआर्जन समूहहरू गठन भएको देखिन्छ। त्यसै गरी गृहणी विद्यालयको रूपमा एउटा उज्यालो वैकल्पिक विद्यालय सञ्चालनमा रहेको छ जसमा विभिन्न कारणबाट शिक्षामा बञ्चित रहेका प्रौढहरूले तह ३ को शिक्षा प्राप्त गर्दछन। जुन

सामाजिका विकास कार्यालयको भवन मंगला घाटमा सञ्चालनमा रहेको छ। त्यसै गरी कक्षा ८ उत्तीर्ण गरी २ वर्ष पूरा गरेका तर नियमित रुपमा औपचारिक शिक्षा लिन नसकेकाहरूका लागि कक्षा १० को कोर्ष दुर तथा खुला सिकाइ मार्फत अध्ययन गर्ने गरी प्रकाश माध्यमिक विद्यालयमा खुला विद्यालयको एउटा कक्षा समेत सञ्चालनमा रहेको छ ।

२०७६ सालमा गरिएको घरधुरी सर्वेक्षण अनुसार बेनी नगरपालिकाको १५-६० उमेरको जनसङ्ख्यामा साक्षरता दर ९६.८३ प्रतिशत रहेको छ। विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट १५ –६० को कुल जनसङ्ख्या २१८८८ मा २११९४ साक्षर भै नगरपालिकाको १५–६० उमेरको जनसङ्ख्यामा कुल साक्षरता ९६.८३ भएकोले २०७५ सालमा साक्षर नगरपालिका घोषणा भैसकेको छ भने २०७८ सालमा लिएको जनगणनाअनुसार यस नगरपालिकामा ५ वर्ष र सो भन्दा माथिको जनसङ्ख्यामा पढ्न र लेख्न दुबै सक्ने साक्षरता दर ८३.२४ % र पढन मात्र सक्ने ०.०४% पढन र लेख्न दुबै नसक्ने १६.३३ प्रतिशत रहेको छ।

माथि उल्लेखित सन्दर्भ र विश्लेषणको आधारमा अनौपचारिक शिक्षाका समस्या एवं चुनौतिहरू निम्न अनुसार पहिचान गरिएको छ।

१. साक्षर नगरपालिका घोषणा गरिएको भएतापनि निरक्षरहरूको सङ्ख्या अझैपनि हुनु ,
२. सामुदायिक सिकाइ केन्द्र स्थापनाको मर्म र भावनाअनुसार प्रभावकारी ढङ्गले सञ्चालन हुन नसक्नु ,
३. सामुदायिक सिकाइ केन्द्रको सञ्चालनका लागी न्यून बजेटको व्यवस्था हुनु ,
४. सिकाइ केन्द्रका परीचालक र व्यवस्थापन समितको क्षमता अभिवृद्धि हुन नसक्नु,
५. नव साक्षरहरूलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रममा लगाउन नसकिनु,
६. सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका कार्यक्रमहरूमा अगुवाई गर्न नसक्नु,
७. युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता, पढने बानीको कमी र डिजिटल साक्षरताको कमी,अनौपचारिक शिक्षा खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाई प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु।
८. साक्षरता, निरन्तर सिकाइ ,आयमूलक सिप, समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ तथा समकक्षताको व्यवस्था हुन नसक्नु,

### ३.६.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा जीवनप्रयन्त सिकाई र शिक्षा सम्बन्धमा निम्नलिखित उद्देश्यहरू राखेको छ।

१. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम सञ्चालन गर्नु
२. अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता, डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु
३. आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउनु।

### ३.६.४ रणनीतिहरू

योजनाका उद्देश्य हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ।

१. सामुदायिक सिकाइ केन्द्रका परिचालक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

२. सामुदायिक सिकाई केन्द्रलाई सुदृढीकरण गरी अनौपचारीक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ।

३. नगरपालिका भित्र पुन घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिने छ।

४. सिकाइ केन्द्रलाई थप व्यवस्थित गराउन सिकाइ केन्द्रको भौतिक सुविधा विस्तारमा सहयोग गरिने छ।

५. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्था सँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ।

६. नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आयआर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गरिने छ।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै नागरीकहरूलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने

**ख) प्रमुख नतिजा**

१. साक्षर, निरक्षर लगायत अनौपचारीक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्याङ्क सङ्कलन भै अद्यावधिक हुने,

२. सामुदायिक सिकाइकेन्द्र सुदृढीकरण भै साक्षरता निरन्तर शिक्षा तथा आय आर्जनका कार्यक्रम सचालन हुने,

३. निरक्षर साक्षर हुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने,

**४.** महिला तथा प्रौढहरू आय आर्जन गरी जीवन निर्वाहमा स्वावलम्बी एवम् आत्मनिर्भर हुने

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिका नं : २२

अनौपचारिक,जीवनपर्यन्त सिकाइ र शिक्षा

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | खुल्ला विद्यालय सञ्चालन अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रौढ साक्षरता कार्यक्रम | केन्द्र | | | ३ | ३ | ३ | ९ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको अभिलेख अद्यावधिक तथा विद्यालयमा भर्ना | पटक | | ७ | ७ | ७ | ७ | २८ | |
| ४ | निरन्तर शिक्षा | केन्द्र | | ७ | ७ | | ७ | २१ | |
| ५ | नवसाक्षर प्रौढहरूका लागि आधुनिक सूचना तथा सञ्चार प्रविधि र उद्यमशीलता तालिम सञ्चालन | जना | | ७० | ७० | ७० | ७० | २८० | |
| ६ | सामुदायिक सिकाइ केन्द्र भौतिक सुविधा विस्तार | सासिके | | १ | २ | २ | २ | ७ | |
| ७ | सासिके सञ्चालन तथा व्यवस्थापन अनुदान | सासिके | ७ | ७ | ७ | ७ | ७ | ३५ | |
| ८ | सासिकेहरूमा सूचना केन्द्रको स्थापना | सासिके | | १ | २ | २ | २ | ७ | |
| ९ | आयआर्जन समूह गठन परिचालन | समुह | | ७ | ७ | ७ | ७ | २८ | |
| १० | आयआर्जन महिला समूहका लागि सिपमूलक तालिम | जना | | ७० | ७० | ७० | ७० | २८० | |
| ११ | खुल्ला विद्यालय सञ्चालन (आधारभूत तह ) | सङ्ख्या | | | १ | १ | १ | ३ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। यो एउटा गतिशील र लचिलो प्रक्रिया हो। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृद्धिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समयोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक कृयाकलापमा संलग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित सिक्नु र तथ्यपरक हुनुपर्दछ। वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा परिवेशअनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो।

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण विकास वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनादेखि प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ। यसैक्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भई वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयन हुने भैसकेको छ। आधारभूत तह १-३, ४-५ र ६-८ लागि अलग-अलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनमा आएका छन्। विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरिएको, व्यवहारकुशल तथा जीवन उपयोगी सिप समावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। पाठ्यक्रममा सान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यासमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सिपमा रुपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ। आदर्श मनुष्य तयार पार्ने उद्देश्यले पूर्वी दर्शनका वेद, योग, संस्कृत भाषा, संस्कृत व्याकरण जस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेशअनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरू स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ। व्यवसायिक शिक्षा, स्वास्थ्य शरीरिक र वातावरण शिक्षा, सिर्जनशील तथा अभिव्यक्तिशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सन्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ। विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ। पाठ्यक्रमका विषयवस्तुहरू सहज

ढङ्गले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन् । मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरिएका छन् । पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न स्टिम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ । स्टिम भनेको विज्ञान, प्रबिधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विधामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुर्‍याउँदछ । साथै उनीहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुनजान्छ । तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ । स्टिमले मूलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ । जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछ ।

### ४.१.२ वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा विक्रम सम्वत २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भएको थियो । समयको मागसँगै वि.सं. २०७६ सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरीयो वि.सं. २०७९ मा कक्षा ४, ७ र ९ मा पाठ्यक्रम कार्यान्वयन भएको छ भने अन्य कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ अनुसार निर्माण गरिएका पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । वि.सं. २०८० मा कक्षा ५, ८ र १० गरी विद्यालय तहका सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भइसकेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएतापनि कक्षा १-८ सम्म ५ पाठ्यघण्टा र वार्षिक १६० कार्यघण्टा बराबरको मातृभाषा वा स्थानीय विषय वा संस्कृत विषयको पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । यस नगरपालिकामा विगत २०७७ सालमा स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि पाठ्यक्रम निर्माण समिति गठन गरी कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम तथा कक्षा ५ सम्मको पाठ्यपुस्तक समेत निर्माण गरी कार्यान्वयन गरिएको छ ।

मूल्याङ्कन सम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-८ मा ५०% अन्तरिक र ५०% बाह्य परीक्षाबाट विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै कक्षा ९-१२ मा २५% अन्तरिक र ७५% बाह्य परीक्षाबाट विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ ।

पाठ्यक्रममा थुप्रै कुराहरू सकरात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतीहरू रहेका छन् । नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत तथा कक्षागत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र

पाठ्यसामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्याबधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार बालमैत्री मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका समस्या तथा चुनौतीहरू हुन् ।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ ।

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,
२. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समयसापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्नु,
३. शिक्षकको क्षमता विकास तथा मूल्याङ्कन प्रणालिमा सुधार गरी सिकारूको सिकाइलाई निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कनको व्यवस्था गर्नु,
४. पूर्वीय दर्शनमा आधारित योग, ध्यान, व्यायम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेशका विषयमा विद्यार्थीहरूलाई अभ्यस्त गराउनु ।

### ४.१.४ रणनीति

माथी उल्लेखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. प्रत्येक विद्यालयका शिक्षकहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधीकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप हुने व्यवस्था गरिने छ ।
२. स्थानीय सरोकारवालामा अपनत्व विकास गरी स्थानीय तहले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइने छ ।
३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइनेछ ।
४. विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
५. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकरी ढङ्गले प्रवोधीकरण गरिने छ ।
६. विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरिने छ ।
७. शिक्षक निर्देशिका, पाठ्क्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरू सर्वसुलभ हुने गरी व्यवस्थापन गरिने छ ।
८. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चत गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिइने छ ।

९. शिक्षण सिकाइलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइ सूचना, सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई प्रभावकारी बनाइने छ।

१०. विद्यालयहरूलाई वैकल्पिक शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइदै लगिने छ।

११. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ।

१२. सूचना तथा सञ्चार प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास उचित प्रयोग गर्ने क्षमताको विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा शिक्षण सिकाइलाई प्रयोगमा ल्याइने छ।

१३. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरिने छ ।

१४. आधारभूत तहमा हुने स्तरकृत परीक्षालाई सुधार गरिनेछ।

१५. स्टिमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धी गर्न शिक्षकहरूको क्षमता विकास गरिने छ।

१६. पूर्वीय दर्शनमा आधारित योग, ध्यान, व्यायम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गराइने छ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भई दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिवद्ध नागरीक तयार गर्न सहयोग हुने।

**ख) नतिजा**

१. बालविकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने,

२. कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सिपहरू कार्यान्वयन हुने,

३. स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक तयार भै कार्यान्वयनमा आएको हुने,

४. स्टिम अवधारणाअनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार भएको हुने,

५. सिकाइ क्रियाकलाप समावेशी बालमैत्री र स्थानीय परिवेश तथा आवश्यकताका आधारमा भएको हुने,

६. सूचना, तथा सञ्चार प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि भएको हुने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू**

**तालिका नं २३**

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | स्थानीय पाठ्यक्रम परिमार्जन र पाठ्यपुस्तक पाठ्यसामग्री निर्माण विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | पाठ्यक्रम, पाठ्यसामग्री र शिक्षक निर्देशिका प्रवोधीकरण र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ३ | विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षकहरूको क्षमता विकास | जना | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ४ | शिक्षकलाई स्टेममा आधारित क्षमता विकास तालिम | जना | २० | २० | २० | २० | २० | १०० | |
| ५ | पाठ्यक्रममा समावेश भएको योगा, ध्यान, प्राणायमलाई व्यवहारिक र प्रयोगात्मक अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | अतिरिक्त र सहकार्यकलाप कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ७ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ८ | आवधिक विद्यार्थी मूल्याङ्कन सहजीकरण | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ९ | शिक्षण सिकाइमा डिजिटल सामग्रीको प्रयोग | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | |
| १० | सुपरिवेक्षण तथा अनुगमन | विद्यालय | ६६ | ६६ | ६६ | ६६ | ६६ | ३३० | |

## ४.२ शिक्षक व्यवस्थापन र पेसागत विकास

### ४.२.१ परिचय

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो । सामान्यतया शिक्षक व्यवस्थापनभित्र पद स्वीकृति शिक्षक भर्ना, छनोट, सरुवा ,बढुवा वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य पर्दछन् । अझै स्पष्ट रुपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो । यो आफैँमा बहुआयामिक विषय हो । निरन्तर प्रक्रिया हो । अन्तरनिहित यात्रा हो । आफैंमा एउटा प्रणाली हो । शिक्षकको स्तर माथि नउठेसम्म कुनै पनि देशको शिक्षाको स्तर माथी उठ्न सक्दैन । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन् ।

यस योजनामा शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्ने शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ । शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइ प्रति शिक्षक लाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन उद्देश्य पूरा गर्नको लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

विद्यार्थीको सिकाइ सुधारमा मुख्य भूमिका शिक्षकको रहन्छ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट मात्र गुणस्तर सुनिश्चित गर्न सकिन्छ । शिक्षकमा विद्यमान विषयवस्तुको ज्ञान, शिक्षण सिप र नमूना व्यक्तित्वले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरूरी छ । शिक्षकको पेसागत विकास सम्बन्धी नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्दै आएका छन् भने शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् । मूलतः शिक्षक व्यवस्थापनको अधिकार सङ्घीय सरकारमा निहित रहेको व्याख्या/विश्लेषण भइरहेको सन्दर्भमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन मन्त्रालय र विश्वविद्यालयहरू बीच प्रभावकारी समन्वय र सहकार्य हुनसकेको छैन । विद्यालयमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू थरिथरिका छन् र तिनीहरूको सेवा, सर्त र सुविधा समेत फरक-फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनमा मात्र सीमित भई विद्यार्थीको सिकाइ उपलब्धिसँग आवद्ध गरी शिक्षकलाई जिम्मेवार बनाउन सकिएको छैन । शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका निमित्त पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) ले अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गराउने लक्ष्य निर्धारण गरेपनि वास्तविक कार्यान्वयनमा आउनसकेको छैन ।

स्रोतको अपर्याप्तताका कारण शिक्षक अभाव पूर्तिका लागि स्वयंसेवक शिक्षक परिचालन गर्ने लक्ष्य राखिए पनि लक्ष्यअनुरुप कार्य हुनसकेको छैन । नगरपालिकाले आफ्नै स्रोतमा स्वयंसेवक शिक्षक परिचालन गर्न बजेट विनियोजन गरिएपनि सेवा, शर्त र सुविधाको कमीका कारण योग्य, दक्ष, समर्पित र अभिप्रेरित व्यक्तिहरूलाई आकर्षण गर्न सकिने स्थिति छैन । शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमितरुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनी शिक्षण पेसामा थप आकर्षण बढेको अवस्था छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली विकास गरी शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गराउन आवश्यक देखिएको छ ।

बालबालिकाको सिकाइ उपलब्धि मूलत कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भरपर्छ । शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री परियोजनामा आधारित, समूह कार्यमा आधारित र सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ । शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्था कक्षा शिक्षण पद्धति मार्फत पढाइ सिप विकास गर्न उपयुक्त पाठ्यसामग्री सन्दर्भ सामग्री स्रोत सामग्री प्रयोगात्मक सामग्री उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिनु आवश्यक छ । बालकेन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तरिकाहरूको प्रयोगमा जोड दिई बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइनु पर्दछ ।

कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग, अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता, शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको

प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्यमा जोड, उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लिइ शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रुपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएका छन् ।कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्चगतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत, दक्ष, योग्य, उत्प्रेरित, शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, कार्य वातावरण कमी, आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

**शिक्षकको उत्तरदायित्व**

शिक्षक विद्यार्थी अभिभावक समुदाय तथा विद्यालय प्रशासक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विधि विषय विद्यार्थीको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ । यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्दछ विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मुल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यपकलाई गर्ने जस्ता कार्य जिम्मेवार शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनु पर्दछ ।

विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थिति हो । विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्ने र नियुक्त पाएपछि तुरुन्तै सरुवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ । अझ सरुवा भएपछि लामो समयसम्म पदपुर्ति नहुँदा विद्यालयमा बालबालिकाहरू पढाईबाट लामो समयसम्म बञ्चित हुनुपरेको अवस्था समेत छ ।

**शिक्षकको पेसागत सहयोग पद्धति**

शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरू प्रचलनमा छन् जस्तै कक्षा अवलोकन र छलफल मनिटोरिङ्ग नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान शिक्षकहरूको सिकाइ सञ्चालन conference सहपाठी सँगको अन्तरक्रिया प्रतिबिम्बन अभ्यास आदि । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले leader र feeder विद्यालयको अवधारणा अगाडि सारेको थियो यसैगरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक माध्यमिक विद्यालय निरीक्षकहरू को व्यवस्था गरिएको थियो ग्रामीण विकासका लागि सेती परियोजना र सो पश्चात नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए प्राथमिक शिक्षा परियोजना, विज्ञान शिक्षा विकास परियोजना आदिले शिक्षकको पेसागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ । शिक्षक पेसागत सहयोगका लागि १०५३ वटा स्रोतकेन्द्रहरू स्थापना भई ती स्रोतकेन्द्रहरू मार्फत शिक्षकको पेसागत सहयोग प्रदान गर्दै आइरहेकोमा सङ्घीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ । स्थानीयस्तरमा शिक्षा युवा तथा खेलकुद शाखा रहेको छ । स्थानीय स्तरमा रहेका शिक्षा शाखाहरूले शिक्षक सहायता भन्दापनि शिक्षा प्रशासनमा समय लगाउनु परेको अवस्था छ । विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको कार्य स्थानीय शिक्षा शाखाबाट प्रयाप्त हुन सकेको छैन ।

**शिक्षकको आपूर्ति र वितरण**

बेनी नगरपालिकामा कक्षा १–३, १–५, १–८, १–१० र १–१२ सञ्चालित विद्यालय क्रमशः १५,१६,८,७,९ रहेका छन । शिक्षा नियमावलीले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरेकोमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ। त्यसै गरी शिक्षा नियमावलीमा विद्यालयमा रहने तहगत रूपमा न्यूनतम शिक्षक दरबन्दी समेतको व्यवस्था रहेको छ जसअनुसार १–३, १–५, १–८, १–१० र १–१२ सञ्चालित विद्यालयहरूमा क्रमशः २,३,७,१२,१६ दरबन्दी रहनु पर्दछ । हाल बेनी नगरपालिकामा ५५ओटा सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा २२३, निम्नमाध्यमिक तहमा ६५, माध्यमिक तहमा ५३, र उच्चमाध्यमिक तहमा १९ र शिक्षण सहयोग अनुदान तर्फ १८ गरी कुल ३८० शिक्षकहरू कार्यरत छन् । त्यसैगरी कुल ५१ जना बालविकास सहजकर्ता र प्रत्येक माध्यमिक २ जना र आधारभूत विद्यालयमा १ जना विद्यालय कर्मचारी हरू छन् । बेनी नगरपालिकामा प्राथमिक तहमा प्रयाप्त दरबन्दी रहेको छ भने निम्नमाध्यमिक, माध्यमिक र साविक उच्च माध्यमिक तहमा कक्षागत तथा विषयतग दरबन्दीको अभाव रहेको छ ।

**प्रमुख समस्या तथा चुनौतिहरू**

माथि उल्लेखित विश्लेषणका आधारमा बेनी नगरपालिकामा शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा देखिएका समस्याहरूमा निम्नमाध्यमिक र माध्यमिक तहमा कक्षागत तथा विषयगत शिक्षक दरबन्दीको अभाव, शिक्षकमा उत्प्रेरणाको कमी, उत्तरदायित्व र जवाफदेहितामा, शिक्षकलाई प्रयाप्त पेशागत सहयोग अभाव आदि रहेका छन । त्यसैगरी परिवर्तित सन्दर्भ अनुसार ऐन, नियम, शिक्षक व्यवस्थापनको पूर्ण जिम्मेवारी कसको हुने ( स्थानीय सरकार, प्रदेश वा सङ्घीय सरकार) शिक्षण पेशा प्रति आकर्षण,कक्षागत विषयगत शिक्षक दरबन्दी सुनिश्चितता तथा शिक्षक मनोवृत्तिमा परिवर्तन र शिक्षक उत्प्रेरणा जस्ता विषयबस्तु चुनौतिका रुपमा रहेका छन् ।

### ४.२.३ उद्देश्य

उपर्युक्त समीक्षा, समस्या तथा चुनौतिहरूका आधारमा स्थानीय तहको शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन्:-

१. तहगत,कक्षागत तथा विषयगत शिक्षकको व्यवस्थापन गर्नु,
२. शिक्षक पेसागत विकास तथा निरन्तर सहयोग प्रणाली स्थापना गर्नु,
३. निरन्तर पेसागत सहयोगका माध्यमबाट सबै तहमा सक्षम र प्रतिबद्ध अभिप्रेरित शिक्षक व्यवस्था गर्नु,

### ४.२.४ रणनीतिहरू

१. शिक्षिक विद्यार्थी अनुपातको आधारमा तहगत, कक्षागत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण / थप गरिने छ । माथिल्लो तहमा नपुग शिक्षक दरबन्दी परिपूर्तिका लागि तल्लो तहमा नियुक्ति भई माथिल्लो योग्यता भएका शिक्षकहरूलाई विषयगत आवश्यकताका आधारमा न्यायोचित किसिमले वितरण गर्नु ।

२. रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था प्रबन्ध गरिनेछ । नगर क्षेत्रभित्रका विद्यालयहरूमा अस्थायी/राहत शिक्षक नियुक्ति प्रक्रियामा एकरूपता, निष्पक्षता कायम गरिनेछ

उच्च कार्यसम्पादन गर्ने शिक्षकहरूको लागि प्रोत्साहन र पुरस्कृत गरिनेछ । पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित प्र.अ. तथा शिक्षकको सामाजिक आचरण, पेसाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरूको अभिमतलाई समेत आधार बनाई लागु गरिने छ ।

३. नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरणमार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने छ ।

४. शिक्षकले कक्षा कोठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ ।

५. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गरिने छ ।

६. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने

७. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने

८. बालविकास शिक्षक र विद्यालय कर्मचारीहरूलाई विशेष प्रोत्साहन गरी कार्य सम्पादन स्तर वृद्धि गरिनेछ ।

९. ३० वर्ष सेवा अवधि पुगेका र ५५ वर्ष उमेर नाघेका शिक्षकहरूले स्वेच्छिक रूपमा अवकाश हुन चाहने शिक्षकहरूलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने छ ।

१०. शिक्षकहरूको साझा सङ्गठनको रूपमा नेपाल शिक्षक महासंघलाई शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकको पेसागत सहयोग र विकासका निम्ति क्रियाशील बनाउनका साथै शिक्षकहरूको मनोबल वृद्धि गराउन आवश्यक सहकार्य गरिनेछ ।

११. शिक्षकको उपस्थिति नियमितता र कार्यसम्पादन लाई प्रधानाध्यापकको कार्य सम्पादन सँग जोड्ने र विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादन सँग जोड्ने गरी नतिजाप्रति जबाफदेही हुने पद्धतिको विकास गरिने छ ।

१२. शिक्षकको सेवा, सर्त, सुविधा, प्रोत्साहन, बढुवा लगायतका वृत्ति विकासका लागि पुनरावलोकन गरी समसामयिक र नतिजामा आधारित बनाउने सवालमा आवश्यक संयन्त्र निर्माण गरिने छ ।

१३. कुनै विद्यालयमा कुनै शिक्षकको काम सन्तोषजनक नभएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानुनी प्रावधान बनाई सरुवालाई वस्तुनिष्ठ, न्यायोचित र अनुमानयोग्य बनाइने छ ।

१४. सुत्केरी बिदामा बस्ने महिला शिक्षकको बिदा अवधिभर पठनपाठन नियमित गर्नका लागि सट्टा शिक्षकको व्यवस्था गरिने छ ।

### ४.२.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने,

**ख) नतिजा**

१. कक्षागत तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुने,
२. विद्यार्थी सिकाइ उपलब्धी मा वृद्धि भएको हुने,
३. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुने,
५. शिक्षक सरुवा र वृत्ति विकासका लागि पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित भएको हुने ।

**क) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका नं २४**

शिक्षक व्यवस्थापन र पेसागत सहयोग

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| | दरबन्दी मिलान र प्रोत्साहन | | | | | | | | |
| १ | दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन मापदण्ड निर्माण तथा परिमार्जन | पटक | १ | | | | १ | २ | |
| २ | अस्थायी, करार तथा निजी स्रोतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण परिमार्जन गर्ने | पटक | १ | | | | १ | २ | |
| ३ | दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन (तहगत विषयगत) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शिक्षक कर्मचारीलाई प्रोत्साहन तथा सुविधा  वितरण मापदण्ड निर्माण | पटक | १ | | | | १ | २ | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ५ | शिक्षक कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा | शिक्षक | १० | १० | १० | १० | १० | ५० | |
| ६ | शिक्षक सेवा आयोग तयारीका लागि कक्षा सञ्चालन | सङ्ख्या | | २५ | २५ | २५ | २५ | १०० | |
| ७ | नवप्रवेशी, स्थायी र करार शिक्षक समेतलाई छोटो अवधिको सेवा प्रवेश तालिम | शिक्षक | | २५ | २५ | २५ | २५ | १०० | |
| | **शिक्षण सिकाइ क्रियाकलाप** | | | | | | | ० | |
| ८ | कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन | विद्यार्थी | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ९ | कक्षा १-५ का कमजोर विद्यार्थीको लागि उपचारात्मक शिक्षण पद्धतिको कार्यान्वयन | विद्यार्थी | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| १० | परीक्षाको नतिजा विश्लेषण गर्ने | विद्यालय | ६४ | ६४ | ६४ | ६४ | ६४ | ३२० | |
| ११ | शिक्षकले कक्षाकोठामा बिताउने समयको अभिलेखीकरण | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| १२ | शैक्षणिक योजना निर्माण र कार्यान्वयनका लागि शिक्षकलाई तालिम | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| १३ | महिला शिक्षिका सुत्केरी बिदामा रहँदा अतिरिक्त शिक्षकको व्यवस्था | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| | **शिक्षकको पेशागत सहयोग** | | | | | | | ० | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १४ | शिक्षक पेशागत सहयोगको लागि विज्ञहरूको सूची तयार | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | विषयगत शिक्षकहरूको समूह निर्माण र परिचालन | समूह | १ | १ | १ | १ | १ | ५ | |
| १६ | शिक्षकहरूको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | समूह | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १७ | असल अभ्यास गरेका विद्यालयहरूको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | विद्यालय सुपरीवेक्षण र पृष्ठपोषण प्रदान | निरन्तर | ४ | ४ | ४ | ४ | ४ | २० | त्रैमासकिमा १ पटक |
| १९ | शिक्षक मार्फत कार्यमूलक अनुसन्धान | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| २० | सहपाठी कक्षा अवलोकन | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| २१ | कक्षा १-५ मा पढाउने शिक्षकको लागि मागमा आधारित छोटो अवधिको पुनर्ताजगी तालिम | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| २२ | अनलाईन, अफलाईन मार्फत कन्फ्रेन्स / सेमिनार सञ्चालन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| २३ | नव प्रवेशी शिक्षकलाई मेन्टरिंग | जना | २० | २० | २० | २० | २० | १०० | |
| २४ | प्रधानाध्यापकलाई नेतृत्व विकास तालिम | प्र.अ. | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| २५ | शिक्षक र प्रधानाध्यापकबिच करार | शिक्षक | ३६२ | ३६२ | ३६२ | ३६२ | ३६२ | १८१० | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | ५ वर्षको जम्मा | |
| २६ | प्रधानाध्यापक र स्थानीय सरकारबिच कार्यसम्पादन करार | सङ्ख्या | ५३ | ५३ | ५३ | ५३ | ५३ | २६५ | |
| २७ | प्रधानाध्यापक मार्फत अनुगमन र निरीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| २८ | विद्यालयले गरेका असल अभ्यास को आदानप्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २९ | प्रधानाध्यापक बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | |
| ३० | चौमासिक समिक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

विभेद र वञ्चितीकरणमा परेका वर्ग, समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताको लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानहरू बिच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । बेनी नगरपालिका एउटा विविधताले भरिपूर्ण नगरपालिका हो । यसमा ब्राह्मण,क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ । विभिन्न शारीरिक क्षमता कमजोर भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसङ्ख्या यस नगरपालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैङ्गिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका दलित विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठिन रहेको छ ।

विविधतालाई पहिचान दिनु, सम्मान गर्नु, मनोरञ्जन गर्न र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तीनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पूरै अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चिता गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ। यस्ता बाधाहरू ठाउँपिच्छे फरक-फरक छन्। यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ।

### ४.३.२ वर्तमान अवस्था

बेनी नगरपालिकामा ५५ सामुदायिक विद्यालय र ११ संस्थागत विद्यालय गरी ६६ विद्यालयहरू सञ्चालनमा छन्। त्यसैगरी ५१ वटा बालविकास केन्द्रहरू रहेका छन्। कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिका अध्ययनरत भएकोले उनिहरूको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने गरिएको छ। कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको सङ्ख्या रिपोर्टिङ नभएकाले सङ्ख्या कम देखिन गएको हुनसक्छ। जातीयताको हिसाबले दलित तथा जनजाति समेतलाई पछाडि परेको वर्गको रुपमा लिइन्छ। यस नगरपालिकामा शैक्षिकसत्र २०८० अनुसार विद्यार्थी कुल भर्नामा दलितको २८.४० प्रतिशत रहेको छ भने जनजातिको ३१.०९ प्रतिशत रहेको छ। समग्रमा छात्राको ४६.७५ प्रतिशत रहेकोले समुदायमा पछाडि परेको वर्गको शिक्षामा पहुँच कम छ भन्न नमिल्ला तापनि अर्थपूर्ण सहभागिता आवश्यक देखिन्छ। समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन। ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ। त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, सडक बालबालिकाहरू रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन। त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ। तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन।

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई आवासीय र गैरआवासीय छात्रवृत्ति रूपमा तोकिएको नर्म्सको आधारमा प्रदान गरीन्छ खासगरी आधारभूत तहका कक्षा १-८ मा अध्ययन गर्ने सबै छात्राहरू र दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरीन्छ। यस प्रकारको सहयोगले समेत पहुँच वृद्धि भएको पाइएको छ। अपाङ्गता भएका बालबालिकाहरूका लागि सिकाइमा सहजीकरण गर्ने कार्यमा थप सहायताको व्यवस्था गरिएको हुन्छ। त्यसैगरी विद्यार्थी मूल्याङ्कनका क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरूलाई थप समयको व्यवस्थासमेत गरिने प्रावधान छ। यस नगरपालिकामा बहिरा बालबालिकाको लागि धवलागिरी मा.वि. सिङ्गामा १ र बौद्धिक अपाङ्गगता भएका बालबालिकाको लागि बालजागृति आधारभूत विद्यालय बगुवाखोलामा २ गरी ३ वटा स्रोतकक्षा रहेका छन्। यि स्रोतकक्षामा बेनी नगरपालिका भित्रका बालबालिका मात्र नभै म्याग्दी जिल्लाभरका अपाङ्गगता भएका बालबालिका आवासिय सुविधा सहित पढन आउने गरी भौतिक पूर्वाधारको व्यवस्था गरिएको छ। शैक्षिक सत्र २०८० मा स्रोतकक्षामा ३४ र स्रोतकक्षा बाहिरका अन्य विद्यालयहरूमा २९ गरी जम्मा ६३ जना अपाङ्गगता भएका बालबालिका शिक्षा को मुल धारमा आएका छन्। त्यसैगरी यस नगरपालिकाबाट SLC/SEE उत्तीर्ण गरी गरी प्राविधिक धारको उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूको लागि नगरपालिकाले छात्रवृत्ति उपलब्ध गराई प्राविधिक

शिक्षा अध्ययन गर्ने कार्यमा पहुँचलाई सहज बनाएको छ यति हुँदाहुँदै पनि समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकेको अवस्था छैन ।

माथि उल्लेखित विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको वर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतिहरू निम्न रहेका छन्:-

१ अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु,

२ विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु,

३ विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु,

५ समाजमा अझैपनि विभेद दुर्व्यवहार हेपाइ र बालमैत्री व्यवहार नहुनु,

६ समाजमा पछि परेको वर्ग दलित गरीब अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु ।

### ४.३.३ उद्देश्य

१. शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तरमा सुधार गर्नु ।
३. समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु ।

### ४.३.४ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाको बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिनेछ ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।
३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ ।
४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ ।
५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।
६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।
८. विद्यालयहरूमा विशेषत छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।

### ४.३.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि ( Outcomes)**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने ।

**ख) नतिजा (Key results)**

१. अपाङ्गता, गरीब, विपन्न,अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख नगरपालिकामा हुने,

२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,

३. लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति प्राप्त गरेको हुने,

४. विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

**ख) प्रमुख क्रियाकलाप र लक्ष्य**

**तालिका नं २५**

शैक्षिक समता र समावेशीकरण

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | स्रोतकक्षा सञ्चालन तथा व्यवस्थापन अनुदान | स्रोतककक्षा संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| २ | स्रोतकक्षाका शिक्षकहरू र आयाहरूको क्षमता विकास तालिम | पटक | | १ | | १ | | २ | |
| ३ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | वडा | १० | १० | १० | १० | १० | ५० | |
| ४ | विद्यालयहरूलाई अपाङ्गमैत्री बनाउने | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ५ | अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति वितरण | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ६ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ७ | विद्यालयमा जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था | विद्यालय | ५५ | | | | | ५५ | |
| ८ | अपाङ्गता भएका बालबालिका पहिचान तथा लेखजोखा | पटक | | | १ | | | १ | |
| ९ | अपाङ्गता भएका विद्यार्थीको वैयक्तिक शिक्षण योजना निर्माण | पटक | | १ | | | | १ | |
| १० | अपाङ्गता भएका बालबालिकाको लागि अतिरिक्त क्रियाकलाप | पटक | | १ | १ | १ | १ | ४ | |

## ४.४ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता र सङ्कटपूर्णअवस्थामा सिकाइ

### ४.४.१ परिचय

सबै किसिमका प्रकोपबाट विद्यालय, शिक्षक र बालबालिकाहरूलाई सुरक्षित राख्नु नै सुरक्षित विद्यालयको अवधारणा हो । तात्कालीन विपत् व्यवस्थापन तथा सम्भावित जोखिमको न्युनीकरण गर्दै महामारी र प्राकृतिक प्रकोपबाट विद्यालयलाई जोगाउन सकेमा मात्र विद्यालय सुरक्षित रहन्छन् । त्यति मात्र नभएर स्वच्छ खानेपानी, आधुनिक शौचालय र पौष्टिक दिवा खाजा पनि शिक्षक तथा बालबालिकाहरूलाई सुरक्षित राख्ने पक्षहरू हुन् । त्यसैगरी राजनैतिक, सामाजिक तथा वातावरणीय सुरक्षाले पनि शिक्षक तथा बालबालिबाहरूलाई मानसिक त्रासबाट मुक्त गर्दछन् । त्यसैगरी विद्यालय समयमा हुने दुर्घटना र बिरामीपनबाट हुने शारीरिक तथा मानसिक क्षतिबाट बालबालिका एवम् शिक्षकहरूलाई सुरक्षित राख्नुपर्ने हुन्छ । दण्ड सजायबाट हुने मनोवैज्ञानिक असरबाट पनि बालबालिकाहरूलाई मुक्त गर्नुपर्दछ । यसरी विभिन्न तवरबाट विद्यालयहरू सुरक्षित रहनु भनेको शिक्षक र विद्यार्थीहरूले भयरहित वातावरणमा शिक्षण सिकाइ गर्ने कुराको सुनिश्चितता हुनु हो । मनोवैज्ञानिक असरबाट टाढा राख्नु हो । बालबालिकाहरूको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउनु हो ।

### ४.४.२ वर्तमान अवस्था

संयुक्त राष्ट्रसंघ अन्तर्गतको निकाय UNISDR को पहलमा विश्वका विभिन्न भागमा विपत् सम्बन्धमा भएका सभा सम्मेलनमार्फत् विद्यालय सुरक्षा सम्बन्धमा पहल भएको देखिन्छ । सन् १९८१ मा संयुक्त राष्ट्र संघले पारित गरेको बालअधिकार महासन्धि, UNISDR अभिसन्धिमा नेपालले पनि हस्ताक्षर गरीसकेको अवस्थामा बालसंरक्षणका लागि बालअधिकारसम्बन्धी ऐन निर्माण गरी लागू गरेको छ । नेपाल सरकारले प्राकृतिक प्रकोप न्युनीकरणका लागि Flagship 1 कार्यक्रम अन्तर्गत शिक्षा र स्वास्थ्य सुरक्षा सम्बन्धमा प्राथमिकता दिएको देखिन्छ । शिक्षा मन्त्रालयले विद्यालय शिक्षा सम्बन्धी Structural र Non structural सुधार, retrofitting तथा building code प्रयोग, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (दिवा खाजा), विद्यालय शान्ति क्षेत्र तथा बालमैत्री शिक्षण अभ्यास गर्ने प्रयासहरू गरेको देखिन्छ । तापनि प्राकृतिक प्रकोप, राजनीतिक तथा सामाजिक द्वन्द्व तथा कुपोषण र अशिक्षाका कारण उत्पन्न स्वास्थ्य समस्याले नेपालका बालबालिकाहरू पूर्ण रुपले सुरक्षित बन्न सकेको देखिँदैन । यसबाट नेपालका विद्यालय र बालबालिकाहरू अझ बढी प्रभावित भएको देखिन्छ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वि.सं. २०७५ मा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि तयार गरी लागू गरेको छ । विद्यालय क्षेत्र विकास योजना, सन् २०१६–२०२३ र बृहत् विद्यालय सुरक्षा गुरुयोजना, सन् २०१७ ले परिकल्पना गरेको बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहजता प्रदान गर्न यो कार्यविधि लागू गरिएको हो । यसले शिक्षक तथा विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपत् पछि विद्यालयलाई निरन्तरता दिनसक्ने वातावरण तयार गर्ने, शिक्षामा गरिने लगानीको

सुरक्षा सुनिश्चित गर्ने वातावरण बनाउने र शिक्षाका माध्यमबाट विपत् जोखिम न्यूनीकरण र उत्थानशीलता सशक्तीकरण गर्ने लक्ष्य लिएको छ । यस कार्यविधिका पहिलो प्रयोगकर्ता स्थानीय तह र विद्यालय भनी तोकिएको छ। यस कार्यविधिले निर्वाचित स्थानीय जनप्रतिनिधि र शिक्षा अधिकृत (इन्जिनियर, शिक्षा विकास समन्वय इकाई, स्थानीय सरकारका शिक्षा र विपत् जोखिम न्यूनीकरण समितिसहित) लाई विद्यालय सुरक्षासम्बन्धी विषयलाई प्रभावकारी बनाउन स्रोत विनियोजन, अनुगमन तथा स्थानीय शिक्षा नियम तर्जुमाका लागि मार्गदर्शन गरेको छ । त्यसैगरी विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य, शिक्षक, अभिभावक सङ्घका पदाधिकारी तथा सदस्य, प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक तथा सामाजिक समावेशी सम्पर्क शिक्षक यस कार्यविधिका प्रमुख प्रयोगकर्ता हुन् । यसका साथै अभिभावक र विद्यार्थी सम्बद्ध बालक्लबका सदस्यहरू पनि प्रस्तुत प्योकज तथा कार्यविधि कार्यान्वयन गर्ने पहिलो प्रयोगकर्ता हुन् ।

बेनी नगरपालिकाको वर्तमान अवस्था हेर्दा सुरक्षित विद्यालयसम्बन्धी नेपाल सरकार, शिक्षा मन्त्रालयका नीति तथा कार्यक्रमहरू, बालबालिकाको स्वास्थ्यसम्बन्धी स्वास्थ्य मन्त्रालयका नीति तथा कार्यक्रमहरू, प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले बालबालिका र सुरक्षित विद्यालयका लागि अगाडि सारेका कार्यक्रमहरूलाई कार्यान्वयन गर्दै आइरहेको छ । त्यसैगरी बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधिलाई मुख्य रुपमा आत्मसात गरेको छ । नेपाल सरकारको दिवा खाजा कार्यक्रम, भूकम्पप्रतिरोधी विद्यालय भवन, स्वच्छ खानेपानी तथा सुरक्षित शौचालय, विद्यालय घेराबारजस्ता पक्षहरूमा ध्यान दिई नगरपालिकाले विभिन्न योजना तथा कार्यक्रमहरू निर्माण गरी लागू गर्दै आइरहेको छ ।

### ४.४.३ उद्देश्य

यस योजनामा विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलतासँग सम्बन्धित देहाय बमोजिमका उद्देश्य रहेका छन् ।

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
२. सम्भावित विपत् को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.४.४ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि निम्न अनुसार रणनीति तय गरिएको छ ।

१. विपत्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने,

२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने,
३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने,
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
९. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
१०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमन तथा निरीक्षण गर्ने,
११. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
१२. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने,

### ४.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**( क) उपलब्धि**

यस योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि निम्न अनुसार रहेका छन् ।

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**ख) नतिजा (Key results)**

विपत् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रूपमा सञ्चालन भएका हुनेछन् ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य (Major Activities and Target)**

## तालिका नं. २६
## विपत् व्यवस्थापन तथा जोखिम न्यूनीकरण

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | विपत् तथा प्रकोप् व्यवस्थापन नीति तथा मापदण्डपु नरावलोकन तथा निर्माण | कक्षा कोठा | ४ | १० | १० | १० | ६ | ४० | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ३ | विपत् व्यवस्थापनका लागि तयारी (preparedness) प्रतिकार्य (response) को कार्यढाँचा तयार गर्ने | पटक | १ | | | | | १ | |
| ४ | विपत् पुर्वतयारी प्रतिकार्य पुनर्स्थापना तथा उत्थानसीलतका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | शिक्षक तथा वि. व्य. स. पदाधिकारीलाई तालिम | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| ६ | जोखिमका क्षेत्रमा रहेका विद्यालयहरूको स्थानान्तरण। | विद्यालय | | २ | २ | २ | २ | ८ | |
| ७ | विपत् व्यवस्थापनका लागि विद्यालय तहमा तयारी (preparedness) प्रतिकार्य (response) को संयन्त्र निर्माण र क्षमता अभिवृद्धि | विद्यालय | २० | २० | १५ | | | ५५ | |
| ८ | विपत् जोखिम न्युनीकरण तथा उत्थानशील शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | ReAL Plan कार्यान्वयन | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |

## ४. ५ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.५.१ परिचय

सिकाईको मुख्य कार्यस्थल विद्यालय र कक्षा कोठा नै हो । विद्यालयहरूलाई सुरक्षित भवनहरू, सुरक्षित कक्षाकोठाहरू चाहिन्छ । जसले शिक्षण र सिकाइको लागि उपयुक्त वातावरण प्रदान गर्दछ । शिक्षा नियमावाली २०५९ ले प्रत्येक ECED र कक्षा ५ सम्म प्रति विद्यार्थी क्षेत्रफल ०.७५ वर्ग मी. र अन्य कक्षाका विद्यार्थीका लागि प्रति विद्यार्थी १ वर्ग मी. स्पेस चाहिने कुरा उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ले सबै विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय र बुक कर्नर जस्ता भौतिक पूर्वाधार उपलब्ध हुनु पर्ने कुरा उल्लेख गरेको छ । सबै विद्यालयहरूलाई सुरक्षित, विपत् जोखिम प्रतिरोधी, बालमैत्री, हरित विद्यालयलाई बनाउनुको साथै सुरक्षित भौतिक पूर्वाधारको विकास र विस्तारको नीतिलाई राष्ट्रिय शिक्षा नीतिले लिएको छ । साथै हालसम्मका अभ्यास र नीतिगत प्रावधानको कार्यान्वयन स्वरूप सङ्घीय सरकारले तयार गरेको विद्यालय शिक्षा क्षेत्र योजनममा छुट्टै भौतिक पूर्वाधार विकास कार्यक्रमहरूको व्यवस्था गरेकाले स्थानीय तहको शिक्षा क्षेत्र योजनामा समेत यस विषयबस्तुलाई समावेश गरी प्रस्तुत गरिएको छ।

### ४.५.२ वर्तमान अवस्था

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वि.सं. २०७५ मा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि तयार गरी लागू गरेको छ । विद्यालय क्षेत्र विकास योजना, सन् २०१६–२०२३ र बृहत् विद्यालय सुरक्षा गुरुयोजना, सन् २०१७ ले परिकल्पना गरेको बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहजता प्रदान गर्न यो कार्यविधि लागू गरिएको हो । यसले शिक्षक तथा विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिनसक्ने वातावरण तयार गर्ने, शिक्षामा गरिने लगानीको सुरक्षा सुनिश्चित गर्ने वातावरण बनाउने र शिक्षाका माध्यमबाट विपत् जोखिम न्यूनीकरण र उत्थानशीलता सशक्तीकरण गर्ने लक्ष्य लिएको छ । यस कार्यविधिका पहिलो प्रयोगकर्ता स्थानीय तह र विद्यालय भनी तोकिएको छ । यस कार्यविधिले निर्वाचित स्थानीय जनप्रतिनिधि र शिक्षा अधिकृत (इन्जिनियर, शिक्षा विकास समन्वय इकाई, स्थानीय सरकारका शिक्षा र विपत् जोखिम न्यूनीकरण समितिसहित) लाई विद्यालय सुरक्षासम्बन्धी विषयलाई प्रभावकारी बनाउन स्रोत विनियोजन, अनुगमन तथा स्थानीय शिक्षा नियम तर्जुमाका लागि मार्गदर्शन गरेको छ । त्यसैगरी विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य, शिक्षक, अभिभावक सङ्घका पदाधिकारी तथा सदस्य, प्रधानाध्यापक, बृहत् विद्यालय सुरक्षा र लैङ्गिक तथा सामाजिक समावेशी सम्पर्क शिक्षक यस कार्यविधिका प्रमुख प्रयोगकर्ता हुन् । यसका साथै अभिभावक र विद्यार्थी सम्बद्ध बालक्लबका सदस्यहरू पनि प्रस्तुत प्योकज तथा कार्यविधि कार्यान्वयन गर्ने पहिलो प्रयोगकर्ता हुन् ।

बेनी नगरपालिकामा जम्मा ५५ सामुदायिक विद्यालय रहेका छन् । ५५ विद्यालय मध्ये कक्षा १-३ सञ्चालित १५, कक्षा १-५ सञ्चालित १६, कक्षा १-८ सञ्चालित ८ , कक्षा १-१०सञ्चालित ७, र कक्षा १-१२

सञ्चालित ९ विद्यालय रहेका छन् । सबै विद्यालयहरूका विद्यालय भवन रहेका छन् र कक्षाकोठा प्रयाप्तनै रहेको छ तापनी कतपिय पुराना विद्यालय भवन भुकम्प प्रतिरोधी छैनन् साथ बालमैत्री र अपाङ्ग मैत्री पनि रहेका छैनन ।

२०७२ सालको भुकम्प पश्चात निर्माण भएका भवन भुकम्प प्रतिरोधी बालमैत्री र अपाङ्गमत्री रहेका छन । शिक्षा विकास तथा समन्वय इकाइको अभिलेख बमोजिम २०७२ सालको भुकम्पले पूर्ण ,आँसिक र सामान्य प्रकारका क्षति गरी बेनी नगरापालिका अन्तर्गत सञ्चालित विद्यालयहरू मध्ये १८ विद्यालयमा १०७ कक्षा कोठामा क्षति पुगेको देखिन्छ । त्यसैगरी भुकम्म प्रभावित विद्यालयमा पुनः निर्माणका सिलशिलामा आव २०७७।७८ सम्ममा बेनी नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयमा नेपाल सरकाकारको सहयोगमा नयाँ कक्षाकोठा -९२, शौचालय-१३, खानेपी सुविधा-१० र विपत् उत्थानसिल संरचना-४ निर्माण भएका छन् । यसका अतिरिक्त नगरपालिकाको आफ्नै स्रोतबाट समेत कक्षा कोठा, खाने पानी, शौचालय, घेरावार, खेलमैदान लगायतका भौतिक सुविधा विस्तार कार्यक्रम नगरपालिकाले प्रदान गर्दै आइरहेको छ ।

माथी उल्लेखित भौतिक सुविधा विस्तारका कार्यक्रम सँगसँगै विद्यालयको भौतिक सुविधा विस्तारमा अझै समस्या र चुनौतिहरू छन् जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

समस्या तथा चुनौतिहरू

१. नगरपालिको सिमित स्रोत र साधन हुनु
२. विद्यालयका कतिपय पुराना संरचनाहरू बालमैत्री अपाङ्गमैत्र भुकम्प प्रतिरोधी र न्यूनतम मापदण्ड बमोजिमका नहुनु
३. पुराना संरचनाहरू मर्मत सम्भार गरी प्रयोग गर्न विद्यालय अग्रसर नहुनु
४. कुन विद्यालयमा कस्तो प्रकारको भौतिक सुविधा आवश्यक पर्ने हो सो को लेखाजोखा हुन नसक्नु
५. भौतिक सुविधा विस्तारका कार्यक्रम सञ्चालनमा आवश्यक बजेटको केही अंस विद्यालय वा समुदायले व्यहोर्न असमर्थ रहनु
६. सदरमुकार र ग्रामिण क्षेत्रका विद्यालयमा लागत अनुमान एकै हुनु ।

### ४.५.३ उद्देश्य

विद्यालय भौतिक पूर्वाधार विकासका लागि बेनी नगरपालिकाको यस पञ्चवर्षीय योजनाले निम्न उद्देश्य लिएको छ ।

१. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक पूर्वाधार सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु ।
२. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

### ४.५.४. रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रका आधारमा मापदण्ड विकास गर्ने।

२. विद्यालयमा विद्यमान भौतिक पूर्वाधारको लेखाजोखा गरी नयाँ निर्माण गर्नु पर्ने मर्मत सम्भार तथा सबलीकरण गर्नु पर्ने आदि अवस्थाको अभिलेखीकरण गर्ने।

३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।

४. भौतिक निर्माण मर्मत र सवलीकरण गर्नु पर्ने विद्यालयहरूको प्राथमिकीकरण गरी प्राथिमकताको आधारमा पूर्वाधार निर्माण आवश्यक पर्ने विद्यालयहरूमा विद्यालयको माग बमोजिम कार्यक्रम प्रदान गर्ने।

५. नगरपालिका भित्रका विद्यालयहरूमा निर्माणहुने सबै प्रकारका भौतिक संरचना भूकम्प प्रतिरोधी र बालमैत्री र अपाङ्गमैत्री बनाइने।

६. भौतिक पूर्वाधार विकास गर्दा स्थानीय जनसहभागितलाई अनिवार्य गरिने ।

७. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।

### ४.५.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि ( Outcomes)**

१. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने।

**ख) नतिजा (Key results)**

१. सबै विद्यालयहरूमा सुविधासम्पन्न भौतिक पूर्वाधार विकास भएको हुनेछ।

२. विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन, मर्मतसम्भार र सबलीकरण पद्धतिको विकास भएको हुनेछ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

**तालिका नं. २७**

**विद्यालय भौतिक पूर्वाधार विकास**

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | ५ वर्षको जम्मा | |
| १ | नयाँ कक्षाकोठा निर्माण | कक्षा कोठा | ४ | १० | १० | १० | ६ | ४० | |
| २ | विद्यालय भवन कक्षाकोठा मर्मत | विद्यालय | ५ | १० | १० | १० | १० | ४५ | |
| ३ | विद्यालय घेराबार निर्माण | विद्यालय | २ | २ | २ | २ | २ | १० | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ४ | विद्यालय खेलमैदान निर्माण मर्मत | विद्यालय | | २ | २ | २ | २ | ८ | |
| ५ | स्वच्छ खानेपानीको व्यवस्था | विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | |
| ६ | वास सुविधा सहितको शौचालय निर्माण | सङ्ख्या | १ | ३ | ३ | ३ | ३ | १३ | |
| ७ | बालमैत्री तथा अपाङ्गमैत्री कक्षाकोठा व्यवस्थापन | कक्षा कोठा | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ८ | जोखिमका क्षेत्रमा रहेका विद्यालयहरूको स्थानान्तरण | विद्यालय | | २ | २ | २ | २ | ८ | |
| ९ | समुदाय सचेतीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | बालविकासका लागि छुट्टै पानी तथा शौचालय व्यवस्था | सङ्ख्या | | २ | २ | २ | २ | ८ | |

## ४.६ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.६.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and hygiene practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहज रूपमा उपलब्ध हुनुपर्दछ । यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रूपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ । (Bundy et al., 2018) बालबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउनेजाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ । खासगरी ९-१० वर्षको उमेरदेखि बालबालिकाहरूको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, नियमित अनुपस्थित हुन तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुतासम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिकासम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेका छन् ।

### ४.६.२ वर्तमान अवस्था

बालबालिकाको वृद्धि, विकास र सिकाइका लागि पौष्टिक खाना तथा खाजा निर्णायक हुने कुरा विभिन्न अध्ययन अनुसन्धानले पुष्टि गरेका छन। विद्यालय दिवा खाजामा भएको लगानीलाई मानवपूँजी विकासको दृष्टिले महत्त्वपूर्ण मानिन्छ। खाना भोक मेटाउन मात्र नभई शरीरलाई आवश्यक पर्ने पोषक तत्त्व आपूर्तिका लागि अत्यावश्यक हुन्छ। एउटा बालकले खानाबाट प्राप्त गर्नुपर्ने कुल पौष्टिकता मध्ये कम्तीमा ३० प्रतिशत दिवा खाजाबाट प्राप्त गर्नुपर्छ।

"स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले आ. व. २०७७/२०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकासदेखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गर्दै आएको छ। यस सन्दर्भमा बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत बालिबालिकाको लागि नेपाल सरकारबाट प्रति विद्यार्थी रु १५ का दरले स्थानीय तहमा ससर्त अनुदान दिने र सो रकमबाट विद्यायलले पोषणयुक्त दिवा खाजाको प्रवन्ध गर्नु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख रहेको छ।

त्यसैगरी बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गर्नकालागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्थानीय तहमार्फत विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनमा आएका छन जस अनुसार स्वास्थ्य शिक्षकलाई तालिम  विद्यालयलाई स्वास्थ्य तथा सरसफाइका कार्यक्रम प्रदान विद्यालयमा प्राथमिक उपचारका किटको उपलब्धता विद्यार्थीलाई जुकाको औषधी वितरण किशोरीहरूका लागि आईरन चक्की वितरण जस्ता कार्यक्रम गर्दै आइरहेको छ। यसका साथै विद्यालयमा बालबालिकाको स्वास्थ्य अवस्था जाँचका र स्वास्थ्यको नियमित लेखाजोखा गर्न विद्यार्थी हाजिरी रजिष्टर को व्यवस्था गरिएको छ। त्यसै गरी विद्यालयमा अध्ययनरत छात्राहरूका लागि १२ महिना पुग्ने गरी निशुल्क सेनेटरी प्याडको व्यवस्था समेत हुने गरेको छ।

बेनी नगरपालिकाकमा माथि उल्लेखित सबै प्रकारका कार्यक्रम सालवसाली हुँदै आएका छन् तापनी यस प्रकारका कार्यक्रम सञ्चालनमा आइपरेका समस्या तथा चुनौतिहरू निम्न अनुसारका रहेका छन्।

समस्या तथा चुनौतिहरुः

१. दिवा खाजाका लागि उपलब्ध गराइने रकम प्रति विद्यार्थी रु १५ ज्यादै न्यून रहेको,
२. कक्षा ५ भन्दा माथिका विद्यार्थीलाई खाजा उपलब्ध नगराउँदा भोकै रहुनु पर्ने र विभेदको अनुभुति भएको,
३. कतिपय दिवा खाजाको व्यवस्थापन विद्यालय स्वयंले गर्न नचाहनु,
४. विद्यालयमा दिवा खाजा व्यवस्थापन संयन्त्र गठन र परिचालन हुन नसक्नु,
५. विद्यार्थी स्वास्थ्य तथा पोषण कार्यक्रमको बारेमा अभिभावकमा चासो र चिन्तामा कमी,
६. दिवाखाजावा व्यवस्थापन गर्न विद्यालयमा अतिरिक्त जनशक्ति आवश्यक पर्ने तर विद्यालयमा सो नहुनु,
७. कतिपय विद्यालयमा स्थानीय खाजा भन्दा तयारी खाजालाई प्रश्रय दिइएको,
८. पत्रु खानाको प्रयोगलाई विद्यालयले रोक्न नसकेको।
९. विद्यार्थी हाजिरी रजिष्टरको उपयुक्त प्रयोग र विद्यार्थी स्वास्थ अवस्था बारेमा समिक्षा हुने नगरेको,
१०. विद्यालयमा स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सामग्रीकालागि बजेट अभाव,

११.विद्यालयमा स्वास्थ्य तथा पोषण सरसफाइ कार्यक्रम कार्यान्वयन र सचेतना वृद्धिका लागि दक्ष जनशक्तिको अभाव।

### ४.६.३ उद्देश्यहरू

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमकालागि बेनी नगरपालिकाको यस पञ्चवर्षीय योजनाले निम्न उद्देश्य लिएको छ।

१. बालबालिकालाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चतता गर्नु।
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.६.४ रणनीति

१ दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने।
२ दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू विस्तार गर्ने।
३ विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था गर्ने।
४ विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।
५ दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिने।
६ दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने।
७ दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

### ४.६.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धि ( Outcomes)

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने।

**ख) नतिजा (Key results)**

१. प्रारम्भिक बालविकासदेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ।

२. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था हुनेछ।

३. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरण हुनेछ।

**घ) प्रमुख क्रियाकलाप र लक्ष्य**

**तालिका नं २८**

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | पटक | 0 | १ | | | | १ | |
| २ | विद्यालय लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ३ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | |
| ४ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध (कक्षा ०- ८) | विद्यार्थी | २४९६ | ३००० | ३५०० | ४००० | ४१६१ | १७१५७ | |
| ५ | तालिम/प्रचार-प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | जना | ५५ | | ५५ | | ५५ | १६५ | |
| ६ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | |
| ७ | कार्यक्रमको प्रभावकारिता, कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा तथा विभिन्न मोडालिटीहरूको अध्ययन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ८ | विद्यार्थी हाजिरीमा स्वस्थता अभिलेख | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ९ | स्वास्थ्य र सरसफाइ सामग्री प्रदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| १० | छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | |
| ११ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था | विद्यार्थी | २१६१ | २२०० | २३०० | २४०० | २५०० | ११५६१ | |
| १२ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | विद्यार्थी | २००० | २००० | २००० | २००० | २००० | १०००० | |
| १३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| १४ | विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा स्वच्छता, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | एक विद्यालय एक स्वास्थ्यकर्मी | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १६ | जातीय तथा लैङ्गिक हिंसा विरुद्धको कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७ | दण्डरहित शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | समुदाय सचेतीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | विद्यालय वरिपरि सुर्तीजन्य तथा मदिराजन्य वस्तुको बिक्रीवितरणमा रोक तथा सचेतना | पटक | २ | २ | २ | २ | २ | १० | |
| २० | कुलत र दुव्र्यसनी विरुद्धको शिक्षा कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| | | | | | | | | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

आजको युग सूचना प्रविधिको युग हो । सूचनाको सङ्कलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरीन्छ । वैज्ञानिक आविष्कार तथा आधुनिकतम् प्रविधिले मानव जीवनमा धेरै ठूला परिवर्तनहरू ल्याउन सफल भएका छन् । मानिसलाई बाँच्न, हिंडडुल गर्न, काम गर्न लगायतका विविध क्षेत्रमा विशेषतः सूचना प्रविधिको प्रयोगले अकल्पनीय बदलाब ल्याएको छ । पारम्परिक मूल्य-मान्यतालाई सूचना प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले त्याग्दै विस्थापित गरिएको ठाउँमा नवीन मूल्य-मान्यतालाई स्थापित गर्दै लगेको आजको यथार्थ हो ।

सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौति दिंदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मुल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक प्रतिष्ठानहरूमा जुनसुकै काम र क्रियाकलापलाई अघि बढाउने हो भने सूचना प्रविधिबिना अघि बढाउने प्रयत्न गरिएमा त्यो अपूर्ण हुन्छ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नुपर्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणालीभित्रको महत्वपूर्ण अवयवको रूपमा रहन गएको छ । कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ ।
युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बिचमा ठूलो खाडल रहेको आभाष हुन्छ । यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ । शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोग मार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ ।

चित्र, रङ्ग र ध्वनिको सम्मिश्रण हुने हुनाले यसबाट प्रभावकारी शिक्षा प्रदान गर्न सम्भव हुन्छ । ग्रामीण भेगमा दूर शिक्षाको माध्यमबाट शहरी क्षेत्रको सुविधासम्पन्न विद्यालयमा भएका विविध शैक्षिक क्रियाकलाप एवम् पठनपाठनका तरिका देखाउन सकिन्छ । भौतिक पूर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुन नसक्ने ठाउँमा अन्यत्र भएका प्रयोगात्मक कक्षाको श्रव्यदृश्य सामग्रीको प्रयोग गरेर देखाउन सकिन्छ । सूचना प्रविधिको द्रुतरत विकास, बढ्दो प्रयोग, यसमा निहीत विषय वस्तुको प्रकृति र घट्दो मूल्यका कारण शिक्षण सिकाइ प्रक्रियामा यसको प्रयोग अर्थपूर्ण हुने देखिन्छ ।

इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकापसमा जोड्ने सेतुको कार्य गर्छ । विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरू पनि तुरुन्तै प्रदान गर्न सकिन्छ । यसका कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा पनि दक्ष बनाउनुपर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरू प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकता अनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् ।

यसले उनीहरूलाई बढी समाजिकीकरण हुन सघाउँछ । यो उपाय शिक्षक केन्द्रितभन्दा प्रविधि केन्द्रित हुनेछ जसले विद्यार्थीलाई आफैँ सिक्न प्रेरित गर्छ र शिक्षकको परम्परागत भूमिकामा परिवर्तन ल्याउनेछ । विकसित देशहरूले यो प्रविधिलाई धेरै पहिले नै प्रयोग गरी शैक्षिक क्षेत्रमा ठूलो फड्को मारिसकेको परिवेशमा प्रविधिप्रति बेवास्ता गर्नु शिक्षालाई पुरानै ढाँचा र ढर्रामा हिँडाउने प्रतिगामी सोच बाहेक केही पनि हुन सक्दैन । शिक्षामा सूचना प्रविधिले सिर्जना गरेका चुनौति चिर्नुपर्ने र पाठ्यक्रमलाई समयसापेक्ष प्रविधिमैत्री बनाउँदै परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता छ । शैक्षिक नीति निर्माताले शिक्षण सिकाइको गुणस्तरलाई वृद्धि गर्नका लागि सफलतापूर्वक सूचना प्रविधिको प्रयोगमार्फत शैक्षिक सेवाहरू दुर्गम ठाउँसम्म कसरी हस्तान्तरण गर्न सकिन्छ भन्नेतर्फ योजना बनाउनुपर्छ ।

सरकारले आ.व. २०७५/०७६ को बजेटमा सूचना प्रविधिमैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामीण दूरसञ्चार कोषको रकम समेत उपयोग गरी सबै सामुदायिक विद्यालयमा उच्चगतिको निःशुल्क इन्टरनेट सेवा पुऱ्याउने भनेको भए पनि आशातीत सफलता प्राप्त हुन सकेन । आजको युग द्रुतगतिमा सूचना सम्प्रेषित गरी प्रभावकारी रूपमा कम खर्च र कम मेहनतमा बढीभन्दा बढी सूचना तथा ज्ञान ग्रहण गर्ने परिस्थितिको निर्माण गर्नु आजको खाँचो हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नयाँ युगको सूत्रपात सूचना प्रविधिको कारणबाट हुन सफल भएको हो । आधुनिक सभ्यताको जग यसबाटै सम्भव भएको हो । समाज विकासको आजको चरणसम्म आइपुग्दा सूचना प्रविधिको क्षेत्रमा निरन्तर भइरहेको परिवर्तनलाई नजरअन्दाज गर्न सकिँदैन । आवश्यकता नै आविष्कारको जननी हुन् भने झैं मानिसका भौतिक आवश्यकता र संसारमा बढिरहेको जनसङ्ख्याको कारणबाट सृजित पेचिला सङ्कटको समाधान गर्न सूचना प्रविधिको उपयोग गरिने प्रचलन बढ्दै गएको छ ।

सूचना प्रविधिको कारणबाट मानवीय सम्बन्धमा पनि फेरबदल आउन थालेको र शिक्षा क्षेत्रमा त सूचनाप्रविधि अनिवार्य झैं हुन थालेको छ । उच्च चेतनाको विकास गरी श्रमको सम्मान गर्ने नागरीक तयार गर्ने आधारको रूपमा रहेको शिक्षालाई सूचना तथा प्रविधिबाट अलग राख्ने हो भने युगका चुनौतिलाई शिक्षाले सम्बोधन गर्न सक्दैन । शिक्षामै आफ्नो भविष्य पनि देख्ने सक्षम जनशक्ति निर्माण गर्ने शिक्षाको मूल उद्देश्य हो । हामी एक्काइसौं शताब्दीको अति आधुनिक युगमा बाँचिरहेका छौं । तर, युगको हाँकलाई सामना गर्न सक्ने र विश्वमा भएका बदलाबलाई आत्मसात गर्ने गरी हाम्रो शिक्षानीतिमा सूचना तथा प्रविधिलाई आत्मसात गर्ने गरी परिवर्तन गर्न आवश्यक छ । नयाँ युगका चुनौतिसँग जुध्न सक्ने र प्राप्त विशाल अवसरलाई उपयोग गरी समाज र राष्ट्रलाई प्रगतिको सुमार्गमा डोऱ्याउन सक्ने सुयोग्य नागरीक उत्पादन गर्ने शिक्षा नीति आजको खाँचो हो ।

उच्च चेतनायुक्त प्राविधिक दक्ष नागरीक तयार गर्ने उद्देश्यका साथ शिक्षानीतिमा आमूल परिवर्तन गर्नु अत्यावश्यक भइसकेको छ । शिक्षानीतिमा नेपाल सुहाउँदो सूचना तथा प्रविधिसहितको वैज्ञानिक ढाँचा कस्तो हुनुपर्छ भन्ने कुरा नीति–निर्माता र राजनीतिक तथा शैक्षिक नेतृत्वले सरोकारवाला सबैसँग गरिने घनिभूत छलफल, बहस र अन्तरक्रियाबाट निक्र्यौल गरिने विषय हो । आजको शताब्दीका आवश्यकतालाई सामना गर्न सक्ने वैज्ञानिक शिक्षानीति निर्माण गर्न प्रगतिशील र लोकतान्त्रिक दृष्टिकोणद्वारा निर्देशित हुनुपर्छ र रुढीवाद, अन्धविश्वास र कुरीतिकाविरुद्ध उभिएर सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने लक्ष्य बोकेको हुनुपर्छ । यसको लागि शिक्षामा सूचना प्रविधि पहिलो आवश्यकता हो । आजको शिक्षाप्रणाली अध्ययन र अनुशासनलाई गाँस्ने, शिक्षक र विद्यार्थी दुबै आम जनसमुदायसँग जोडिने हुनुपर्छ । पाठ्यक्रम निर्माणमा समेत शिक्षक, विद्यार्थी र अभिभावकबिचको त्रिपक्षीय संयोजनकारी भूमिकाका लागि सूचना प्रविधिको महत्वपूर्ण देन हुनसक्छ । मुलुकलाई साँचो अर्थमा लोकतान्त्रिकीकरण र आधुनिकीकरण गर्ने अभिभारा पूरा गर्ने सूचना प्रविधिसहितको पाठ्यक्रम निर्माण गर्ने शिक्षानीति हुनुपर्छ ।

सिक्ने र सिकाउने सबालमा विकसित नवीनतम् विधि, नियम र तकनिकीहरूलाई कुशलतापूर्वक प्रयोग गर्नसक्ने उचित वातावरण सृजना गर्दै अन्य विकसित देशको तुलनामा हाम्रो देशलाई पुऱ्याउने आत्मविश्वास उमार्न सक्ने शिक्षानीति अबको युगमा सूचना तथा प्रविधिको क्षेत्रमा आएका परिवर्तनबाटै सम्भव हुन्छ । देशलाई प्रतिगमन र अधोगतितिर धकेल्ने होइन आधुनिकीकरणको दिशामा अघि बढाउने हो र आधुनिकीकरणको मूल मर्मलाई आत्मसात गर्ने हो भने शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई अनिवार्य आधार बनाउन सकिन्छ । सूचना तथा प्रविधिलाई मुलुकको पुनर्संरचनाको लागि एक महत्वपूर्ण आधारको रूपमा स्वीकार गरी शिक्षा क्षेत्रमा संरचनागत तथा नीतिगत परिवर्तन आवश्यक छ ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुबैका लागि शिक्षण सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ । यसले सूचनाको ग्रहण क्षमताको स्तरमा पनि वृद्धि हुन्छ र सबै प्रकारका विद्यार्थीको सहभागितामा हुने सिकाइलाई बढावा दिन सकिन्छ । अफलाईन तथा अनलाईन दुबै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने र शिक्षा लिने प्रक्रिया र क्रियाकलापलाई सहजीकरण गर्न सकिन्छ । मल्टीमिडियाको प्रयोगले कक्षाकोठा बढी सजीव र प्रभावकारी हुन्छ । इन्टरनेट र इमेलले सूचनाको क्षेत्रमा क्रान्ति नै ल्याएको छ । सूचना प्रविधिको प्रयोग गर्ने क्रम नेपालमा पनि बढेर गएको छ ।

सफलतापूर्वक सूचना प्रविधिलाई प्रयोग गरेर शिक्षणलाई सशक्तीकरण गर्न धेरै चुनौतिहरू छन् । शिक्षकमा रहेको साधनस्रोतप्रतिको अनविज्ञता र विद्यालय परिवार सूचना प्रविधि मैत्री नहुनु, रेडियो, टीभी, मल्टिमिडिया, कम्प्युटर आदिको प्रयोगबाट सशक्त रूपमा शिक्षण गर्न सकिन्छ भन्ने आत्मविश्वास शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घमा नहुनु प्रमुख अवरोधहरू हुन् । कम खर्चमा पनि सूचनाप्रविधिको प्रयोगबाट उत्तम शिक्षण हुनसक्छ ।

सोही अनुरूप पाठ्यक्रम निर्माण गर्ने र पाठ्यपुस्तक लेखी व्यवहारमा पनि लागू गर्नु आवश्यक छ । सूचना प्रविधिको प्रयोगबाट सबै विषयहरू शिक्षण गरी युगको माग अनुरूपका मानवसंसाधनको उत्पादन गर्नु आजको माग हो । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका

क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने सच्चाइलाई हामी सबैले ग्रहण गर्नु आवश्यक छ। आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी शिक्षा प्राप्त गर्नु र शिक्षा दिनु हो। शिक्षकले हिँड्ने बाटो र विद्यार्थीले ग्रहण गर्ने प्रविधि फरक नभएर समान र साझा साधन र माध्यमको रूपमा सूचना प्रविधिलाई उपयोग गर्नु समयको माग हो।

बेनी नगरपालिका अन्तर्गत रहेका सबै विद्यालय शिक्षामा राष्ट्रिय नीति र स्थानीय आवश्यकता अनुसार शिक्षामा सूचना प्रविधिलाई समावेश गर्नु पर्ने देखिन्छ।

### ४.७.२ वर्तमान अवस्था

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय गणतन्त्रामक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्नका लागि संविधानको धारा ५१ को ज १ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायियक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने। शिक्षाको अवस्था यही नै रहेमा यो संवैधानिक व्यवस्था अनुरूप हाम्रो देशले खोजेको जनशक्ति प्राप्त हुने कुरा क्षितिजको यात्रा जस्तै हुने देखिन्छ।

राष्ट्रिय पाठयक्रम प्रारूप २०६३ ले विद्यालय तहमा सूचना प्रविधिको आवश्यक्ता औंल्याएको पाइन्छ। यसै प्रारूपबाट सूचना तथा प्रविधिलाई विषय र शिक्षण सिकाइको माध्यमका रूपमा विकास गर्ने नीति अगाडि सार्यो। आ.व. २०६४/०६५ देखि सूचना र प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा लिँदै हरेक वर्षको वजेट भाषण मार्फत प्राथमिकता पाउँदै आएको छ। सूचना प्रविधलाई टेवा दिन यस आ.व.को बजेट बक्तव्यमा सूचना प्रविधि नेपाली समाजको मौलिकता र मूल्य मान्यता झल्काउने विभिन्न समुदायका कथनलाई बालबच्चाले सुन्ने, हेर्ने र पढ्ने सामग्री बनाई टेलिभिजन, रेडियो तथा सामाजिक सञ्जाल मार्फत नेपाली र अन्य मातृभाषामा प्रसारण गरिनेछ भनी उल्लेख गरिएको छ। साथै प्रत्येक वर्ष सूचना तथा सञ्चार प्रविधिका लागि स्थानीय तहमा बजेट विनियोजन हुँदै आएको छ

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अङ्गको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहूँच पुर्याउने वषयहा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र निजी क्षेत्रको सूचना सञ्चार सम्बन्धी क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ। बेनी नगरपालिकामा सूचना प्रविधिको अवस्था प्रारम्भिक चरणमा रहेको पाइन्छ।

कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको व्यापक प्रयोग भयो। नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका,

२०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपत् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, अफलाईन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु गरीयो ।

शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि बेनी नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरूमा प्रत्येक विद्यालयहरूलाई सूचना प्रविधि क्षेत्र प्रयोगका लागि वार्षिक रूपमा रू १२००० अनुदान सहयोग गर्दै आएको छ गरेको छ । बेनी नगरपालिका भित्रका सामुदियक विद्यालय आधारभूतह कक्षा (१- ८) सम्मका ८ मध्ये ४ विद्यालयमा प्रशासनिक कार्यकालागि सामान्य कम्प्युटर र प्रिन्टर रहेको अवस्था छ । त्यसैगरी कक्षा (९-१२) सञ्चालित माध्यमिक १६ मध्ये ५ विद्यालय व्यवस्थित कम्प्युटर ल्याव रहेका छन भने अन्य ११ विद्यालयमा सामन्य कम्प्युटर ल्याव रहेका छन् । विशेष गरी लेखा र कम्प्युटर शिक्षकहरूलाई ICT तालिमको व्यवस्था गरिएको छ भने अन्य शिक्षकलाई क्षमता विकास तालिम हुन सकेको छेन । स्व सिकाइ मार्फत कम्प्युटर ज्ञान प्राप्त गरी शिक्षणमा प्रयोग समेत भएको छ । केहि सिमित शिक्षकहरूलाई पेसागत विकास तालिम मार्फत ICT तालिम प्रदान गरिएको छ । केहि विद्यालयमा पुस्तकालय स्थापना सँगसगै इ-लाईव्रेरीको व्यवस्था गरिएको छ । डिजिटल डिभाइसरू ( कम्प्युटर, प्रिन्टर,प्रोजेक्टर, स्मार्ट टि.भी.) को व्यवस्थान गर्दै गरेको अवस्था छ । तथापि शिक्षण सिकाइमा सोको प्रयोग बाञ्चित रुपमा गर्न सकिएको छैन

बेनी नगरपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था सुधारन्मुख रहेपनि धैरै समस्या र चुनौति समेत रहेका छन् । वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरूले प्रारम्भ गरे पनि विभिन्न कारणहरूले यसको प्रगतिमा समस्याहरू देखिएका छन् । इन्टरनेट सुविधाको अभाव, सबै विद्यार्थीसँग स्मार्ट मोवाइल नभएको, डाटाहरूको व्यवस्थापनमा कठिनाइ भएको, विद्यार्थी शिक्षक अभिभावक मोवाइल सञ्चालन गर्ने सिपको अभाव, कतिपय अभिभावक सँग मोवाइल र रेडियो समेत नभएको, CUG सेवा सहज उपलब्ध हुन नसकेको, सबै विद्यार्थीहरूलाई आवद्ध गर्न कठिनाइ भएको देखिन्छ । कुनै विद्यालयहरूमा विद्युत लाईन जडान नभएकोले चुनौति थपिएको छ ।

बेनी नगरपालिका भित्र शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा निम्न समस्या तथा चुनौतीहरू रहेका छन् ।

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको सुविधायुक्त पहुँच नहुनु
२. सूचना तथा सञ्चार प्राविधिको प्रयोग गर्ने दक्ष शिक्षक अभाव,
३. सूचना तथा सञ्चार प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन हुन नसक्नु,
४. सूचना तथा सञ्चार प्रविधिमैत्री पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोगमा कमी ,
५. सूचना तथा सञ्चार प्रविधिको उपयोगको लागि शिक्षकहरूमा जागरुकता, लगनशिलता अद्यावधिकता हुन नसक्नु ।
६. सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सबै तहका सरकारको प्रयाप्त लगानी हुन नसक्नु ,

### ४.७.३ उद्देश्य

विद्यालयतहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा यस योजनमा निम्न अनुसारका उद्देश्य तय गरिएको छ ।

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग र विस्तार गर्नु,
२. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षक तथा विद्यार्थीहरूलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु
३. शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग वृद्धि गरी सेवालाई सहज छिटो छरितो र सर्वसुलभ बनाउनु,
४. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत संरचनाको व्यवस्थापन गरिने छ ।
२. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिम तथा डिजिटल सामग्री व्यवस्थापन गरिने छ।
३. एक शिक्षक एक ल्यापटप कार्यक्रम मार्फत शिक्षकलाई प्रविधी मैत्री बनाउन प्रोत्साहन गरिने छ ।
४. विद्यार्थीहरूलाई आवश्यक पर्ने डिजिटल सामग्रीहरू उपलब्ध गराइने छ ।
५. कक्षाकोठाहरू प्रविधि तथा सूचना मैत्री बनाइने छ ।
६. अपाङ्गता भएका बालबालिकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री वितरण गरिनेछ ।
७. विद्र्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालिलाई थप व्यवस्थित गरिने छ ।
८. इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय गरी सबै विद्यालयमा इन्टरनेटको पहुँच विस्तार गरिने छ ।

### ४.७.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

शिक्षक तथा विद्यार्थीहरूको लगि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम प्रयोग भएको हुने

**ख) नतिजा**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको लागि आवश्यक सामग्री व्यवस्थापन भइ शिक्षण सिकाइ सहज प्रयोग भएको हुने,
२. सबै विद्यार्थीहरूमा आधारभूत इन्टरनेटको सुविधामा पहूँच पुगेको हुने,
३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने,
४. अनुगमन मूल्याङ्कन,सुपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको वचत हुने,
५. शिक्षकहरूमा प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने,
६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,
७. विद्यालय तथा कक्षा कोठाहरू सूचना तथा सञ्चार प्रविधिको पहुँच पुगेको हुने,

८. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था भएको हुने,

**ङ) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका नं २९**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ल्याव स्थापना सुदृढीकरण | विद्यालय | २ | ५ | ५ | ५ | ५ | २२ | |
| २ | विद्यालयमा इन्टरनेट जडान | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ३ | शिक्षक तथा कर्मचारीहरूलाई ICT क्षमता विकास तालिम | शिक्षक | २५ | ५० | ५० | ५० | ५० | २२५ | |
| ४ | अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्धता | विद्यालय | ५ | १२ | १२ | १२ | १२ | ५३ | |
| ६ | EMIS व्यस्थापन तालिम | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ७ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | शिक्षक | | ५० | ५० | ५० | ५० | २०० | आधारभूत आइसीटी ज्ञान भएकालाई साझेदारिमा |
| ८ | ई- लाईब्रेरीको विस्तार | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ९ | प्रविधिमैत्री कक्षा कोठाको व्यवस्थापन | कक्षाकोठा | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १० | विद्यालय इ- हाजीरीको जडान | विद्यालय | १६ | ८ | १० | १० | ११ | ५५ | |
| ११ | विद्यालयमा सीसी क्यामरा जडान | विद्यालय | ५ | ११ | ११ | ११ | ११ | ४९ | |

## परिच्छेद -५ अन्य उपक्षेत्र

### ५.१ विद्यालय व्यवस्थापन ( प्रधानाध्यापक सहित )

### ५.१.१ परिचय

वर्तमान संविधानमा आधारभूत तथा माध्यमिक शिक्षासहित शैक्षिक व्यवस्थापनको महत्वपूर्व कार्य स्थानीय तहको अधिकार क्षेत्रभित्र छ । शैक्षिक व्यवस्थापन भित्रको महत्वपूर्ण अङ्ग विद्यालय व्यवस्थापन हो ।

विद्यालय व्यवस्थापन भन्नाले प्राप्त जनशक्तिलाई उपलब्ध भएको श्रोतको प्रयोग गरी विद्यालयको उद्देश्य तथा लक्ष्य प्राप्त गर्ने गतिविधि तथा कार्यलाई जनाउँदछ । स्थानीय सरकारका रूपमा व्यवस्थापकीय तथा कार्यकारिणी हैसियत सहितका संविधान प्रदत्त अधिकार सूची, जन अपेक्षा र स्थानीय क्षमता र पूर्वाधारको उचित पहिचान गरी विद्यालय व्यवस्थापन गर्न सकेमा शिक्षामा गुणस्तर प्राप्त हुन सक्छ ।

नगरपालिकाले  शैक्षिक उपलब्धिहरू हाँसिल गर्न विद्यालयहरूमा बजेट विनियोजन र वाडफाँड गरेर मात्र पुग्दैन, प्राप्त भएका स्रोत्र र साधनको उपयुक्त परिचालन हुने गरी विद्यलय व्यवस्थापनमा ध्यान दिन जरूरी हुन्छ । शिक्षा ऐन नियमावलीमा व्यवस्था भएका प्रावधानहरूको उचित परिचालन र प्रयोगले विद्यालय बलियो बन्न सक्छ । विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण रहँदै आएको छ । सामुदायिका विद्यलयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा विद्यलय व्यवस्थापन समिति रहेको हुन्छ । शिक्षक अभिभावक सङ्घले शिक्षक र अभिभावकलाई सम्पर्कमा ल्याइ विद्यार्थीको शिक्षणमा सहजीकरण गर्दछ भने आर्थिक सहयोगमा समेत भूमिका खेल्दछ । विद्यालयको व्यवस्थापकीय पक्षमा व्यवस्थापन समिति रहने र प्रशासनिक अधिकार प्र.अ.सँग रहने भएकोले कानुनीरूपमा प्रमाणीकरण गर्न समेत यसले मद्दत गर्दछ ।

विद्यालयको प्रशासनिक कार्यका लागि एक प्रधानाध्यापकको व्यवस्था हुने कानुनी व्यवस्था छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गराउने महत्वपूर्ण स्थल विद्यालय हो । विद्यालयले गर्नुपर्ने सबै क्रियाकलापको सञ्चालन र नियन्त्रणका लागि प्रधानाध्यापकको व्यवस्था गरिएको हुन्छ ।

स्थानीय सरकार ऐन २०७४ ले विभिन्न २३ वटा काम, कर्तव्य र अधिकार स्थानीय सरकारलाई दिएको छ । यसै ऐन र मौजुदा शिक्षा ऐन नियमका आधारमा नगरपालिकाले  विद्यालयको व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

### ५.१.२ वर्तमान अवस्था

शैक्षिक उपलब्धि हासिल गर्न विद्यालय व्यवस्थापन एउटा प्रमुख र महत्वपूर्ण पक्ष हो । प्राप्त स्रोत र साधनको उचित व्यवस्थापन र नपुग स्रोत साधनको खोजी गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन पक्षमा पर्दछ । विद्यालयको उद्देश्य र लक्ष्य मात्र नभइ राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने कार्यस्थल विद्यालय भएकोले यसको व्यवस्थापकीय पाटो बलियो हुनु जरूरी छ ।

बेनी नगरपालिकाभित्रका सबै विद्यलयहरूको व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समित रहेको व्यवस्था छ । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित ) मा व्यवस्था भए अनुसार विद्यालयहरू सञ्चालनमा रहेका छन् । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितीकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरीन्छ । व्यवस्थापन समितीले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितीको सक्रियतामा सम्पन्न गरीन्छ । विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण र व्यवस्थापन गर्ने, आर्थिक सोत जुटाउने, बजेट स्वीकृत

गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ।

विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ। शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ।

विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान शिक्षा नियमावलीमा रहेको छ ।प्रधानाध्यापक छनोट र नियुक्ति बारेमा मौजुदा शिक्षा नियमावलीको नियम ९३ मा स्पषट व्यवस्था रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानध्यापकको रहेको छ।

विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापनका लागि व्यवस्थापन समितिले कार्य गरीरहे पनि व्यवस्थापन पक्षमा समस्याहरू केही समस्याहरू बाँकी नै छन्। सङ्घीय व्यवस्थामा पुरानै शिक्षा ऐन नियमको प्रयोग हुनु, नगरपालिकाले आफ्नो अधिकार क्षेत्रानुसार ऐन नियम व्यवस्था गर्न नसक्नु, व्यवस्थापन समितिको कार्य क्षेत्र बृहत् हुनु, व्यवस्थापन समितिका पदाधिकारीहरू क्षमता विकास नहुनु, व्यवस्थापन समितिले सक्रिय रूपमा कर्तव्य र अधिकारको प्रयोग गर्न नसक्नु, प्रधानाध्यापकको छुट्टै व्यवस्था नहुनु, प्रयाप्त दरबन्दी नहुनाले प्र.अ.को कार्यसम्पादन कमजोर हुनु, योग्य र नियमानुसार प्र.अ.को व्यवस्था नहुनु इत्यादि समस्याहरू रहेका छन्।

बेनी नगरपालिकामा विद्यालय व्यवस्थापनमा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन्

१. राजनितिक तथा कानुनी परिवर्तित परिवेश बमोजिम सङ्घीय शिक्षाऐन तथा नियमावली संसोधन नहुनु
२. अभिभावकहरूलाई विद्यालय व्यवस्थापनमा सक्रिय सहभागिता बनाउने
३. शिक्षकहरूलाई पेसा प्रति उत्तरदायी बनाउने
४. प्रधानाध्यापक र विद्यालय व्यवस्थपन समितिलाई जवाफदेही र उत्तरदायी बनाउने
५. कुशल प्रशासनिक क्षमता सहित विद्यालय व्यवस्थापन गर्ने

### ५.१.३ उद्देश्य

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ,

१. सवल, सक्षम र सशक्त व्यवस्थापन समिति मार्फत विद्यालयको व्यवस्थापनमा सुधार गर्नु,
२. योग्य,कुशल, उत्तरदायी, क्षमतावान प्रधानाध्यापक मार्फत शैक्षिक प्रशासनको सुदृढिकरण गर्नु,
३. स्थानीय सरोकारवालाहरूलाई विद्यालय प्रति जिम्मेवार गराइ शैक्षिक व्यवस्थापनमा संलग्न गराउनु,

### ५.१.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालयहरूमा ऐन नियमानुसार व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गरिने छ।
२. विद्यालय व्यवस्थापन समितिको कार्यक्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिने छ।

३. विद्यालयको आर्थिक पक्ष सबल बनाउन व्यवस्थापन समितिलाई प्रेरित गरिने छ।
४. कार्य सम्पादनमा राम्रा देखिएका विद्यालयका गतिविधिहरू अभिलेखीकरण गरिने छ।
५. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष र प्रधानध्यापकहरूलाई असल अभ्यासको आदान प्रदानको व्यवस्था मिलाईने छ।
६. नगरपालिका भित्रका असल अभ्यास गरेका विद्यालयहरूको अनुभव र गतिविधि आदानप्रदान गर्ने व्यवस्था गरिने छ।
७. शिक्षा ऐन नियमानुसारको प्रावधान बमोजिम योग्य र सक्षम र प्रधानाध्यापकको नियुक्तिको व्यवस्था गरिने छ।
८. प्रधानध्यापकसँग कार्यसम्पादन सम्झौता गरी विद्यालय प्रशासन र व्यवस्थापनमा प्रधानाध्यापकलाई जवाफदेही बनाइने छ।
९. प्रधानध्यापकको कार्यक्षमता अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन तथा नेतृत्व विकास तालिमको व्यवस्था गरिने छ।
१०. सबल व्यवस्थापन पक्ष भएका नगरपालिका भित्रका विद्यालयहरूलाई पुरस्कृत गरिने छ।
११. कमजोर व्यवस्थापन भएका विद्यालय पहिचान गरी कार्य क्षमता वृद्धिका लागि सहायता दिने व्यवस्था गरिने छ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

नगरपालिका भित्रका सबै विद्यालयहरूमा कुशल र उत्तरदायी विद्यालय प्रशासन र व्यवस्थापनबाट व्यवस्थित भै उच्च शैक्षिक उपलब्धि हासिल भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. कुशल प्रशासन सहित विद्यालय सञ्चालन भएको हुने।
२. योग्य र प्रचलित शिक्षा नियमावली अनुसार नियुक्त विद्यालका प्रधानाध्यापकको व्यवस्था भएको हुने।
३. सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन भइ क्रियाशील भइरहेको हुने।
४. विद्यालय व्यवस्थापन समिति सक्षम र सक्रिय भइ विद्यालयको शैक्षिक स्तर वृद्धि भएको हुने।
५. विद्यालयको आर्थिक अवस्था सवल भएको हुने।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिकानं ३०

विद्यालय व्यवस्थापन

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | ५ वर्षको जम्मा | |
| १ | व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन पुनर्गठन | विद्यालय | ६६ | ६६ | ६६ | ६६ | ६६ | ३३० | सबै विद्यालय |
| २ | व्यवस्थापन समितिका अध्यक्षहरूको तालिम | सङ्ख्या | | ५५ | ५५ | ५५ | | १६५ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ३ | अवलोकन भ्रमण | जना | | २५ | २५ | २५ | २५ | १०० | |
| ४ | विद्यालयहरू बिच अनुभव आदानप्रदान पालिकास्तर | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालय प्रधानाध्यापक नियुक्ति सम्बन्धी मापदण्ड निर्माण | पटक | | १ | | | | १ | |
| ६ | शिक्षा नियमावली तथा मापदण्ड बमोजिम विद्यालय प्रधानाध्यापक नियुक्ति | विद्यालय | | ५५ | | | | ५५ | |
| ७ | प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | प्रधानाध्यापकलाई व्यवस्थपकीय तालिम | पटक | | ५३ | ० | ५३ | ५३ | १५९ | |
| ९ | विद्यालय सुधार योजना निर्माण अध्याबधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | राम्रा विद्यालय छनोट र पुरस्कार | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | |
| ११ | विद्यालय अनुगमन र मूल्याङ्कन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |
| १२ | त्रैमासिक समिक्षा तथा प्रतिवेदन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |

## ५.२ उच्च शिक्षा

### ५.२.१ परिचय

संवैधानिक व्यवस्थाअनुसार उच्च शिक्षाको व्यवस्थापकीय अधिकार संघ र प्रदेश सरकारको हुने भएकाले स्थानीय तहले समन्वय, सहयोग र आवश्यक परेमा नियमनकारी भूमिका मात्र निर्वाह गर्नेछ । विश्वविद्यालय र उच्च शिक्षण संस्थाहरूको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने दायित्व संघ र प्रदेश सरकारको रहेको छ । स्थानीय तहले माध्यमिक तहको शिक्षा पूरा गरेका बेनी नगरपालिका मा स्थायी बसोबास गर्ने बासिन्दाहरूमा उच्च शिक्षाको पहुँच वृद्धि गर्ने र बेनी नगरभित्र रहेर उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको क्षमता विकासका लागि सहायक भूमिका निर्वाह गर्नेछ । उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका निम्ति छात्रवृत्तिको व्यवस्था, भौतिक पूर्वाधार विकास, प्राध्यपन गर्ने जनशक्ति व्यवस्थापनमा आर्थिक सहयोग, उच्च शिक्षण संस्था स्थापना र विस्तार जस्ता कार्यमा नगरपालिकाले सहकार्य गर्नेछ । नगर क्षेत्रभित्र उच्च शिक्षाको माग र आवश्यकता पहिचान गरी स्थानीय समुदायलाई उच्च शिक्षण संस्था खोल्न र सञ्चालन गर्न सहयोग गरी प्रवर्द्धन गर्ने कार्य नगरपालिकाले गर्नेछ । बेनी नगरपालिकामा उच्च शिक्षण संस्थाको रूपमा एक मात्र क्याम्पस वडा नं. ८ मा म्याग्दी बहुमुखी क्याम्पसमा स्नातकोत्तर तह सम्मको पठनपाठन भइरहेको छ ।

### ५.२.२ उद्देश्यहरू

बेनी नगरपालिका लगायत जिल्लाका अन्य पालिकाहरूमा समेत आवश्यक जनशक्तिको अभाव हुँदै गैरहेको अवस्थामामा आवश्यक जनशक्ति उत्पादन गर्ने र विपन्न समुदायका उपयुक्त उमेर समूहका नागरीकको उच्च शिक्षामा पहुँच विस्तार तथा सहभागिता वृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ। यसका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ :

क) स्थानीय आवश्यकता बमोजिमको जनशक्ति उत्पादनमा जोड दिनु,

ख) उच्च शिक्षामा स्थानीय समुदायका विद्यार्थीहरूको पहुँच विस्तार गर्नु,

ग) उच्च शिक्षामा विपन्न र पिछडिएको समुदायका नागरीकहरूको सहभागिता वृद्धि गर्नु,

घ) उच्च शिक्षामा जेहन्दार विद्यार्थीहरूलाई प्रोत्साहन गर्नु ।

### ५.२.३ रणनीतिहरू

बेनी नगरपालिकामा उच्च शिक्षाको विकास र विस्तारका लागि निर्धारण गरेका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. बेनी नगरपालिका सहित जिल्लाभर रहेको गणित विज्ञान शिक्षकको अभाव पूर्ति गर्न उच्च शिक्षामा गणित विज्ञान अध्ययनका निम्ति प्रोत्साहन गरिनेछ |

२. सङ्घीय सरकार र प्रदेश सरकारसँगको सहयोग र नगरपालिकाको साझेदारीमा उच्च शिक्षातर्फ थप पूर्वाधार विकास गरिनेछ ।

३. विपन्न लक्षित समुदायका विद्यार्थीहरू र जेहन्दार विद्यार्थीहरूलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४. प्राध्यापकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ |

५. नगरपालिकालाई नियमनकारी भूमिकामा स्थापित गरिनेछ

## ५.२.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

उच्च शिक्षामा सबैको पहुँच र सहभागिता वृद्धि भइ स्थानिय अवश्यकता अनुसारको जनशक्ति उत्पादन हुने।

**(ख) नतिजा**

- उच्च शिक्षामा भर्ना दर वृद्धि भई पहुँचमा विस्तार हुने ।
- उच्चस्तरको जनशक्ति तयार हुने ।
- बेनी नगरपालिका लगायत म्याग्दी जिल्लाका विद्यालयहरूमा कम्प्युटर, गणित,विज्ञान र अंग्रेजी विषयका शिक्षकको अभाव पूर्ति हुने ।
- विपन्न लक्षित समुदायका युवा- युवतिहरू उच्च शिक्षा अध्ययनमा प्रोत्साहित हुने ।
- बढ्दै गएको शैक्षिक जनशक्ति विदेशिने प्रवृतिमा कमि आउने ।
- उच्च शिक्षामा सबैको पहुँच र सहभागिता वृद्धि हुने ।

**(ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**तालिका नं. ३१**

**उच्च शिक्षा**

| क्र स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | दलित तथा बिपन्न छात्रवृत्ति कार्यक्रम | जना | २० | २० | २० | २० | २० | १०० | |
| २ | शिक्षा तर्फ गणित र विज्ञान छात्रवृत्ति कार्यक्रम | जना | १० | १५ | १५ | १५ | १५ | ७० | |
| ३ | भौतिक निर्माण सहयोग कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शिक्षक सेवा र लोक सेवा तयारी कक्षा | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरीनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आ-आफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्र समावेश गरिएको छ।

### ६.१.२ वर्तमान अवस्था

नेपालको वर्तमान संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको रुपमा रहेको छ। त्यसैगरी अनुसूची ९ मा शिक्षा खेलकुद र पत्रपत्रिका संघ प्रदेश र स्थानीय तहको साझा अधिकार भित्र उल्लेख छ। यसरि वर्तमानको संवैधानिक व्यवस्था र हालको अभ्यास समेतलाई हेर्दा विद्यालय शिक्षा कुनै १ तहको सरकारले मात्र व्यवस्थापन गर्न सकिने अवस्था छैन।

देशको सम्रग शिक्षा सुधारकालागि संघ प्रदेश र स्थानीयतहको समन्वय, सहकार्य र सह अस्तित्व अपरिहार्य छ। त्यसैले विद्यालय शिक्षालाई व्यवस्थित गर्न संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ गरी संस्थागत क्षमता विकास आवश्यक छ। हाल देशको समग्र शिक्षा व्यवस्थापनमा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ। मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र आदि रहेका छन्। त्यसैगरी प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय अन्तर्गत विभिन्न नियकायले शिक्षा सम्बन्धी कार्य गर्दै आइरहेका छन्। साविक शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरू मध्ये सातवटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् र शिक्षक तथा कर्मचारीको पेसागत विकास तालिम सञ्चालनमा कार्य गर्दै आइरहेका छन्। शिक्षा हेर्नको लागि सङ्घीय सरकारको इकाइको रूपमा जिल्लातहमा शिक्षा विकास तथा समन्वय इकाइ क्रियाशिल छन्। शिक्षा विकास तथा समन्वय इकाइले शिक्षक नियुक्ति, सरुवा, बढुवा , निवृत्तिभरण उपदान विद्यालय अनुगमन तथा निरीक्षण, परीक्षा सञ्चालन जस्ता कार्यहरू गर्दै आइरहेका छन् ।

संबैधानिक प्रावधानअनुसार आधारभूत तथा माध्यमिक तहको शिक्षा स्थानीय तहको एकल अधिकारको रुपमा स्थापित छ। सोही अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारि भै कार्यान्वयनमा आएको छ। उक्त ऐनबमोजिम स्थानीय तहललाई शिक्षा सम्बन्धी २३ वटा अधिकार तोकिएको छ। शैक्षिक व्यवस्थापन तथा सुशासन प्रवर्धनकालागि मौजुदा ऐन प्रयाप्त रहेको छैन। विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ। विशेषगरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू यथार्थ हाम्रो सामु छ।

बेनी नगरपालिकाको O&M अनुसार शिक्षा सम्बन्धी कार्यकालागि एक शिक्षा शाखा रहेको छ। उक्त शाखाको लागि शिक्षा प्रशासन तर्फको नवौ /दशौ तहको अधिकृत -१, सातौ/ आठौं तहको अधिकृत -१, र पाँचौ तहको कर्मचारी -१, गरी ३ जना कर्मचारी कार्यरत रहेको अवस्था छ। शिक्षा सेवाका ३ जना कर्मचारी बाट स्थानीय तहले सम्पादन गर्नु पर्ने समग्र शिक्षा सम्बन्धी कार्य सम्पादन गर्न कठिन मात्र होइन असम्भव नै रहेको छ।

विद्यालय निरीक्षण तथा सुपरीवेक्षणको कार्य साविकमा विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिले गर्दै आएकोमा सो सेवा समेत समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ।
शिक्षा लगायत नगरपालिका भित्रका समग्र कार्यक्रम कार्यान्वयनका लागि सङ्घीय सरकार बाट प्राप्त सशर्त अनुदानमा भर पर्नु परेको अवस्था छ। कुल बजेटको झण्डै ४४ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन भएतापनि अधिकाशं बजेट शिक्षक कर्मचारीको तलब भत्तामा खर्च हुने गरेको छ। ससर्त बाहेक स्थानीय स्रोत र समानीकरण अनुदान बाट नगरपालिकाले झण्डै ५ प्रतिशत रकम शिक्षाका कार्यक्रम सञ्चालनका लागि विनियोजन गर्ने गरेको छ।

सुशासनका लागि कार्यकुशलता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व अपरिहार्य पक्षहुन । बेनी नगरपालिकाले यस सम्बन्धमा सक्दो प्रयास गरेको देखिन्छ तापनी अझै सुधार गर्नु पर्ने पक्ष प्रयाप्त रहेका छन्। शैक्षिक कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न स्थनीय शिक्षा ऐन नियम निर्देशिका तथा मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। विद्यालय व्यवस्थापन समित मार्फत विद्यालय व्यवस्थापन हुनु, सामाजिक परीक्षण समित मार्फत विद्यालयको सामाजिक परीक्षण गरीनु, विद्यालयको लेखापरीक्षण नियमित रुपमा गर्दै आउनु, विद्यालय तर्फ जाने निकासा तथा खर्च सम्बन्धमा बेरुजु नरहनु, नगरशिक्षा समित गठन भै समय समयमा अनुगमन गरीनु केहि विद्यालयमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकिनु जस्ता कार्य सकारात्मक र सराहनीय छन्। माथि उल्लेख भएका सकारात्मक पक्षका वावजुद बेनी नगर पालिकाले निम्न बमोजिम समस्या तथा चुनौतिका सामना गर्नु परेको छ।

समस्या तथा चुनौतिहरुः

१. नगरपालिकाको आन्तरीक आय न्यनु भएकाले योजना तथा कार्यक्रम कार्यान्वयनमा सङ्घीय सरकारको बजेटमा भरपर्नु,
२. नगरपालिका तर्फ शिक्षा सेवाको कर्मचारि कम हुनु,
३. सङ्घीय शिक्षा ऐन तथा नियमावली संशोधन नहुनाले स्थानीय शिक्षा ऐन नियम निर्देशिका तथा मापदण्ड निर्माण र कार्यान्वयनमा कठिनाइ हुनु,
४. शिक्षा ऐन तथा नियमावली बमोजिम प्रधानाध्यापक नियुक्ति क्षमता विकासको तथा प्रोत्साहन हुन नसक्नु ,
५. विद्यालय कर्मचारीको दरबन्दी सिर्जना हुन नसक्नु भएकाहरूको समेत क्षमता विकास हुन नसक्नु ,
६. पारदर्शिता, जवाफ देहिता र उत्तरदायित्व जस्ता सुशासनका सूचकहरू पूर्णानुभुति हुन नसक्नु,
७. विद्यालय अनुगमन निरीक्षण प्रतिवेदन तथा शिक्षक पेसागत सहयोग अत्यन्त न्यनु हुनु ,
८. विद्यालय व्यवस्थापन समितको क्षमता विकास हुन नसक्नु ,

### ६.१.३ उद्देश्य

शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाससँग सम्बन्धित यस योजनाले तय गरेका उद्देश्य निम्न अनुसार रहेका छन्।

१. नगरपालिका भित्र शिक्षा क्षेत्रमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु,
२. नगरपालिका भित्रका शिक्षा सम्बद्ध जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,

३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु,

### ६.१.४ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्नका लागि निम्न अनुसारको रणनीति कार्यान्वयन गरिने छ।

१. स्थानीय तह, प्रदेश र सङ्घीय सरकारबिच समन्वय र सहकार्य गरिने छ।
२. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ।
४. पालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख, सञ्चालन, व्यवस्थापन गर्न गाउँ शिक्षा समिति गठन पुनर्गठन गरी क्रियाशील गराइने गरिने छ।
५. शिक्षा क्षेत्रमा कार्य गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्न O&M सर्भे गराइ पुर्ति गरिने छ।
६. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ। सो को लागि शिक्षा शाखा अन्तर्गत निरीक्षण इकाइ बनाइ जनशक्ति व्यवस्थापन गरिने छ।
७. स्थानीय तहका कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ।
८. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।
९. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने।

**ख) प्रमुख नतिजा**

**१.** स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

### तालिका नं ३२

### शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य | निरन्तर | २ | २ | २ | २ | २ | १० | |
| २ | नगरपालिकाको शिक्षा नीति तर्जुमा | पटक | | १ | | | | १ | |
| ३ | नगरपालिकालाई आवश्यक शिक्षा ऐन नियम निर्देशिका मापदण्ड तथा कार्यविधि निर्माण | सङ्ख्या | | १० | १० | | | २० | |
| ४ | नगर शिक्षा समितिको गठन / पुनर्गठन | समिति | १ | | | | १ | १ | |
| ५ | शिक्षा क्षेत्रमा कार्य गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्न O&M सर्भे | पटक | | १ | | | | १ | |
| ६ | निरीक्षण इकाइ र स्थापना र कर्मचारी व्यवस्थापन | पटक | १ | | | | | १ | |
| ७ | शिक्षक सहायता कार्यक्रम Teacher Support Program | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ८ | शिक्षक कर्मचारी क्षमता विकास कार्यक्रम | जना | २० | २० | २० | २० | २० | १०० | |
| ९ | प्रधानाध्यापक कार्यसम्पादन करार | जना | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| १० | वि.व्य.स. शि.अ.स. सामाजिक परीक्षण समिति समेत को क्षमता विकास | जना | | ५५ | ५५ | ५५ | ५५ | २२० | |
| १२ | प्रधानाध्यापकहरूको क्षमता विकास | जना | ११ | ११ | ११ | ११ | ११ | ५५ | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

कुनै कार्यसम्पादन गर्नु अगाडिको महत्त्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ। कुन कुन कार्यहरू के कसरी गर्ने ? कहिले गर्ने ? कहाँ कहाँ गर्ने ? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो ? इत्यादि विषयवस्तुहरूको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ। पूर्व योजनाले भविष्यमा गरिने कामहरूलाई सहजीकरण गर्दछ। कार्य आरम्भ गर्नु अगाडि नै जन अपेक्षाहरू, स्रोत साधन अवस्था, मौजुदा ऐन नियमले गरेको कानुनी व्यवस्था आदि आधारमा योजना निर्माण गरीन्छ।

योजना निर्माण हुनु मात्र सबै कुरा होइन , यसको कार्यान्वयन पक्ष महत्वपूर्ण रहन्छ। योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरू कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ। कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचे अनुसार हासिल हुन सक्छ। सबैभन्दा जटिल र चुनौतिपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो। कार्यान्वयन सहज र सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरूले प्रतिफल दिन सक्छन्। योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरू तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुन: प्रारम्भ गर्ने बाटो खुल्छ।

सरोकारवालाहरूको सकारात्मक प्रयासबाट मात्र योजनाको सफल कार्यान्वयन हुन सक्छ। योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ। सम्बन्धित सङ्गठनहरू परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ। योजना कार्यान्यवनका लागि संघ, प्रदेश र स्थानीय तह सबैको भूमिका रहन्छ। योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ। योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्यकुशलतामा ध्यान दिनु पर्छ।

बेनी नगरपालिकाले तयार गरेको यो नगर शिक्षा योजनाको कार्यान्वयन प्रबन्ध के-कसरी मिलाउने भनी यस खण्डमा प्रष्ट पार्ने प्रयास गरिएको छ।

### ६.२.२ वर्तमान अवस्था

नेपालको संविधानले व्यवस्था अनुसार शैक्षिक योजनाहरू संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ।

स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरूको कार्य स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। स्रोत केन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन्। स्थानीय सरकार ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ वटा शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार तोकिएको छ। केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ। स्थानीय संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन्। मुख्यतया: नगरपालिका, त्यस अन्तर्गतका वडा कार्यालय, शिक्षा समिति, विद्यालयले तथा विद्यालयमा बन्ने विभिन्न समितिले विद्यालयका योजनाहरू कार्यान्वयन गर्दछन। योजना कार्यान्वयनमा विभिन्न खालका चुनौति तथा समस्याहरू कायमै रहेका छन्। कुशल व्यवस्थापनका लागि सङ्गठन संरचना तथा जनशक्ति अभावले प्रभावकारी

कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ। हालको व्यवस्थापन पक्षमा देखिएका चुनौति तथा समस्याहरू निम्न अनुसार छन्।

१. समयमै बजेट निकासा नहुनु
२. स्थानीय स्तरमा बन्ने एन नियम निर्देशिका कार्यविधि समयमै नबन्नु
३. स्थानिय सरोकारवालाहरूको क्षमतावृद्धि हुन नसक्नु
४. कार्यक्रम अनुगमन प्रभावकारी हुन नसक्नु ,
५. पुरानो प्रणालीबाट नयाँ प्रणालीमा प्रवेश गर्दा छुट्टै पद्धतिको विकास नहुनु,
६. जनशक्तिको अभाव हुनु,

### ६.२.३ उद्देश्य

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चिता गर्नु।

### ६.२.४ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि निम्न अनुसारका रणनीति तयार गरिएको छ।

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिने छ।
२. बजेट निर्माण गर्दा बजेट निर्माण मार्गदर्शन लगाएत नगरपालिकाको पञ्चवर्षीय आवधिक योजना र पञ्चवर्षीय शिक्षा क्षेत्र योजना समेतलाई आधार लिने प्रबन्ध मिलाईने छ।
३. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गरिने छ।
४. वार्षिक बजेट तथा कार्यक्रमको प्रत्येक वर्ष सरोकारवालाहरू बिच प्रबोधीकरण गरिने छ।
५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिने छ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने प्रबन्ध मिलाईने छ।
७. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गरिने छ।
८. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाइ सो को आधारमा विद्यालयमा अनुदान तथा कार्यक्रम प्रदान गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ।
९. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट र आफ्नै आम्दानी समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृत गर्ने र कार्यान्वयन गर्ने कार्यलाई अनिवार्य गराइने छ,
१०. आर्थिक वर्ष समाप्ति भएको १ महिना भित्रमा गत आ.व.को प्रगति समिक्षा विद्यालयले समेत गर्ने प्रबन्ध मिलाईने छ।

११. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
१२. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
१३. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

## ६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि निम्न अनुसार रहेको छ ।

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

**ख) नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा निम्न रहेको छ ।

२. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने छ ।

**६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

**तालिका नं ३३**

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

| क्र. सं | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | सङ्ख्या | ३ | ५ | ५ | ५ | ५ | २३ | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ५ | एकीकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |

| क्र. सं | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | वित्तिय व्यवस्था तथा खरिद प्रकृया बारे प्रधानाध्यापक र लेखा शिक्षकलाई तालिम | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | |
| ८ | विद्यालयको सामाजिक परीक्षणको समितिलाई क्षमतावृद्धि तालिम | जना | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ९ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहायता | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| १० | विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | २८० | |
| ११ | वार्षिक बजेट तथा कार्यक्रमको प्रगति समिक्षा (विद्यालय स्तर) | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| १२ | वार्षिक बजेट तथा कार्यक्रमको प्रगति समिक्षा (नगरपालिका स्तर) | नपा | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

## ७.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरीन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका

साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरीन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

## ७.२ वर्तमान अवस्था

बेनी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विषयगत विज्ञ समूहहरूबाट नगरपालिकाको शैक्षिक गतिविधिको अवलोकन मुल्याङ्कन नियमित रुपमा गरीदै आएको अवस्था छ । अनुगमन मुल्याङ्कनलाई जति समय र महत्व दिनुपर्ने हो सो अनुसार हुन सकेको अवस्था छैन । सघन अनुगमनका लागि पर्याप्त शैक्षिक जनशक्तिको अभाव हुनु र भएका अनुगमन मुल्याङ्कन पनि व्यवहारिक र वस्तुनिष्ठ हुन नसक्दा शैक्षिक गुणस्तर सुधारमा प्रभावकारी हुन सकेको अवस्था छैन् । अनुगमन मुल्याङ्कनका ठोस र वस्तुनिष्ठ साधनहरूको विकस गरी प्रभावकारी अनुगमन मुल्याङ्कन गर्नुपर्ने आवश्यकता छ । पछिल्लो समय विज्ञान र प्रविधिको पहुँच सँगै भौगोलिक कठिनाइ भएका विद्यालयमा अनलाईन तथा वैकल्पिक माध्यमबाट पनि अनुगमन मुल्याङ्कनलाई प्रभावकारी बनाउन सिकन्छ ।

## ७.३ उद्देश्यहरू

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

## ७.४ रणनीतिहरू

१. प्रभावकारी अनुगमनका लागि संयन्त्र निर्माण गर्ने ।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।
३. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
४. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
५. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
६. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
७. विद्यालय तथा शिक्षकको सुपरिवेक्षण तथा पेसागत सहयोगको संयन्त्रको व्यवस्था र सुदृढीकरण गर्ने
८. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित, आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने
९. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेस गरिने

## ७.५ उपलब्धि, नतिजा ,प्रमुख क्रियाकलाप र लक्ष्य

### क) उपलब्धि

योजनाको कार्यान्वयनबाट निम्नअनुसारका उपलब्धि हासिल हुने छन् ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

**ख) नतिजा**

यस योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा निम्न अनुसार रहेका छन ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

**तालिका नं ३४**

अनुगमन तथा मूल्याङ्कन

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण | संख्या | | १ | | | | १ | |
| ३ | मार्गदर्शन प्रबोधीकरण | पटक | | १ | | | | १ | |
| ४ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक | पटक | | १ | | | | १ | |
| ५ | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ६ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | |
| ७ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |
| ८ | स्थिति प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | कार्यक्रम कार्यान्वयन पुस्तिका निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | २७५ | |
| ११ | अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | समग्र कार्यक्रमअनुगमनको प्रतिवेदन तयारी र प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन | पटक | | | १ | | १ | २ | |

# परिच्छेद ८ : लगानी र स्रोत व्यवस्थापन

## ८.१ परिचय

देश विकासको लागि शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भनिन्छ। दिगो विकासका लागि राष्ट्रले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नुपर्दछ। नेपालले विभिन्न कालखण्डमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षामा लगानी वृद्धि गर्ने लक्ष्य लिएको छ।

नेपालमा बजेट निर्माणका चरणमा शिक्षा क्षेत्रको बजेट प्रमुख छलफलको विषय बन्ने गर्दछ। शिक्षामा राष्ट्रिय बजेटको २०% सम्म लगानी पुर्‍याउने लक्ष्य राखेको भए तापनि अहिलेसम्म उक्त लक्ष्य पूरा भएको पाइँदैन। अहिलेको विद्यालय क्षेत्र विकास योजनाको अन्त्यसम्ममा लगानी वृद्धि हुने आशा गर्न सकिन्छ।

संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गराउने, माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने र अपाङ्ग, महिला, जात तथा वर्ग विभेद नहुने गरी शिक्षालाई मौलिक हकका रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्न

राज्यको दायित्व हुने कुरा प्रस्ट पारेको छ । शिक्षा ऐन, नियम, राष्ट्रिय शिक्षा नीति – २०७६ र विद्यालय क्षेत्र विकास योजना २०७३ ले पनि यसै कुरालाई पछयाएको छ ।

विद्यालय शिक्षामा लगानी गर्नु संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकोले यस विषयमा विशेष ध्यान पुऱ्याउनुपर्दछ। तहगत सरकारबाट तोकिएको क्रियालापमा आधारित लगानी नगरी पूरक लगानीको उत्तरदायित्व सयन्त्र विकास गरी कार्यान्वयन गर्नु पर्दछ। परिमाणस्वरुप विद्यालयका शिक्षक तथा कर्मचारीको पारिश्रमिक र भौतिक निर्माण लगायतका कार्यमा सङ्घीय तहबाट वित्तीय हस्तान्तरणमार्फत उपलव्ध हुने सशर्त अनुदानका अतिरिक्त स्थानीय सरकारले आफ्नै स्रोतबाट समेत बजेट विनियोजन गर्ने अपेक्षा गरिएको छ।

## ८.२ वर्तमान अवस्था

बेनी नगरपालिकाको शिक्षामा लगानी मुख्य स्रोत सङ्घीय ससर्त अनुदान रहेको छ जुन सङ्घीय ससर्त अनुदान अन्तर्गत शिक्षकको तलब भत्ता, पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, प्रति विद्यार्थी लागत अनुदान, निःशुल्क स्यानेटरी प्याड वितरण, शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादन अनुदान, विद्यालय सञ्चालन व्यवस्थापन अनुदान, शैक्षिक पहुँच तथा अनौपचारिक शिक्षा लगाएतका शीर्षकमा बजेट व्यवस्थापन हुने गरेको अवस्था छ । प्रदेश सरकारबाट शिक्षामा कार्यक्रमगत बजेट सोझै विद्यालयसँग सम्झौता गरेर सञ्चालन हुने गरेको अवस्था छ भने स्थानीय सरकारबाट स्थानीय आवश्यकताका आधारमा शैक्षिक गुणस्तर सुधार, भौतिक व्यवस्थापन, सरोकारवलाको क्षमता विकास, अनुगमन, मुल्याङ्कन लगाएतका शीर्षकमा बजेट व्यवस्थापन गरेको अवस्था छ । विगत ५ वर्षको अवस्था विश्लेषण गर्दा नगरपालिकाको कुल बजेटको झन्डै ४५ प्रतिशत बजेट शिक्षामा छुट्टिने गरेको अवस्था छ । जसअन्तर्गत सङ्घीय सरकारबाट झन्डै ४१ प्रतिशत र स्थानीय तहबाट ४ प्रतिशत बजेट व्यवस्थापन हुने गरेको वर्तमान अवस्था छ । शैक्षिक गुणस्तर सुधारका लागि शिक्षामा सङ्घीय प्रदेश तथा स्थानीय सरकारबाट शैक्षिक लगानीमा वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ ।

स्थानीय तहले शिक्षामा लगानी प्रवर्द्धन तथा असल अभ्यासका कार्यक्रमहरू सञ्चालन गरेको अवस्था छ । बेनी नगरपालिकाबाट शिक्षामा गरेको असल अभ्यासमा We Can We do कार्यक्रम त्यस्तै विपन्न दलित विद्यार्थी तथा गणित, विज्ञान अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको अवस्था छ । स्थानीय तहसँग अन्य संघ संस्थाले लागत साझेदारी गरेको अवस्था भने छैन् ।

विगत तीन वर्षमा शिक्षा क्षेत्रमा भएको लगानीलाई सारांशमा देहाय अनुसार प्रस्तुत गरिएको छः

तालिका नं. ३५

**बजेटका स्रोत र रकम**

| ko | बजेटका स्रोत र रकम | | | |
|---|---|---|---|---|
| आव | संघीय सरकार | प्रदेश सरकार | स्थानीय तह (समानीकरण अनुदान र आन्तरिक स्रोतबाट) | अन्य क्षेत्र (उपलब्ध भएको अवस्थामा) |
| २०८१/८२ | २९८३४४००० | ३०००००० | ३०७९५००० | |
| २०८०/८१ | ३०३३६०००० | २५००००० | २००६५००० | |
| २०७९/८० | ३४२५७२००० | ३०००००० | ३४४२५००० | |

### ८.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
२. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ८.४ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
३. वार्षिक रूपमा कुल बजेटको अंसलाई क्रमश वृद्धि गर्ने ।
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
७. लागत साझेदारीमा आधारित कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गर्ने ।

## ८.५ उपलब्धि, नतिजा , क्षेत्रगत अनुमानित बजेट र स्रोत व्यहोर्ने निकाय

### (क) उपलब्धि

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु

### (ख) प्रमुख नतिजा

१.योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
२.उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

### (ग) ५ वर्षको लागि अनुमानित बजेट र स्रोत व्यहोर्ने निकाय

योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ ६ र ७ मा मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक बजेट निर्धारण गरिएको छ । क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपसिलको तालिकामा उल्लेख गरिएको छ।

## तालिका नं ३६

## क्षेत्रगत अनुमानित बजेट र स्रोत व्यहोर्ने निकाय

**बजेट रु लाखमा**

| क्र.स. | शिक्षाका उपक्षेत्र | कुल अनुमानित बजेट | स्रोत व्यहोर्ने निकाय | | | |
|---|---|---|---|---|---|---|
| | | | सङ्घीय सरकार | प्रदेश सरकार | नगरपालिका | अन्य |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ६८७ | ५०८ | ६९ | १०३ | ७ |
| २ | आधारभूत शिक्षा | १०६३५ | ७८७० | १०६४ | १५९५ | १०६ |
| ३ | माध्यमिक शिक्षा | ३८६५ | २८६० | ३८७ | ५८० | ३९ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ४२५ | ३१५ | ४३ | ६४ | ४ |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १९३ | १४३ | १९ | २९ | २ |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १५७ | ११६ | १६ | २४ | १.६ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २२७२ | १६८१ | २२७ | ३४१ | २२.७ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ८४ | ६२ | ८ | १३ | ०.८ |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ११३४ | ८३९ | ११३ | १७० | ११.३ |
| १२ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ७३ | ५४ | ७ | ११ | ०.७ |
| १३ | विद्यालय भौतिक पूर्वाधार विकास | १०६५ | ७८८ | १०७ | १६० | १०.७ |
| १४ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ५४१ | ४०० | ५४ | ८१ | ५.४ |
| १५ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ३७ | २७ | ४ | ६ | ०.४ |
| १६ | उच्च शिक्षा | ५४ | ४० | ५ | ८ | ०.५ |
| १७ | विद्यालय व्यवस्थापन (प्रधानाध्यापक समेत) | २७ | २० | ३ | ४ | ०.३ |
| १८ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ४८ | ३६ | ५ | ७ | ०.५ |
| १९ | अनुगमन तथा मूल्याङ्कन | ४० | ३० | ४ | ६ | ०.४ |
| | क्षेत्रगत कुल बजेट | २१३४४ | १५७९४ | २१३४ | ३२०२ | २१३ |

माथिको तालिकाअनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान गर्दा सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घ संस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत हिसाब गरी बजेटको तय गरिएको छ। बजेट अनुमान विगतका बजेट तथा कार्यक्रमलाई समिक्षा गर्दा संघबाट अनुमानित ७४ प्रतिशत प्रदेश सरकारबाट १० प्रतिशत स्थानीय तहबाट १५ प्रतिशत र अन्य संघ संस्था व्यक्ति तथा निकायबाट १ प्रतिशत बजेट प्राप्त हुने प्रवृत्ति रहेको देखिन आएकोले सोही बमोजिम बजेट अनुमान गरिएको छ ।

**तालिका नं. ३७**

वार्षिक अनुमानित बजेट

| क्र.स. | शिक्षाका उपक्षेत्र | कुल अनुमानित बजेट (५ बर्षको) | वार्षिक अनुमानित लागत (रू लाखमा ) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ६८७ | ११७ | १२९ | १३७ | १५३ | १५० |
| २ | आधारभूत शिक्षा | १०६३५ | २१११ | २१२४ | २१२७ | २१३६ | २१३८ |
| ३ | माध्यमिक शिक्षा | ३८६५ | ७४५ | ७८० | ७८० | ७८० | ७८० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ४२५ | ८५ | ८५ | ८५ | ८५ | ८५ |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १९३ | २३ | ३८ | ४५ | ४२ | ४५ |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १५७ | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २२७२ | ४५१ | ४५६ | ४५५ | ४५५ | ४५६ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ८४ | १६ | १७ | १७ | १७ | १७ |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ११३४ | १८६ | २०१ | २३१ | २५३ | २६३ |
| १२ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ७३ | २० | १९ | १७ | ९ | ९ |
| १३ | विद्यालय भौतिक पूर्वाधार विकास | १०६५ | ९१ | २६४ | २६४ | २६४ | १८४ |
| १४ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ५४१ | ५२ | १२२ | १२२ | १२२ | १२३ |
| १५ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ३७ | ५ | ९ | ८ | ७ | ७ |
| १६ | उच्च शिक्षा | ६२ | १२ | १३ | १३ | १३ | १३ |
| १७ | विद्यालय व्यवस्थापन (प्रधानाध्यापक समेत) | २७ | २ | ७ | ७ | ७ | ४ |
| १८ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ४८ | १० | १० | १० | १० | १० |
| १९ | अनुगमन तथा मूल्याङ्कन | ४० | ७ | ८ | ८ | ७ | ८ |
| | क्षेत्रगत कुल बजेट | २१३४४ | ३९६३ | ४३१२ | ४३५६ | ४३९० | ४३२३ |

## अनुसूची १

### योजना निर्माणमा आधार लिइएका र अध्ययन गरिएका दस्तावेजहरूको सूची


१. नेपालको संविधान, २०७२

२. शिक्षा ऐन, २०२८ (संशोधन सहित)

३. शिक्षा नियमावली २०५९ (संशोधन सहित)

४. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा ऐन, २०७५

५. अनिवार्य-तथा-निःशुल्क शिक्षा-सम्बन्धी-नियमावली-२०७७

६. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८

७. सोह्रौँ आवधिक योजना २०८१/८२-२०८५/८६)

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

९. CEHRD Flash Report, 2023/2024

१०. School Education Sector Plan final 2022.

११. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

१२. स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ ( परिमार्जन तथा अद्यावधिक संस्करण २०८१)

१३. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

१४. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

१५. बेनी नगरपालिकाको नगर आवधिक विकास योजना २०७८ देखि ८२ सम्म

१६. स्थानीय तहको मध्यमकालिन खर्च संरचना

१७. राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

१८. दिगो विकास लक्ष्य, २०३० र राष्ट्रिय कार्यढाँचा

१९. राष्ट्रिय शिक्षा नीति २०७६

२०. शिक्षाको सोचपत्र, २०७९

२१. विद्यालय शिक्षा क्षेत्र योजना, २०२२-२०३२

२२. बृहत विद्यालय सुरक्षा सञ्चार रणनीति, २०७५

२३. विद्यालय शिक्षाको एकीकृत समता रणनीति सन्- २०१४

२४. बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति- २०८०

२५. बालमैत्री विद्यालय रास्ट्रिय प्रारूप,२०६७

२६. प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७, प्रथम संशोधन २०७५

२७. विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८०

२८. सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६

२९. विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८०

३०.अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८०

३१.अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५

३२.पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

३३.विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९

३४.नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४

३५.बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८०

३६. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८०

३७. विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायता निर्देशिका, २०८०

३८.विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०

३९.बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि,२०७५

४०.स्यानिटरी प्याड सम्बन्धी कार्यविधि, २०७६

४१. सिकाइ चौतारी (Learning Portal) विकास, सञ्चालन, प्रयोग र सम्भार कार्यविधि, २०७८

४२.विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८

४३.सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८

४४.विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७

४५.विभिन्न विद्यालयका विद्यालय सुधार योजनाहरू